राक्सिराङ्ग गाउँपालिकाको

# स्थानीय शिक्षा योजना

## (Local Education Plan)

२०८०/०८१-२०८४/०८५

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चैनपुर, मकवानपुर
वाग्मती प्रदेश, नेपाल
मङ्सिर, २०८०

# पूर्वकथन

## भूमिका

मकवानपुर जिल्लाको पश्चिमी उत्तर भागका ४ वटा साविक गा.वि.स.हरु राक्सिराङ्ग, काँकडा, खैराङ्ग र सरिखेत मिलाई नेपाल सरकारको मिति २०७३/११/२७ को निर्णयले राक्सिराङ्ग गाउँपालिका गठन भएको हो । यस गाउँपालिकाको २५९९६ (राष्ट्रिय जनगणना, २०७८), ३०८३० (घरधुरी सर्वेक्षण २०७५, राक्सिराङ्ग गा.पा.) कुल क्षेत्रफल २२६.७ वर्ग कि.मि. र जनघनत्व १३५.७२ प्रति व्यक्ति वर्ग कि.मि.छ । यसको पूर्वमा हेटौडा उप-महानगरपालिका र कैलाश गाउँपालिका, पश्चिममा चितवन जिल्लाको राप्ति नगरपालिका, दक्षिणमा मनहरी गाउँपालिका र उत्तरमा कैलाश गाउँपालिका र धादिङ्ग जिल्लाको बेनिघाट रोराङ्ग गाउँपालिका पर्दछ । आदिवासी र अल्पसंख्यक चेपाङ समुदायको बाहुल्यता रहेको यो भूगोल पृथक सभ्यता, संस्कृति र सम्भावनाको भूमि हो । प्रस्तुत पाँच वर्षीय स्थानीय शिक्षा योजना(२०८०/०८१-२०८४/०८५) गाउँपालिकाको स्थानीय शिक्षा योजना हो ।

नेपालको संविधान स्थानीय सरकार सञ्चालन ऐन लगाएतका मौजुदा ऐन कानूनद्वारा प्रदत्त अधिकार प्रयोग गरी गाउँपालिकाले यो योजना निर्माण गरिएको हो । योजनाको पहिलो परिच्छेदमा राक्सिराङ्ग गाउँपालिकाको पृष्ठभूमि अन्तर्गत यस गाउँपालिकाको भोगोलिक अवस्थित, जनसाङ्ख्यिक संरचना, सामाजिक साँस्कृतिक अवस्था, आर्थिक अवस्था, शैक्षिक अवस्था आदि उल्लेख गरिएको छ ।साथै उक्त परिच्छेदमा शिक्षा क्षेत्रका मूख्य समस्या, अवसर तथा चूनौतीहरु साथै योजना निर्माण/ तर्जुमा प्रक्रिया समेत उल्लेख गरिएको छ।दोस्रो परिच्छेदमा योजनाको दुरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनितिहरु एवम् अपेक्षित उपलब्धीलाई उल्लेख गरिएको छ ।परिच्छेद तीनमा शिक्षा क्षेत्रका विविध उपक्षेत्रहरु प्रारम्भिक वालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, पाठ्यक्रम र मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाई, प्राविधिक तथा व्यावसायिक शिक्षाको विषयमा उल्लेख गरिएको छ ।
योजनाको परिच्छेद ४ मा शैक्षिक समता र समावेशीकरण, दिवाखाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम, आपतकालिन तथा संकटपूर्ण अवस्थामा शिक्षा, विद्यालयको भौतिक पूर्वाधार विकास, विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विषय उल्लेख गरिएको छ ।
योजनाको परिच्छेद पाँचमा संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध, अनुगमन तथा मूल्याङ्कन र परिच्छेद छ मा लगानी र स्रोत व्यवस्थापन, परिच्छेद सात मा मूख्यउपलब्धी सूचक र परिच्छेद आठमा साराशं निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ ।
यस गाउँपालिकाको सन्दर्भमा प्राथमिक तह सम्ममा पढाइ गर्ने र माथिको पढाइलाइ निरन्तरता नदिने, विद्यालयमा माथिल्लो तहमा भर्नादर घट्दो दरमा रहेको र विचमै पढाइ छोड्ने दर बढ्दो क्रममा रहनु आदिलाई मुख्य समस्याको रुपमा औल्याईएको छ भने विद्यालयमा विद्यार्थिको संख्या बृद्धि गर्न स्थानिय क्षेत्रका कला, संस्कृति, भाषा, भेषभुषा लगायत क्षेत्रको बारेमा जानकारी गराइ स्थानीय स्तरसुहाउदो पाठ्यक्रम निर्माण गरि पठनपाठन कार्य अगाडी बढाईनु सबल पक्षको रुपमा लिईएको छ भने २०७२ सालको भुकम्प पश्चात भौतिक पूर्वाधारको ब्यापक विकास भएको, आवश्यक पर्ने प्राविधिक साधनहरुको उपलब्धता भएको प्रविधिक, जिविकोपार्जन तथा आर्थिक उपार्जन गर्ने शिक्षा स्थानीय तहबाट लिन सक्ने व्यवस्था रहेको, प्रविधिक शिक्षा प्रणालिका लागि संघ,

प्रदेश तथा स्थानीय तहबाट कार्यक्रम सञ्चालन भइरहेको र आवश्यक पर्ने शिक्षकहरुको व्यवस्थापन शिक्षक सेवा आयोगद्वारा क्रमिक रुपमा भइरहनुलाई अवसरको रुपमा लिईएको छ ।

विद्यार्थिलाइ तथा शिक्षकलाइ स्थानीय तहमानै टिकाइ रहन चुनौति छ । भरपर्दो विद्युत सेवा, सञ्चार सेवा अभाव, प्रविधियुक्त शैक्षिक प्रणाली लागु गर्न आवश्यक पूर्वाधारको कमीले कठिनाइ भैरहेको छ । प्रविधि युक्त शैक्षिक प्रणाली अपनाउन जनशक्तिको अभाव रहेको छ । समुदायमा शिक्षा सम्बन्धि जनचेतना जस्ता कार्यक्रम सहजै सञ्चालन गर्न कठिन रहेको छ ।

योजनाले २१ औं शताब्दीको लागि समय सुहाँउदो प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने उद्देश्यले *"राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको, प्रतिस्पर्धि र प्रविधिमैत्री शिक्षा"* दुरदृष्टि बनाएको छ भने *"विद्यालय शिक्षालाई प्रविधियुक्त आधुनिक तथा प्रतिस्पर्धि मुलक बनाइ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको सिपमुलक तथा दक्ष सभ्य जनशक्ति उत्पादन गर्ने"* दिर्घकालिन लक्ष्य राखिएको छ । समावेशी, समतामुलक, बालमैत्री, अपाङ्गमैत्री र भेदभाव रहित विद्यालय शिक्षामा सबैको सहज पहुँच सुनिश्चित गर्नु, आवश्यक पर्ने भौतिक पुर्वाधारको निर्माण गरी गुणस्तरीय शिकाइको अवस्था निर्माण गर्नु, प्रविधिमैत्री शिक्षा प्रणालीका लागि आवश्यक पर्ने मानवीय तथा भौतिक स्रोत साधन व्यवस्थापन गरी प्रभावकारी प्रयोगको सुनिश्ति गर्नु जस्ता उद्देश्यहरु राखिएको छ भने सो उद्देश्यहरु पूर्तिको लागि आवश्यक पर्ने भौतिक निर्माणका लागि संघ, प्रदेश तथा स्थनीय तहबीच सहकार्य गरी बजेटको ब्यबस्थापन गरिने, विद्यालयलाइ प्रविधि मैत्री बनाउन विभिन्न संघ संस्था सरकारी तथा गैरसरकारी संस्थालाइ सहयोगका लागि अनुरोध गरिने जस्ता कार्यनीतिहरु शिक्षा योजनाले तय गरिएको छ ।

शिक्षा योजनामा शिक्षा क्षेत्रका विविध उपक्षेत्रहरु साथै विद्यालय शिक्षामा सहभागिता समावेशिता तथा सूशासन, आपतकालिन अवस्थामा शिक्षा, विद्यालय स्वास्थ्य तथा दिवा खाजा, विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिको लागि सिकाईमा प्रविधिको प्रयोग शिक्षाका महत्वपूर्ण अन्तरसम्बन्धित विषयबस्तुको समेत विस्तृत लक्ष्य, उद्देश्य,रणनीति तथा कार्यनीतिहरु समेत तय गरिएको छ भने सोही बमोजिमका क्रियाकलाप तथा बजेट र स्रोतको पूर्वानुमान गरिएको छ ।

योजनामा बजेट पूर्वानुमान गर्दा विगतका समयमा गाउँपालिकाले संकलन गर्ने आन्तरिक राजस्व, गाउँपालिकालाई विभिन्न तहका सरकारबाट प्राप्तहुने विभन्न अनुदानको प्रवृत्ति तथा मूल्य अभिवृद्धि जस्ता विषयबस्तुलाई मध्यनजर गरी बजेट अनुमान तथा स्रोतको अनुमान गरिएको छ । यस योजना अनुसार योजनाको अन्त्य सम्म १० वर्षको लागि रु. १ अर्ब ८४ करोड सोह्र लाख सतचालिस हजार र पाँच वर्षकोलागि रु. ८५ करोड ५४ लाख ८९ हजार बजेटको अनुमान गरिएको छ र सो बजेटको स्रोतको रुपमा सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय आन्तरिक स्रोत तथा विभिन्न गैर सरकारी संघसस्थाहरुलाई अनुमान गरिएको छ ।

राक्सिराङ्ग गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चैनपुर, मकवानपुर

पत्र सं.:२०८०/०८१

च.नं.

## मेरो भनाई



*राजकुमार मल्ल*
*गाउँपालिका अध्यक्ष*

राक्सिराङ्ग गाउँपालिकाले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगाएतका मौजुदा ऐनहरुले प्रदान गरिएको अधिकारलाई प्रयोग गरी पाँच वर्षे स्थानीय शिक्षा योजना निर्माण कार्य गरिएको छ । विद्यालय तहको शिक्षाको व्यवस्थापकीय जिम्मेवारी स्थानीय तहमा आएपछि यस गाउँपालिका अन्तर्गत सञ्चालित सम्पुर्ण विद्यालयहरुको अभिभावकीय जिम्मेवार प्रदान गर्ने सन्दर्भमा यस गाउँपालिकाक समग्र विद्यालय शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्ने उद्देश्यले स्थानीय शिक्षा योजना निर्माणको अभियानमा जुटेका छौं ।
यस गाउँपकालिकाको समानुपातिक,समाबेशी र सहभागितामुलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने सङ्कल्पलाई मध्यनजरमा राखेर युनेस्को नेपालको प्राविधिक सहयोगमा यस गाउँपालिकाको स्थानीय शिक्षा योजना निर्माण गर्ने अवसर प्राप्त हुँदा मलाई अत्यन्तै खुसी लागेको छ । योजना निर्माणको क्रममा यस गाउँपालिकालाई प्राविधिक तथा विज्ञ सहयोग प्रदान गर्नुहुने योजना निर्माण विज्ञ सल्लाहकार नेपाल सरकारका पूर्व उपसचिव श्री प्रल्हाद अर्याल ज्यू लगाएत योजना निर्माणका सन्दर्भमा स्थलगत रुपमा खट्ने देखि लिएर योजना लेखन सम्मको कार्यमा खटिनुहुने योजना निर्माण तथा योजना लेखन दल र सम्बन्धित सबै कर्मचारीहरु र युनेस्को नेपाल पनि धन्यवादका पात्रहरु हुनहुन्छ ।

शिक्षा विकासको पुर्वाधार हो ।प्रतिस्पर्धी, वैज्ञानिक र आधूनिक वर्तमान परिप्रेक्ष्यमा विश्ववजारमा प्रतिस्पर्धा गर्न सकिने र समाज, देश तथा विश्वकै लागि योगदान दिन सकिने असल र सभ्य नागरिक उत्पादन गर्ने अहिलेको शिक्षा पद्धतिको लक्ष्य हुनुपर्दछ । यसै सन्दर्भलाई मध्यनजर गर्दै यस गाउँपालिकाले विद्यालय शिक्षाका विविध आयामहरुमा योजनाबद्ध सुधारका लागि स्थानीय शिक्षा योजना तर्जुमा गरेका छौं ।

राक्सिराङ्ग गाउँपालिका वडा नं ८ का वडाध्यक्ष तथा सामाजिक विकास समिति संयोजक श्री युसाई प्रजाको संयोजकत्व मा गठित स्थानीय शिक्षा योजना निर्माण समिति तथा यस कार्यालयका प्रमुख प्रशासकीय अधिकृत श्री देब चन्द्र गर्तौला ज्यूको संयोजकत्त्वमा गठित योजना लेखन दलले , योजना निर्माणको प्रारम्भिक अभिमुखीकरण कार्यक्रम सामुदाय स्तरमा सुझाव सङ्कलन जस्ता योजना निर्माणका विविध चरणहरु पार गरेर स्थानीय योजना निर्माण कामलाई सफलता पूर्वक सम्पन्न गरेकोमा यस कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सबै जनप्रतिनिधी, समाजसेवी, बुद्धिजिवी, शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा सम्पूर्ण सरोकारवालाहरुमा धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा शिक्षा क्षेत्रमा गरिने क्रियाकलापहरुमा स्थानीय शिक्षा योजना बमोजिम व्यवस्थित गर्दै लगिने र योजना बमोजिमका शैक्षिक लक्ष्य उपलब्धी हाँसिल गर्न गाउँपालिका सदैब तत्पर रही बालवालिकाको समय र माटो सुहाउँदो गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार साकार पार्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

स्थानीय शिक्षा योजना निर्माण एक महत्वपर्ण उपलब्धीको रुपमा लिएको छु साथसाथै यसको निर्माण सँगसँगै यसको कार्यन्वयनको पक्ष झन महत्वपूर्ण हुने कुरालाई हृदयङ्गम गर्दै योजनामा उल्लेखित विविध लक्ष्य तथा उद्देश्यहरु प्राप्तिका

लागि आगामी दिनहरुमा योजनाको प्रभावकारी कार्यान्वयन, स्रोत व्यवस्थापनको लागि सम्बन्धित निकायसँग सहकार्य र पहल, कार्यक्रमहरुको आवश्यक अनुगमन मूल्याङ्कनलाई समेत विशेष प्राथमिकताका दिने प्रतिबद्धता समेत व्यक्त गरेन चाहान्छु ।

# विषयसूची


परिच्छेद : १ ........ १

१.१ गाउँपालिकाको पृष्ठभूमि ........ २

१.२ शिक्षा क्षेत्रका मुख्य समस्याहरु : ........ ७

१.३ शिक्षा क्षेत्रमा रहेका अवसरहरु : ........ ९

१.४ शिक्षा क्षेत्रमा रहेका चुनौतिहरु : ........ ९

१.५ योजना तर्जुमा विधि र प्रक्रिया ........ ९

परिच्छेद : २ ........ १२

२.१ दुरदृष्टिः ........ १२

२.२ लक्ष्य : ........ १२

२.३ उद्देश्यः ........ १२

२.४ रणनीतिहरुः ........ १२

२.५ कार्यनीति : ........ १२

२.६ अपेक्षित उपलब्धिः- ........ १३

परिच्छेद :३ ........ २०

३.१ प्रारम्भिक बालविकास र शिक्षा ........ २०

३.२ आधारभूत शिक्षा ........ २७

३.३ माध्यमिक शिक्षा ........ ३४

३.४ पाठ्यक्रम र मुल्यांकन ........ ४१

३.५ शिक्षक व्यवस्थापन र विकास ........ ४५

३.६ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाई ........ ४८

३.७ प्राविधिक तथा व्यावसायिक शिक्षा ........ ५१

परिच्छेद-४ ........ ५५

४.१ शैक्षिक समता र समावेशीकरण ........ ५५

४.२ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम ........ ५८

४.३ आपतकालिन तथा संकटपूर्ण अवस्थामा शिक्षा ........ ६३

४.४ विद्यालयको भौतिक पूर्वाधार विकास ........ ६५
४.५ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ ६८
परिच्छेदः ५ ........ ७१
५.१ संस्थागत क्षमता विकास ........ ७१
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ ७४
५.३ अनुगमन तथा मुल्याङ्कन ........ ७६
परिच्छेदः ६ ........ ७८
६.१ परिचय ........ ७९
६.२ वर्तमान अवस्थाः- ........ ७९
६.३ उद्देश्यहरुः- ........ ७९
६.४ रणनीतिहरुः- ........ ७९
६.५ उपलब्धि,नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्यः- ........ ८३
परिच्छेदः ७ ........ ९३
परिच्छेदः ८ ........ १००
८.१ सारांश, निष्कर्ष र सुझाव ........ १००

# तलिका सूचि

नक्सा नं. १ः राक्सिराङ्ग गाउँपालिका नक्सा ........ १
तालिका नं. १ः २०७८ को जनगणना अनुसार जनसाङ्खिकि अवस्था........ ३
तालिका नं. २ः विद्यालयको संख्या........ ४
तालिका नं. ३ः तहगत दरबन्दी विवरण........ ५
तालिका नं. ४ः विभिन्न उमेर समुहका जनसंख्या........ ६
तालिका नं. ५ः विभिन्न तहको विद्यार्थी संख्या........ ६
चार्ट नं. १ः साक्षरताको अवस्था........ ७
तालिका नं. ६ः छात्रबृत्तिको अवस्था ........ ८
तालिका नं. ७ः मुख्य-मुख्य  कार्य सम्पादन सूचक र लक्ष्य निर्धारण........ १३
तालिका नं. ८ःप्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण........ २२
तालिका नं. ९ः तहगत विद्यार्थी संख्या........ २८
तालिका नं. १०ःआधारभूत तहमा शिक्षक दरवन्दी विवरणः........ २८
तालिका नं. ११ःआधारभूत तह कक्षा ८ सिकाई उपलब्धी (शैक्षिक सत्र २०७९)........ २९
तालिका नं. १२ःप्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण........ ३१
तालिका नं. १३ः तहगत विद्यालय विवरण राक्सिराङ्ग गाउँपालिका,२०७९ ........ ३५
तालिका नं. १४ः माध्यमिक तह दरवन्दी विवरण ........ ३५
तालिका नं. १५ः माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा २०७८ को केही विषयको औषत सिकाइ उपलब्धि३६
तालिका नं. १६ः माध्यामिक तहमा जातिगत विद्यार्थी संख्या........ ३६
तालिका नं. १७ः प्रमुख क्रियालाप र लक्ष्य निर्धारण........ ३८
तालिका नं. १८ः लेटर ग्रेडिङ्ग पद्धति २०७८ ........ ४२
तालिका नं. १९ः प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण........ ४४
तालिका नं. २०ः तहगत दरबन्धी विवरण ........ ४५
तालिका नं. २१ः प्रमुख कृयाकलापहरु र लक्ष्य निर्धारणः........ ४७
तालिका नं. २२ः प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण :........ ५०
तालिका नं. २३ः प्रमुख क्रियाकलाप र लक्ष्यः........ ५३
तालिका नं. २४ः प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण........ ५६
तालिका नं. २५:  मुख्य क्रियाकलापहरु र लक्ष्य निर्धारण........ ६०
तालिका नं. २६ः प्रमुख कृयाकलापहरु र लक्ष्य निर्धारण........ ६४

तालिका नं. २७: विद्यालयको भौतिक विवरण ........................................................................ ६५
तालिका नं. २८: प्रमुख कृयाकलापहरु र लक्ष्य निर्धारण ......................................................... ६८
तालिका नं. २९: प्रमुख क्रियाकलाप र लक्ष्यः .......................................................................... ७०
तालिका नं. ३०: प्रमुख क्रियाकलाप र लक्ष्यः .......................................................................... ७३
तालिका नं. ३१: प्रमुख क्रियाकलाप र लक्ष्यः .......................................................................... ७५
तालिका नं. ३२: प्रमुख क्रियाकलाप र लक्ष्यः .......................................................................... ७७
तालिका नं. ३३: प्रमुख क्रियाकलाप र लक्ष्यः .......................................................................... ८०
तालिका नं. ३४: बजेटको सारांश ........................................................................................ ९२
तालिका नं. ३५: संभाव्य स्रोत मध्येः .............................................. ड्ढ□□द्ध□! ख्द्धद्धण्त्तक□ण थ्द्धरू घ्ङ्खछ्र्थ्ङ्घ.
तालिका नं. ३६: मुख्य उपलब्धि सूचकहरु ................................................................................ ९३

<u>चार्ट सूची</u>

चार्ट नं. १: साक्षरताको अवस्था .................................................................................................. ७

<u>नक्सा सूची</u>

नक्सा नं. १: राक्सिराङ्ग गाउँपालिका नक्सा ................................................................................. १

# सङ्क्षिप्त शव्दहरूको विस्तृतीकरण स्वरूप

| | |
|---|---|
| IEMIS | :Integrated Educational Management Information System. |
| वि.सं. | :विक्रम संवत |
| आ.व. | :आर्थिक वर्ष |
| प्रा.वि. | :प्राथमिक विद्यालय |
| आ.वि. | :आधारभूत विद्यालय |
| मा.वि. | :माध्यमिक विद्यालय |
| प्र.अ. | :प्रधानाध्यापक |
| वि.व्य.स. | :विद्यालय व्यवस्थापन समिति |
| एस.एल.सी (SLC) | :School Leaving Certificate |
| एस.ई.ई.(SEE) | :School Education Examination |
| IIEP- | :International Institute for Educational Planning |
| UNESCO | :United Nations Educational, Scientific and Cultural Organization |
| ICT | :Information Communication Technology |
| ECED | :Early Child Education and Development. |
| SESP | :School Education Sector Plan. |

# परिच्छेद : १

## परिचय

### १. परिचय

नेपालको संविधान २०७२ अनुरुप देश संघिय शासन ब्यवस्थालाइ आत्मसात गर्दै तीन तहको राज्य संरचनाको परिकल्पना गरेको छ । जसमा संघ, प्रदेश र स्थानीय सरकार रहि तिन तहको शासन व्यबस्था अपनाइएको छ । जसमध्ये स्थानीय को सन्निकटतामा रहेर विकेन्द्रीकरणको सिद्धान्त प्रभावकारी तथा ब्याबहारिक उपयोग गरी नियमित, विकासात्मक कार्य गर्न सरकारकोरुपमा स्थानीय तह रहेको छ ।नेपालमा रहेका ७५३ वटा स्थानीय तह मध्ये मकवानपुरमा १० वटा रहेको, जसमध्ये राक्सिराङ्ग गाउँपालिका पनि एक हो । मकवानपुर जिल्लाको पश्चिमी उत्तर भागका ४ वटा साविक गा.वि.स.हरु राक्सिराङ्ग, काँकडा, खैराङ्ग र सरिखेत मिलाई नेपाल सरकारको मिति २०७३/११/२७ को निर्णयले राक्सिराङ्ग गाउँपालिका गठन भएको हो ।९ वटा वडाहरुमा विभाजित यस गाउँपालिकाको जनसङ्ख्या २५,९९६ (राष्ट्रिय जनगणना, २०७८), कुल क्षेत्रफल २२६.७ वर्ग कि.मि. र जनघनत्व ११५ (राष्ट्रिय जनगणना, २०७८) व्यक्ति प्रति वर्ग कि.मि. छ । यसको पूर्वमा हेटौडा उप-महानगरपालिका र कैलाश गाउँपालिका, पश्चिममा चितवन जिल्लाको राप्ति नगरपालिका, दक्षिणमा मनहरी गाउँपालिका र उत्तरमा कैलाश गाउँपालिका र धादिङ्ग जिल्लाको बेनिघाट रोराङ्ग गाउँपालिका पर्दछ । राक्सिराङ्ग गाऊँ पालिकाको भौगोलिक अवस्थिती देखिने नक्शा यसप्रकार रहेको छः-

नक्सा नं. १ः राक्सिराङ्ग गाउँपालिका नक्सा



## १.१ गाउँपालिकाको पृष्ठभूमि

### क. भौगोलिक अवस्थिति

यस गाउँपालिकाको भौगोलिक अवस्थिती उत्तरी अक्षांशः 27°32’53.19”NL र पूर्वी देशान्तर : 84°50’39.13”EL मा रहेको छ । आदिवासी र अल्पसंख्यक चेपाङ समुदायको बाहुल्यता रहेको यो भूगोल पृथक सभ्यता, संस्कृति र सम्भावनाको भूमि पनि हो ।

भौगोलिक विविधतासँगै यहाँको हावापानी पनि मौसम अनुरुप फरक/फरक रहेको छ । पहाडको तल्लो भाग (बेसी) क्षेत्रमा उष्ण, पहाडी भेगमा समशितोष्ण र महाभारत पहाड क्षेत्रमा शितोष्ण प्रकारका हावापानी पाइन्छन् । साधारणतया जेष्ठको अन्त्यमा र असार देखि भाद्र महिनासम्म मनसूनको प्रभावले पर्याप्त वर्षा हुन्छ भने पुष माघ तिर उत्तरी वायुको प्रभावले पर्याप्त वर्षा हुन्छ । यस क्षेत्रको तापक्रम गर्मी याममा सामान्यतया अधिकतम ३५ डिग्री सेल्सियस सम्म र जाडोमा न्युनतम ५ डिग्री सेल्सियससम्म तथा औषतमा १८ डिग्री सेल्सियस तापक्रम रहने गरेको छ ।यो गाउँपालिका समुन्द्री सतहबाट ३०० मिटर उचाईदेखी २३०० मिटरको उचाई सम्म फैलिएको छ ।वडा नं. ३ अन्तरगत अवस्थित जलपरी झरना, चमेरो गुफा, भर्याङ्गकालिका, वडा नं. ५ अन्तर्गत रहेको लालपार्क, निर्माणधीन चेपाङ्ग संग्रहालय तथा कोशेली घर, वडा नं. ७ अन्तर्गत अवस्थित महादेव गुफा, लङ्का डाँडा, वडा नं. ९ खैराङ्ग अन्तर्गत अवस्थित प्वाकल गुफा, भिम्बुङ्ग डाडा, वडा नं. ४ मा अवस्थित गुप्तेश्वर महादेव गुफा, वडा नं. ८ मा अवस्थित भामडोरी झरना आदि यस गाउँपालिका अन्तर्गत रहेका प्रमुख पर्यटकीय स्थलहरु हुन् ।

### ख. जनसाङ्ख्यिक संरचना

राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार यस गाउँपालिकाको कुल जनसङ्ख्या २५,९९६ जना रहेको छ, जसमा महिला १२,७९५ (४९.२%) र पुरुष १३,२०१ (५०.८%), महिला पुरुष अनुपात १०३.१७, औषत परिवार सदस्य संख्या ५.१५ रहेको छ भने जनघनत्व ११५ व्यक्ति प्रति बर्ग किलोमिटर र जम्मा घरपरिवार संख्या ५,०४४ रहेको छ ।वडागत रुपमा सबै भन्दा बढी जनसङ्ख्या (३,६३७) ३ नं. वडामा र सबै भन्दा कम जनसङ्ख्या (२,१५८) २ नं वडामा बसोबास गर्ने गरेको पाईन्छ ।

उमेर समुहगत रुपमा हेर्दा ०-१४ वर्ष उमेर समुहका जनसंख्या ८,६२६ (३३.२%) १५-५९ वर्ष उमेर समुहका जनसंख्या १५,०१९ (५७.८%) र ६० बर्ष भन्दा माथिका जनसंख्या २,३५१ (९.०%) रहेको छ ।

यसै गरी यस गाउँपालिकामा १०-१४ वर्ष उमेर समुहका जनसंख्या सबभन्दा धेरै (३,०८५), ९५+ उमेर समुहका जनसंख्या सबैभन्दा कम (१४) जना रहेको तथ्यांकले देखाएको छ ।यसै गरी यस गाउँपालिकाको जनसंख्या वृद्धिदर -०.७४ प्रतिशत रहेको राष्ट्रिय जनगणना २०७८ को तथ्यांकले देखाएको छ ।

तालिका नं. १: २०७८ को जनगणना अनुसार जनसाङ्खिकि अवस्था




*स्रोतः- राष्ट्रिय जनगणना २०७८*

**ग. सामाजिक तथा सांस्कृतिक अवस्था**

यस गाउँपालिकामा तामाङ्ग र चेपाङ्ग समुदायको बाहुल्यता रहेको छ । गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५, को तथ्यांक अनुसार यस गाउँपालिकामा तामाङ ५१.८%, चेपाङ ३७%, क्षेत्री ६.१%, दलित २.५%, मगर १.५%, नेवार ०.७%, ब्राम्हण ०.३% रहेको छ ।

धर्मको आधारमा जनसंख्या बनौटलाई हेर्दा यस गाउँपालिका बौद्ध, इसाई तथा हिन्दु धर्मावलम्बीहरुको वसोबास भएको पाईन्छ ।सबै भन्दा बढी बौद्ध धर्मावलम्बी (४५%) त्येस पछि इसाई धर्मावलम्वी (३०%) र हिन्दु धर्मावलम्बी (२५%) रहेको गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५ ले देखाएको छ । यस गाउँपालिका अन्तर्गत विभिन्न आदिवासी जनजातिहरुको बसोबास रहेकोले सोही अनुसार भाषा बोल्ने मानिसहरु रहेका छन् । भाषाको आधारमा जनसंख्यालाई बर्गीकरण गर्दा सबै भन्दा बढी तामाङ्ग (४६%), त्येसपछी चेपाङ्ग (३३%), नेपाली (१८%), मगर (१%) र अन्य भाषा बोल्ने (१%) रहेको गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५ ले देखाएको छ । विशेष गरी यस गाउँपालिका अन्तर्गत चेपाङ्ग जातिहरुले प्रकृति पुजा, छोनाम (न्वागी), नामरुङ्ग (आईतबारे पुजा), भुमी पुजा, भार पूजा (भार पाइक्सा) जस्ता चाडपर्वहरु मनाउने गर्छन भने तामाङ्गहरुले सोनाम ल्होछार, बुद्ध जयन्ती, माघे संक्रान्ति, जस्ता चाडपर्वहरु मनाउने गर्छन साथै यहाँ  दशैं, तिहार, होली, खीष्टमस, साउने संक्रान्ति जस्ता चाडपर्वहरु पनि मनाउने गर्छन् ।

तामाङ्ग समुदायमा बच्चा जन्म संस्कार थाम्साङ्ग (न्वारन), अन्नप्राशन, छेवार जस्ता संस्कारहरु तथा ब्रेलसाङ्ग (विवाह) संस्कार र मृत्यु संस्कार, घेवा लामा गुरुबाट बौद्ध धर्मशास्त्र अनुसार गर्ने चलन छ ।त्यसै गरी चेपाङ्ग समुदायमा पनि जन्म, विवाह तथा मृत्यु संस्कारहरु चेपाङ्ग परम्परा अनुसार गर्ने गर्छन् ।

## घ. आर्थिक अवस्था

यस गाउँपालिका अन्तर्गत बसोबास गर्ने मानिसहरु बिशेष गरी कृषि तथा पशुपालनमा संलग्न रहेका छन् । त्यसैगरी नोकरी/जागिर, उद्योग तथा व्यवसाय, वैदेशिक रोजगारीमा संलग्न व्यक्तिहरु समेत यस गाउँपालिकामा प्रशस्त रहेका छन् ।यहाँका अधिकांश जनसंख्या जीविकोपार्जनको लागि परम्परागत कृषि पेशामा नै निर्भर रहेका छन् । तर कृषि पेशामा पनि व्यावसायिक रुपमा लागेको कमै रहेका छन् । यो गाउँपालिका पर्यटन व्यवसायको राम्रो सम्भावना भएको गाउँपालिका हो । स्तरीय सडकको अभाव, भौगोलिक विकटता जस्ता समस्याले गर्दा यहाँका कतिपय पर्यटकीय तथा धार्मिक सांस्कृतिक र प्राकृतिक सौन्दर्य एवं महत्वका स्थानहरु ओझेलमा परेका छन् ।यसै गरी यहाँ सुन्तला, आँप, लिची, केरा, नासपती जस्ता फलफुलहरु को लागि उपयुक्त वातावरण भएता पनि व्यवसायिक रुपमा फलफुल खेती गरिएको पाईदैन ।यो गाउँपालिका पशुपालनको लागि पनि उपयुक्त क्षेत्र र वातावरण भएको ठाउँ हो । समग्रमा भन्नुपर्दा यस गाउँपालिकाको आर्थिक स्तम्भको रुपमा कृषिलाई लिन सकिन्छ र यसलाई प्रविधिमा आधारित वैज्ञानिक र आधुनिक पद्धतिबाट अगाडी बढाउन सकिएमा राम्रो हुने देखिन्छ ।

## ङ. शैक्षिक अवस्था

यस गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालय ५२ र संस्थागत २ गरी जम्मा ५४ वटा विद्यालयहरु रहेका छन् ।ती मध्ये ५ वटा विद्यालय माध्यमिक (१ विद्यालय १-१२ ), १० वटा आधारभूत (१-८) र ३९ वटा विद्यालयहरु कक्षा १-५ तथा १-३ संचालित विद्यालयहरु रहेका छन् । त्यसै गरी यस गाउँपालिका अन्तर्गत ५९ वटा बालविकास केन्द्रहरु रहेका छन् भने एउटा विद्यालयमा प्राविधिक धार (बाली विज्ञान) कक्षा ९-१२ संचालनमा रहेको छ ।

तालिका नं. २ः विद्यालयको संख्या




*स्रोतः- कार्यालयको अभिलेख*

यस गाउँपालिकामा प्राथमिक तहमा १०७ दरवन्दी र २९ राहत अनुदान, निम्न माध्यमिक तहमा ५ दरवन्दी र १६ राहत अनुदान, माध्यमिक तह (९-१०) मा १ दरवन्दी र ५ राहत अनुदान रहेका छन् ।

**तालिका नं. ३: तहगत दरबन्दी विवरण**




*स्रोत:- कार्यालयको अभिलेख*

एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS), २०७९ तथ्यांक अनुसार यस गाउँपालिकामा पुर्व-प्राथमिक तहमा ९९४ (केटा-५१४, केटी-४८०), कक्षा १-५ मा ४,२३८ (केटा-२,१८४,,केटी-२,०५४), कक्षा ६-८ मा १,३८० (केटा-६२६,केटी-७५४), कक्षा ९-१० मा ५९१ (केटा-२१२ ,केटी-३७९) र कक्षा ११-१२ मा ११४ (केटा-४५, केटी- ६९) गरी जम्मा ७,३१७ (केटा-३,५८६, केटी-३,७३१) जना विद्यार्थीहरु भर्ना भएको देखिएको छ । प्राविधिक धार (वाली विज्ञान) अन्तर्गत कक्षा ९ मा ३२ जना विद्यार्थी अध्ययनरत रहेको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS), २०७९ ले देखाएको छ ।त्यसैगरी उमेर समूह ४-५, ६-१०, ११-१५ वर्ष उमेर समुहको जनसंख्या र तहगत विद्यार्थीको सङ्ख्याको विवरणलाइ तल टेबल तथा ग्राफमा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४: विभिन्न उमेर समुहका जनसंख्या




*स्रोत:- राष्ट्रिय जनगणना २०७८*

तालिका नं. ५: विभिन्न तहको विद्यार्थी संख्या




| | ECD | 1-5 | 6-8 | 9-10 | 11-12 |
|---|---|---|---|---|---|
| केटाको संख्या | 514 | 2184 | 626 | 212 | 45 |
| केटीको संख्या | 480 | 2054 | 754 | 379 | 69 |
| जम्मा | 994 | 4238 | 1380 | 591 | 114 |

*स्रोत:-IEMIS राक्सिराङ्ग २०७९*

राष्ट्रिय जनगणना, २०७८ को तथ्यांक अनुसार यस गाउँपालिकामा ७०.२ % (महिला ६४.३%, पुरुष ७५.९%) मानिसहरु साक्षर रहेका छन् भने २९.३% (महिला ३५.२%, पुरुष २३.६%) निरक्षर रहेका छन् र ०.५ % जनसंख्या पढ्न मात्र सक्षम रहेको देखिएको छ ।

चार्ट नं. १: साक्षरताको अवस्था




*स्रोतः- राष्ट्रिय जनगणना २०७८*

## १.२ शिक्षा क्षेत्रका मुख्य समस्याहरु :

मकवानपुर जिल्लाको पश्चिम क्षेत्रमा रहेको ख वर्ग अन्तर्गत पर्ने यस गाउँपालिकाको सम्रग पक्षहरुमा समस्या रहेकै छ । एक त भौगोलिक विकटता जसले विकास तथा आधारभुत आवश्यकता पुर्तिको लागत लाइ सामान्य भन्दा बढि नै खर्च गर्नु पर्ने समस्या रहेको छ । जनसमुदायमा अझै सम्मपनि साक्षरता दर ७०% मात्र हुनुले समेत शिक्षाप्रति सजगता कम रहेको तथ्यपुष्टि गर्ने देखिन्छ । प्रतिफल स्वरुप शिक्षा क्षेत्रका आवश्यकता प्राथमिकता महशुस हुदा हुदै पनि यस क्षेत्रको विकासमा गुणात्मक ढंगबाट कार्य हुन नसकेको अवस्था छ । यस क्षेत्रमा रहेका सान्दर्भिक समस्याहरु निम्नानुसार प्रस्तुत गरिएका छन्;

**मुख्य समस्याहरु :**

१. प्राथमिक तह सम्ममा पढाइ गर्ने र माथिको पढाइलाइ निरन्तरता नदिने ।(कक्षा १ मा भर्ना भइ १० कक्षा सम्म पढाइ पुरा गर्ने दर २०% मात्र रहेको छ ।)

२. विद्यालयमा माथिल्लो तहमा भर्नादर घट्दो दरमा रहेको र विचमै पढाइ छोड्ने दर बढ्दो क्रममा रहेको ।

३. परिवारमा शिक्षालाइ प्राथमिकतामा राख्ने नगरेका ।(१० कक्षा सम्म पुरा गर्ने दर २०% मात्र रहेको छ ।)

४. आवश्यक पर्ने भौतिक तथा मानविय स्रोत साधनको अपर्याप्तता रहेको ।

**प्राथमिक कारणहरु :**

१. माथिल्लो तहको पढाइ गर्न स्थानिय स्तरमा विद्यालय नरहेको र कमजोर आर्थिक अवस्थाको कारणले अन्यत्र राखेर पढाउन सक्ने अवस्था नरहेको ।

२. संघ, प्रदेश तथा स्थानीय तहबाट आवश्यक पर्ने बजेट विनियोजन नहुने ।

३. यस क्षेत्रको विकासमा स्थानीय जनप्रतिनिधि, समुदाय तथा सरोकारबालाको चासो कम रहेको ।

४. आवश्यक पर्ने भौतिक,मानविय तथा अन्य सञ्चालन स्रोत साधनको अभाव रहेको ।

**सहायक कारण :**

१. स्थानीय स्तर आर्थिक रुपमा आफै सक्षम भइनसकेको ।

२. शिक्षित वर्ग ज्यादै न्युन रहेको ।

३. आर्थिक रुपमा सबल परिवारहरुले आफ्ना वालवालिकाहरूलाई अन्यत्र ठाउमा लगि शिक्षा दिलाउने गरेका ।

४. जनप्रतिनिधि तथा सरोकारबालाहरु विशेष गरी बिकास पुर्वाधारमा नै केन्द्रित रहनु ।

५. समुदायले बालबालिकालाइ आर्थिक उपार्जनको स्रोतको रुपमा प्रयोग गर्न हतार गर्ने गरेको ।

**शिक्षा क्षेत्रमा रहेका सबल पक्षहरुः**

विद्यालयमा विद्यार्थिको संख्या बृद्धि गर्न स्थानिय क्षेत्रका कला, संस्कृति, भाषा, भेषभुषा लगायत क्षेत्रको बारेमा जानकारी गराइ स्थानीय स्तरसुहाउदो पाठ्यक्रम निर्माण गरि पठनपाठन कार्य गराइने गरिएको छ (स्थानीय पाठ्यक्रमको निर्माण वि.स. २०७७ सालमा निर्माण भइ २०७८ मा १-५ कक्षामा र २०७९ मा ६-८ सम्म पठाइ भइरहेको छ) । स्थानीय क्षेत्रमा रहेको उत्पिडित, दलित, सिमान्तकृत लगायतका बालबालिकालाइ शिक्षामा पहुच पुर्याउन तथा महिला लाइ आफ्नो उच्च तहको शिक्षा हासिल गर्नका लागि स्थानीय तहबाटनै विभिन्न प्रकारको छात्रवृत्ति प्रदान गर्ने गरिएको छ । स्थानीय तहको स्रोतबाट स्थानीय तहको जनशक्ति प्रयोग गरि यस क्षेत्रमा रहेको मानविय स्रोतको अभावलाइ पुर्ति गर्ने गरिएको छ । यस गाउँपालिकाबाट प्रदान गरिएको छात्रवृत्तिबाट लाभान्वित संख्याहरु तल चार्टमा प्रस्तुत गरिएको छ ।

तालिका नं. ६: छात्रबृत्तिको अवस्था




*स्रोतः- कार्यालयको अभिलेख*

**शिक्षा क्षेत्रमा रहेका कमजोर पक्षहरुः**

साधारण भन्दा साधारण स्रोतहरुको व्यवस्थापनमा पनि सरोकारबाला पक्षको चासो नरहेको । प्रतिनिधि तथा अभिभावकहरुको शिक्षा क्षेत्रको गुणस्तर बृद्धि गर्न समय समयमा अनुगमन, सुपरिवेक्षण नरहेको साथै विद्यालय पूरा समयसम्म पनि पढाइ हुने बातावरण नरहेको । शिक्षकहरुको कर्तव्य पालन जिम्मेवारी पालनमा प्रभावकारीता ल्याउन नसकिएको ।

## १.३ शिक्षा क्षेत्रमा रहेका अवसरहरु :

२०७२ सालको भुकम्प पश्चात भौतिक पूर्वाधारको ब्यापक विकास भएको, आवश्यक पर्ने प्राविधिक साधनहरुको उपलब्धता भएको प्रविधिक, जिविकोपार्जन तथा आर्थिक उपार्जन गर्ने शिक्षा स्थानीय तहबाट लिन सक्ने व्यवस्था रहेको । प्रविधिक शिक्षा प्रणालिका लागि संघ, प्रदेश तथा स्थानीय तहबाट कार्यक्रम सञ्चालन भइरहेको छ ।आवश्यक पर्ने शिक्षकहरुको ब्यवस्थापन शिक्षाक सेवा आयोगद्वारा क्रमिक रुपमा भइरहेको छ । विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट आर्थिक, प्राविधिक तथा मानविय स्रोत साधन सहयोगमा क्रमिक रुपमा बढोतरि भइरहेको छ ।

## १.४ शिक्षा क्षेत्रमा रहेका चुनौतिहरु :

एक तहको पूवार्धार विकास भइसकेको अवस्था छ तर विद्यार्थिलाइ तथा शिक्षकलाइ स्थानीय तहमानै टिकाइ रहन चुनौति छ ।भरपर्दो विद्युत सेवा, सञ्चार सेवा अभाव, प्रविधियुक्त शैक्षिक प्रणाली लागु गर्न आवश्यक पूर्वाधारको कमीले कठिनाइ भैरहेको छ । प्रविधि युक्त शैक्षिक प्रणाली अपनाउन जनशक्तिको अभाव रहेको छ । समुदायमा शिक्षा सम्बन्धि जनचेतना जस्ता कार्यक्रम सहजै सञ्चालन गर्न कठिन रहेको छ ।

## १.५ योजना तर्जुमा विधि र प्रक्रिया

दिगो विकासका लक्ष्यहरु मध्ये लक्ष्य नं. ४ मा गुणस्तरीय शिक्षा प्रदान गर्नेमा स्थानीय सरकारको भुमिका अहम रहेको छ । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत र माध्यिमक तह सम्मको शिक्षाको अधिकार स्थानीय सरकारलाई दिएको छ । सो सन्दर्भमा राक्सिराङ्ग गाउँपालिकाले शिक्षा क्षेत्रको सुधार गरी समृद्ध राक्सिराङ्गमा टेवा पुर्याउन प्रतिस्पर्धी र सक्षम जनशक्ति उत्पादनमा सहयोग गर्ने उद्देश्यले गाउँपालिकाले स्थानीय शिक्षा योजना निर्माण गरिएको छ ।

### योजना तर्जुमा प्रक्रिया

### क. पूर्व तयारी

गाउँपालिकामा स्थानीय शिक्षा योजना निर्माणको आवश्यकता, औचित्य र महत्वबारे छलफल भैरहेको थियो ।यसै सन्दर्भमा UNESCO Nepal को सहयोगमा शिक्षा तथा मानवस्रोत विकास केन्द्र, सानो ठिमी, भक्तपुरको आयोजनामा धुलिखेल, काभ्रेपलाञ्चोकमा भएको स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी कार्याशालामा यस पालिकाबाट २ जना कर्मचारी सहभागी हुने अवसर प्राप्तभएको थियो । कार्यशालामा सहभागी भए पश्चात राक्सिराङ्ग गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०७९ माघ २३ गतेको

बैठकले सामाजिक विकास समितिको प्रमुखको संयोजकत्वमा स्थानीय शिक्षा योजना निर्माण समिति र प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा स्थानीय शिक्षा योजना निर्माण कार्यदल गठन भएको ।

योजना निर्माणको लागि आवश्यक तथ्यांकहरु तथ्याङ्क कार्यालयको वेवसाइट, विद्यालय, समुदाय, IEMIS आदिबाट संकलन गरी तयार गरिएको हो।

**ख. योजना निर्माण**

१. प्रारम्भिक परिचयात्मक कार्यक्रमः मिति २०८०/०२/०७ गते विभिन्न सरोकारवाला, जनप्रतिनिधि, शिक्षक, स्थानीय समाजसेवी, राजनीतिक दलका प्रतिनिधिको सहभागितामा स्थानीय शिक्षा योजना निर्माणको लागि सुझाव संकलन तथा प्रारम्भिक परिचयात्मक कार्यक्रम संचालन गरिएको ।

२.मिति २०८० जेष्ठ ०९ देखि १२ गते सम्म IIEP/UNESCO, Paris समेतबाट संचालन भएको स्थानीय योजना निर्माण सम्बन्धि अनलाइन सहजीकरण कार्यक्रममा स्थानीय शिक्षा योजना निर्माण कार्यदल सहभागी भएको ।

२. समुदाय स्तरीय राय सुझाव संकलन कार्यक्रम

प्रारम्भिक परिचयात्मक कार्यक्रम पश्चात स्थानीय शिक्षा योजना निर्माणको लागि गाउँपालिकाको विभिन्न स्थानमा विद्यालयका प्र.अ., अभिभावक, वि.व्य.स. अध्यक्ष, शिक्षक अभिभावक संघको प्रतिनिधि, संघसंस्था, विद्यार्थी, समाजसेवी, जनप्रतिनिधि, राजनीतिक दलको प्रतिनिधि समेतको उपस्थितिमा समुदाय स्तरीय राय सुझाब संकलन कार्यक्रम संचालन गरिएको ।

उक्त कार्यक्रमहरुमा उपस्थित व्यक्तिहरु मध्येबाट समुह विभाजन गरी स्थानीय शिक्षा योजना सम्बन्धमा लिखित राय सुझावहरु संकलन गरियो । मिति २०८० जेष्ठ १५ गते राक्सिराङ्ग गाउँपालिका ३ नं. वडा कार्यालयमा सुझाव संकलन कार्यक्रम संचालन गरिएको थियो, यस कार्यक्रममा शिक्षा मन्त्रालय, यूनेस्को काठमाडौं समेतका शिक्षा योजना विज्ञ व्यक्तित्वहरुको समेत सहभागिता रहेको थियो । उक्त सुझावहरुको आधारमा योजना निर्माण कार्यदलले स्थानीय शिक्षा योजनामा कार्यक्रमहरु, रणनीतिहरु तयार गरिएको छ ।

राय सुझाव संकलन कार्यक्रम तपसिलका मिति र स्थानहरुमा संचालन गरिएको थियो ।

- मिति २०८० जेष्ठ १४ गते श्री आ.वि. ठुलोटोड्के, राक्सिराङ्ग-८ र श्री राष्ट्रिय माध्यमिक विद्यालय, सिलिंगे, राक्सिराङ्ग ६ मा सुझाब संकलन कार्यक्रम संकलन गरिएको ।
- मिति २०८० जेष्ठ १५ गते राक्सिराङ्ग गाउँपालिका ३ नं. वडा कार्यालयमा सुझाव संकलन कार्यक्रम संचालन गरियो ।
- मिति २०८० जेष्ठ १९ गते राक्सिराङ्ग गाउँपालिका ९ नं. वडा कार्यालयमा सुझाव संकलन कार्यक्रम संचालन गरियो ।
- मिति २०८० जेष्ठ २१ गते श्री प्रजा जागृति आधारभूत विद्यालय,चैनपुरमा सुझाव संकलन कार्यक्रम संचालन गरियो ।

**योजना लेखनः**

योजना निर्माण कार्यदलले शिक्षा तथा मानवस्रोत विकास केन्द्रद्वारा निर्माण गरिएको स्थानीय शिक्षा योजना निर्माण मार्गदर्शन, २०७९, विद्यालय शिक्षा सुधार कार्यक्रम आदिको साहायतामा योजना लेखन कार्य आरम्भ गरिएको हो ।

स्थानीय शिक्षा योजनाको ढाँचा शिक्षा तथा मानवस्रोत विकास केन्द्रद्वारा निर्माण गरिएको स्थानीय शिक्षा योजना निर्माण मार्गदर्शन, २०७९ बमोजिमको रहेको छ भने यसको लागि प्रयोग भएको तथ्यांकहरु राष्ट्रिय जनगणना २०७८, शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS), गाउँपालिकाको वस्तुगत विवरण, विद्यालयबाट संकलन गरिएको तथ्यांक, कार्यालयको अभिलेख आदिबाट साभार गरिएको छ ।

योजना निर्माण कार्यदलले तयार गरिएको स्थानीय शिक्षा योजानाको मस्यौदा स्थानीय योजना निर्माण समिति मार्फत गाउँकार्यपालिकामा पेस भएको कार्यापलिकाको मिति २०८०।०७।२४ गतेको बैठकबाट अनुमोदन पश्चात स्थानीय शिक्षा योजना कार्यान्वयनको लागि तयार भएको छ ।

# परिच्छेद : २

## २.१ दुरदृष्टिः

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको, प्रतिस्पर्धि र प्रविधिमैत्री शिक्षा ।

## २.२ लक्ष्य :

विद्यालय शिक्षा लाई प्रविधियुक्त अधुनिक तथा प्रतिस्पर्धि मुलक बनाइ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको सिपमुलक तथा दक्ष सभ्य जनशक्ति उत्पादन गर्ने ।

## २.३ उद्देश्यः

- समावेशी, समतामुलक, बालमैत्री, अपाङ्गमैत्री र भेदभाव रहित विद्यालय शिक्षामा सबैको सहज पहुँच सुनिश्चित गर्नु ।
- आवश्यक पर्ने भौतिक पुर्वाधारको निर्माण गरी गुणस्तरीय शिकाइको अवस्था निर्माण गर्नु ।
- प्रतिस्पर्धी, उपयोगि, सभ्य र निरन्तर शिकाइको अवस्था निर्माण गर्नु ।
- नियमित शिकाइ लिन नसक्ने तथा आपतकालीन अवस्थामा शैक्षिक प्रणालीलाइ निरन्तरता दिने गरी शैक्षिक प्रणाली निर्माण गर्नु ।
- विद्यालय शिक्षालाइ सैद्धान्तिकका साथै ब्याबहारिक बनाउनु ।
- प्रविधिमैत्री शिक्षा प्रणालीका लागि आवश्यक पर्ने मानवीय तथा भौतिक स्रोत साधन ब्यवस्थापन गरी प्रभावकारी प्रयोगको सुनिश्ति गर्नु ।
- समयसापेक्ष पाठ्यक्रम निर्माण गरि त्यस अनुरुपको उपलब्धिहरु हासिल गर्ने अवस्था सुनिश्चित गर्नु ।

## २.४ रणनीतिहरुः

- भौतिक पुर्वाधार निर्माण गर्दा बालमैत्री, अपाङ्गमैत्री हुने गरी बाध्यात्मक ब्यवस्था गर्ने ।
- शिक्षामा सबैको पहुचका लागि आवश्यक पर्ने छात्रवृत्ति, आर्थिक, शैक्षिक सामाग्रीहरुको सहयोग गर्ने वातावरण निर्माण गर्ने ।
- सिकाइ प्रणालीलाइ रमाइलो बनाउनका लागि आवश्यक संरचनागत विकास, संगठनात्मक विकास, क्षमतामुल प्रवर्द्धनमा सबै पक्षहरुबिच समन्वय र सहकार्य गरेर संचालन गर्ने ।
- समुदाय स्तरमा भर्ना अभियान तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

## २.५ कार्यनीति :

- आवश्यक पर्ने भौतिक निर्माणका लागि संघ, प्रदेश तथा स्थनीय तहबीच सहकार्य गरी बजेटको ब्यबस्थापन गरिने छ ।
- वडा स्तरमा रहेका वडा समितिलाइ प्रभावकारी रुपमा सञ्चालन गरी भर्ना अभियान प्रत्येक वर्ष सञ्चालन गरिने छ ।

- शिक्षामा सबैको पहुँच बृद्धि गर्न छात्रवृत्ति कार्यक्रमलाइ प्रभावकारी रुपमा सञ्चालन तथा यसको दायरा बढाइने छ ।
- विद्यालयलाइ प्रविधि मैत्री बनाउन विभिन्न संघ संस्था सरकारी तथा गैरसरकारी संस्थालाइ सहयोगका लागि अनुरोध गरिनेछ ।
- योग्य शिक्षकको ब्यवस्थापनका लागि माथिल्लो निकायलाइ अनुरोध गरिने तथा स्थानीय तहबाटै प्रतिस्पर्धाका आधारमा ब्यवस्थापन गरिने छ ।
- हाल सञ्चालनमा रहेको दिवा खाजा कार्यक्रमलाइ प्रभावकारी बनाउन दायरा र बजेट बृद्धि गरिने छ ।

## २.६ अपेक्षित उपलब्धिः-

- विद्यालयको सिकाइमा गुणस्तरियता बृद्धि भइ औशतमा राष्ट्रिय स्तरभन्दा माथी तथा प्रतिस्पर्धि भएको हुनेछ ।
- विद्यालय शिक्षाबाट कोही पनि कुनै पनि आधारमा बञ्चित हुनेछैनन् ।
- सभ्य, सक्षम र गुणस्तरीय जीवनशैली प्राप्त हुनेछ ।

तालिका नं. ७: मुख्य-मुख्य कार्य सम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.सं. | सूचक | राष्ट्रिय, प्रदेश र स्थानीय तहको सूचक | आधार वर्ष २०७९ | २०८१ | २०८३/२०८४ | २०८८/२०८९ | सूचकको स्रोत | कार्यसम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १. प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास शिक्षामा कुल भर्नादर (%) | स्थानीय | १७७.८ | १६० | १४० | १०० | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९१.२ | ९४.५ | ९७.९ | १०६.९ | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना भएका बालबालिका (%) | स्थानीय | ७०.२३ | ८० | १०० | १०० | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७७ | ८१.५ | ८६.२ | ९९.२ | | |
| २. आधारभुत शिक्षा कक्षा (कक्षा १-८) | | | | | | | | |
| २.१ | कक्षा १ मा भर्ना भएको बालबालिकाको खुद भर्ना दर (%) | स्थानीय | ०.१८ | ५० | १०० | १०० | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९६.३ | ९७.१ | ९७.९ | १०० | | |
| २.२ | कक्षा १ मा भर्ना भएको बालबालिकाको कुल भर्ना दर (%) | स्थानीय | १२१.४ | ११० | १०० | १०० | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १२६.१ | ९७.१ | ९७.९ | १०० | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर (%) | स्थानीय | ८३.८५ | ९० | १०० | १०० | IEMIS | |
| | | प्रदेश | | | | | | |

| क्र.सं. | सूचक | राष्ट्रिय, प्रदेश र स्थानीय तहको सूचक | आधार वर्ष २०७९ | २०८१ | २०८३/२०८४ | २०८८/२०८९ | सूचकको स्रोत | कार्यसम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ९७.२ | ९७.८ | ९८.४ | १०० | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर (%) | स्थानीय | १५५.६ | १३० | १०० | १०० | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १२१.९ | १२१.६० | १२१.४ | १२०.८ | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर (%) | स्थानीय | २५.७४ | ४० | ७० | १०० | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कुल प्रवेश दर (%) | स्थानीय | ८०.९७ | ९० | १०० | १०० | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर (%) | स्थानीय | ६१ | ८० | १०० | १०० | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.८ | आधारभूत तहको कक्षा ५ पूरा गर्ने दर (%) | स्थानीय | ८१.८८ | ९० | १०० | १०० | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५) मा भर्ना भएको ५-९ वर्ष उमेरभन्दा माथिका बालबालिका (%) | स्थानीय | २७.७३ | १८ | ० | ० | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.१ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | स्थानीय | ०.९४ | ०.९६ | १ | १ | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ०.९९ | ०.९९ | ०.९९ | १ | | |
| २.१ | आधारभूत तह (कक्षा १-८)मा खुद भर्ना दर (%) | स्थानीय | ७४.९३ | ८० | १०० | १०० | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९६ | ९६.५ | ९७.५ | १०० | | |
| २.१ | आधारभूत तह (कक्षा १-८)मा कुल भर्ना दर (%) | स्थानीय | १२४.७ | ११५ | १०० | १०० | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११६.७ | ११४.२ | १११.८ | १०६ | | |
| २.१ | आधारभुत तहको कक्षा ८ सम्मको टिकाउ दर (%) | स्थानीय | ३९.८५ | ५० | १०० | १०० | IEMIS | |
| | | प्रदेश | | | | | | |

| क्र.सं. | सूचक | | राष्ट्रिय, प्रदेश र स्थानीय तहको सूचक | आधार वर्ष २०७९ | २०८१ | २०८३/२०८४ | २०८८/२०८९ | सूचकको स्रोत | कार्यसम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | राष्ट्रिय | ८४.९ | ८७.९ | ९०.९ | ९९ | | |
| २.१ | आधारभुत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर (%) | | स्थानीय | ३४.२५ | ५० | १०० | १०० | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ७८.२ | ८२.४ | ८६.९ | ९८.९ | | |
| २.२ | आधारभूत तह(कक्षा १-८) कुल भर्ना दरमा लैगिक समता सूचक | | स्थानीय | ०.९९ | १ | १ | १ | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ०.९९ | ०.९९ | ०.९९ | १ | | |
| २.२ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङख्या (%) | नेपाली भाषा | स्थानीय | ६९.६ | ७२ | ७५ | ८० | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५० | | ५३ | ५८ | | |
| | | गणित भाषा | स्थानीय | ६९.६ | ७२ | ७४ | ७८ | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६१.३ | | ६३ | ६६ | | |
| २.२ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ७३.९ | ७५ | ७७ | ८१ | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | ७० | | |
| | | गणित | स्थानीय | ७३.९ | ७४ | ७६ | ७९ | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | ५८ | | |
| | | अङ्ग्रेजी | स्थानीय | ७३.९ | ७५ | ७७ | ८० | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.२ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ८३.६ | ८५ | ८८ | ९२ | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | ६३ | | ७० | | |
| | | गणित | स्थानीय | ८३.६ | ८५ | ८८ | ९२ | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | ४७ | | ५५ | | |

| क्र.सं. | सूचक | | राष्ट्रिय, प्रदेश र स्थानीय तहको सूचक | आधार वर्ष २०७९ | २०८१ | २०८३/२०८४ | २०८८/२०८९ | सूचकको स्रोत | कार्यसम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | विज्ञान | स्थानीय | ८३.६ | ८५ | ८८ | ९२ | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.२ | विद्यालय बाहिर रहेको बालबालिका | आधारभूत (कक्षा १-५) | स्थानीय | १६.१५ | १४ | १२ | ९ | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | २१.६ | १८ | १४ | १० | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.२ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कुल शिक्षकमध्ये महिला शक्षकको संख्या (%) | | स्थानीय | २६.५८ | ३० | ३४ | ४० | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४७.५ | ४८ | ४८.६ | ५० | | |
| ३. माध्यमिक शिक्षा (कक्षा ९–१२) | | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | | स्थानीय | ३.३४ | २५ | ४५ | ६० | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५५.८ | ५९.६ | ६३.६ | ७५ | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर (%) | | स्थानीय | २८.७६ | ३५ | ५५ | ७० | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ७७.४ | ८० | ८२.७ | ९० | | |
| ३.३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सुचक (कक्षा ९-१२) | | स्थानीय | १.७४ | १.६५ | १.५५ | १ | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | १.०१ | १ | | |
| ३.४ | आधारभूत तहबाट माध्यमिक तह ट्रान्जिसन दर (%) | | स्थानीय | ८५.९५ | ९० | ९५ | १०० | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा १० पुग्ने दर (%) | | स्थानीय | २० | ३५ | ५० | ८० | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६७.८ | ७१.३ | ७५ | ८५ | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा १२ पुग्ने | | स्थानीय | ८.७ | १५ | ३५ | ५० | IEMIS | |
| | | | प्रदेश | | | | | | |

| क्र.सं. | सूचक | | राष्ट्रिय, प्रदेश र स्थानीय तहको सूचक | | आधार वर्ष २०७९ | २०८१ | २०८३/२०८४ | २०८८/२०८९ | सूचकको स्रोत | कार्यसम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | दर (%) | | राष्ट्रिय | | ३४.८ | ३८.६ | ४२.७ | ५५.२ | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या (%) | | स्थानीय | | १४.२८ | १८ | २२ | ३३ | IEMIS | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | २१.४ | २३.७ | २६.१ | ३३.५ | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थीमध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या (%) | | स्थानीय | विज्ञान | ० | २ | ५ | १० | IEMIS | |
| | | | | प्रा.व्या. | ४.५४ | ८ | १३ | १५ | IEMIS | |
| | | | प्रदेश | विज्ञान | | | | | | |
| | | | | प्रा.व्या. | | | | | | |
| | | | राष्ट्रिय | विज्ञान | | | | | | |
| | | | | प्रा.व्या. | ६.८ | ६.९ | ७.२ | ८.७ | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि (अङ्कमा) | नेपाली भाषा | स्थानीय | | ५१.२२ | ५५ | ६० | ७१ | IEMIS | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | ६३ | | ६७ | ७२ | | |
| | | गणित | स्थानीय | | २१.०१ | २५ | ३५ | ५० | IEMIS | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | ५७ | | ६१ | ६६ | | |
| | | अङ्ग्रेजी | स्थानीय | | ४१.०७ | ४६ | ५० | ६० | IEMIS | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | ४९ | | ५३ | ५८ | | |
| ४ जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | | | | |
| ४.१ | साक्षारता दर (१५ बर्षभन्दा माथि) (%) | | स्थानीय | | ६४.३९ | ७० | ८० | १०० | IEMIS | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | | ९५ | | १०० | | |
| ४.२ | साक्षारता दर (६ बर्षभन्दा माथि) (%) | | स्थानीय | | ७०.२ | ७५ | ८५ | १०० | IEMIS | |
| | | | प्रदेश | | ८२.१ | | | | | |
| | | | राष्ट्रिय | | ७६.२ | ८४ | | १०० | | |
| ४.३ | साक्षारता दर (१५-२४ उमेर समुह) (%) | | स्थानीय | | ९०.१२ | ९५ | ९८ | १०० | IEMIS | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | | ९९ | | १०० | | |
| ४.४ | साक्षारता दरमा लैङ्गिक समता | | स्थानीय | | ७४.४८ | ८० | ८८ | १०० | IEMIS | |

| क्र.सं. | सूचक | राष्ट्रिय, प्रदेश र स्थानीय तहको सूचक | आधार वर्ष २०७९ | २०८१ | २०८३/२०८४ | २०८८/२०८९ | सूचकको स्रोत | कार्यसम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | (१५ वर्षभन्दा माथि) (%) | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ५ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिक रुपले सक्रिय जनशक्ति (%) | स्थानीय | ८.३२ | १२ | १७ | २२ | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरहह) उत्तीर्ण जनशक्ति (वार्षिक सङ्ख्या ) | स्थानीय छात्रा | २४ | ३० | ५० | १०० | | |
| | | स्थानीय छात्र | ८ | ५० | १०० | २०० | | |
| | | प्रदेश छात्रा | | | | | | |
| | | प्रदेश छात्र | | | | | | |
| | | राष्ट्रिय छात्रा | ९२२ | १०५३ | १२०२ | १६७५ | | |
| | | राष्ट्रिय छात्र | | | | | | |
| ६ सुशासन तथा व्यवस्थापन | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थि-शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ३०:१ | ३०:१ | ३०:१ | ३०:१ | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २४:१ | | | | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थि-शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ६३:१ | ५५:१ | ४०:१ | ३५:१ | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३०:१ | | | | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थि-शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ३४:१ | ३३:१ | ३१:१ | ३०:१ | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३३:१ | | | | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थि-शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ८५:१ | ७५:१ | ५५:१ | ३०:१ | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४०:१ | | | | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थि-शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १०१:१ | ६०:१ | ४०:१ | २५:१ | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४१:१ | | | | | |
| ७. उच्च शिक्षा | | | | | | | | |
| ७.१ | उच्च शिक्षामा कुल भर्ना दर (%) | स्थानीय | ० | | | | IEMIS | |

| क्र.सं. | सूचक | राष्ट्रिय, प्रदेश र स्थानीय तहको सूचक | आधार वर्ष २०७९ | २०८१ | २०८३/२०८४ | २०८८/२०८९ | सूचकको स्रोत | कार्यसम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ७.२ | उच्च शिक्षामा महिला सहभागिता अनुपात | स्थानीय | ० | | | | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ७.३ | प्राविधिक उच्च शिक्षामा विद्यार्थि भर्ना दर (%) | स्थानीय | ० | | | | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ८. शिक्षामा लगानी | | | | | | | | |
| ८.१ | कुल बजेटको शिक्षाक्षेत्रमा विनियोजित बजेट | स्थानीय | २४.२ | २६ | २८ | ३० | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११.६ | १३.१ | १४.८ | २० | | |
| ८.२ | आधारभूत तह (कक्षा १-८) मा प्रतिविद्यार्थि सरकारी खर्च (रु हजारमा) | स्थानीय | १९.२८ | २५ | ६० | १०० | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ८.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रतिविद्यार्थि सरकारी खर्च (रु हजारमा) | स्थानीय | १५.१६५ | २५ | ६० | १०० | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |

# परिच्छेद :३

## विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरु

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

मानव विकास एक निरन्तर चलिरहने प्रक्रिया हो ।यो गर्भावस्थादेखि निरन्तर जारी रहन्छ ।मानव जीवनको आधारशिलाका रुपमा रहेको प्रारम्भिक बाल्यावस्था वा बाल्यकालको विकास महत्वपुर्ण हुन्छ । नेपालको संविधानको धारा ३९(२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरंजन, तथा' सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ भन्ने व्यबस्थाले बालबालिकाको हकलाई सुनिश्चित गरेको छ ।**प्रारम्भिक बालविकास तथा शिक्षा विद्यालय जाने उमेर नपुगेका बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्ने तथा आधारभूत शिक्षाका लागि तयार गर्ने कार्यक्रम हो।सर्वाङ्गीण विकास अन्तर्गत बालबालिकाको शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक र संवेगात्मक विकास पर्दछन।**कुनै एक पक्षको विकास कमजोर हुदाँ व्यक्तिको व्यक्तित्व विकासमा बाधा पर्न सक्ने भएकाले बालबालिकाका उल्लेखित सबै पक्षको विकासमा ध्यान दिइनु आवश्यक छ । त्यसैले प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अंक चिनाउने कार्यमा जोड दिने भन्दा उनीहरुको **सर्वाङ्गीण विकासमा सहयोग गर्नाका साथै आधारभूत शिक्षाका लागि तयार गराउन सहयोग गर्नुपर्दछ** । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरु विभिन्न समयावधिका संचालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाको लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम संचालन गरिने नेपालको निशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा ऐन, २०७६ मा उल्लेख भएको र नेपालको पन्ध्रौ योजनामा पनि सोहि व्यवस्था गरिएको छ । विद्यालय शिक्षा क्षेत्रको योजना २०२२-२०३१ ले विद्यालय शिक्षाको गुणस्तर सुधार को लागी कम्तिमा एकवर्षको पूर्वप्राथमिक शिक्षा सञ्चालन गर्नैपर्ने कुरालाई जोडदिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एक वर्षे कार्यक्रम समाबेस गरिएको छ ।

नेपालको संविधान धारा (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालबिकास तथा बाल सहभागिताको हक हुनेछ भनी व्यवस्था गरिएको छ ।शिक्षा (नवौं संशोधन) ऐन २०२८ ले चार बर्ष उमेर पुरा गरेका बालबालिकालाई एक वर्षको शिक्षाको परिकल्पना गरिएको छ ।यसै गरी सोही ऐनको दफा ११त(१) मा "प्रारम्भिक बालबिकास र शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यबस्था तोकिए बमोजिम हुनेछ" भनी उल्लेख गरिएको छ ।विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले चार वर्ष उमेर पुरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने र चार वर्ष उमेर भन्दा मुनिका बालबालिकालाई शिशु बिकास केन्द्रबाट शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप संचालन गर्न सकिने व्यवस्था छ ।

### ३.१.२ वर्तमान अवस्था

यस गाउँपालिका अन्तर्गत प्रारम्भिक बालविकास केन्द्रहरु ५९ वटा रहेका छन् ।जहाँ शैक्षिक सत्र २०७८ मा १०२४ (केटी ५२४, केटा ५००) २०७९ मा ९९४ (केटि ४७५, केटा ५१९) जना बालबालिकाहरु भर्ना भएको IEMIS २०७९ को तथ्यांकले देखाएको छ । राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार यस गाउँपालिका अन्तर्गत चार वर्ष उमेर समुहका बालबालिकाहरु ५७१ जना रहेका छन् । शैक्षिक सत्र २०७८ मा यस गाउँपालिकाको प्रारम्भिक बालविकास र शिक्षाको कुल भर्नादर १७९.३३ र खुद भर्नादर ६०.७ रहेको छ भने २०७९ मा उक्त तहको कुल भर्नादर १७७.८ र खुद भर्नादर ९३.३८ रहेको छ ।

यस गाउँपालिका अन्तर्गत शैक्षिक सत्र २०७९ मा प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहित कक्षा १ मा भर्नादर ७०.२३ प्रतिशत रहेको छ र लैंगिक समतामुलक सूचक ०.९१ रहेको छ ।

५९ जना प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत शिक्षकरु मध्ये ५३ जना (८९%) महिला शिक्षक छन भने ६ जना पुरुष शिक्षक कार्यरत छन् । विवरण अनुसूची १ मा

*(यो तालिका अनुसूचीमा राख्दा राम्रो होला की ! )*

**समस्याहरुः**

- प्रारम्भिक बालविकास कक्षामा तोकिएको उमेर समुहभन्दा माथिल्लो उमेर समुहको विद्यार्थी सङ्ख्या वढी हुनु,
- पहाडीवस्ति, डाँडा पाखामा छरिएर रहेका साना-साना वस्ती, सबै वस्ती (गाऊँ) मा विद्यालय नहुनु र टाढाको वालविकास केन्द्रमा सानावालवालिका जान नसक्ने हुनाले उमेर वढी भएपछि मात्र भर्ना गर्नुपर्ने वाध्यात्मक अवस्था हुनु,
- प्रारम्भिक बालबिकास शिक्षाका शिक्षकहरु सबै तालिम प्राप्त नहुनु,
- सबै प्रारम्भिक बालविकास केन्द्रहरुमा तोकिए बमोजिम पर्याप्त शैक्षिक सामाग्री तथा भौतिक पूर्वाधार नहुनु
- प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमको लागि पर्याप्त बजेट तथा अन्य स्रोत साधन उपलब्ध नहुनु,
- प्रारम्भिक बालविकासका शिक्षकहरुलाई सुहाउँदो तलबसुबिधाको व्यवस्था नभएको जसले गर्दा पेशाप्रतिको लगाव र मनोबल कम हुनु,

**चुनौतिहरुः**

- छरिएर रहेको वस्ती र भौगोलिक विकटता,
- अभिभावकहरुमा चेतना अभिवृद्धि गरी सबै वालबालिकालाई अनिवार्य समयमै प्रारम्भिक बालविकास र शिक्षाको पँहुचमा ल्याउनु ।

### ३.१.३ उद्देश्यहरु

१. प्रारम्भिक बालविकास शिक्षामा तोकिएको उमेर समुहका सबै बालवालिकाको सहज पहुँच सुनिस्चित गर्ने,

२. प्रत्येक टोलमा कम्तिमा एकवटा प्रारम्भिक वालविकास केन्द्रको व्यवस्था गर्ने,
३. सञ्चालनमा रहेका वालविकास केन्द्रहरूमा तोकिएको मापदण्ड अनुसारका अत्यावश्यक वालमैत्री भौतिक पूर्वाधार तथा खेल-शैक्षिक सामग्रीको व्यवस्था गर्ने ।

### ३.१.४ रणनीतिहरु

१. सबै बालवालिकाको बालविकासमा पहुँच सुनिश्चित गर्नका लागि निर्धारित मापदण्ड, नर्म्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम संचालन गर्ने ।
२. कार्यक्रमको नक्शांकन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ बालविकास केन्द्र स्थापना गर्ने ।
३. विभिन्न लोपोन्मुख तथा सिमान्तकृत तथा विपन्न समुदायका बालवालिकाका लागि अभिभावक सचेतना जस्ता विभिन्न नमुना कार्यक्रम सञ्चालन गरी पहुँच सुनिश्चित गर्ने ।
४. प्रारम्भिक बालविकास तथा शिक्षामा लागत सहभागिता अभिवृद्धि गर्ने ।
५. कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी संघसंस्था, निजी क्षेत्र र विद्यालयलाई जिम्मेवार बनाउने र उपलव्ध स्रोत परिचालन गर्ने।
६. प्रत्येक वडामा एक-एक वटा नमुना वालविकास केन्द्रहरु स्थापना गर्ने ।
७. बालविकास शिक्षकहरुलाई क्षमता विकासको लागि विभिन्न कार्यक्रम संचालन गर्ने र तालिम प्राप्त शिक्षकलाई कम्तिमा केहि समय टिकाउने र राख्ने व्यवस्था मिलाउने ।
८. बालकक्षा व्यवस्थापन, कक्षा सजावट, शैक्षिक सामाग्रीहरुको व्यवस्थापन गर्न आवश्यक वित्तीय स्रोतको लागी पालिकाको वार्षिक वजेटमा व्यवस्था गर्ने ।

### ३.१.५ उपलव्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

यस पालिका भित्रका सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिस्चित भएको हुनेछ ।

**प्रमुख नतिजाः**

१. प्रारम्भिक बालविकास तथा शिक्षाको सहजै देखिने भर्नादर १०० पुगेको हुनेछ ।
२. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका बालबालिकाहरुको प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने दर १०० पुगेको हुनेछ ।
३. सबै प्रारम्भिक बालविकास केन्द्रहरुले न्युनतम मापदण्ड पुरा गरेका र शैक्षिक सामग्रीले सुसज्जित भएका हुनेछन ।
४. प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यन्वयनमा परिवार, समुदाय, गैरसरकारी संघसंस्था र विद्यालयहरु जिम्मेवार भएका हुनेछन् ।

तालिका नं. ८:प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण

| क.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्ररम्भिक बालविकास | जना | १० | १२ | १७ | १५ | ११ | ६५ | ६५ | |

| क.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | तथा शिक्षाको न्युनतम मापदण्डको प्रबोधीकरण | | | | | | | | | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाकेन्द्रहरुको नक्साङ्कन तथा पुनर्वितरण | पटक | १ | ० | | ० | १ | २ | ३ | |
| ३ | वैकल्पिक प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन | वार्ड | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | |
| ४ | परिवार, समुदाय, गैरसरकारी संघसंस्था, निजीक्षेत्रसँगको सहकार्य | वार्ड | ९ | ९ | ९ | ९ | ९ | | ९ | |
| ५ | अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | बालबालिका अभिलेखिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | जना | ९४८ | ९६० | ९५० | ९३८ | ९२८ | ४७२४ | ४३२२ | |
| ८ | बालविकास पाठ्यक्रम प्रबोधीकरण | पटक | १ | ० | १ | ० | १ | ३ | ५ | |

| क.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ९ | पूर्वाधार निर्माण, मर्मत तथा व्यवस्थापन | प्रतिशत | ५.०८४ | १६.९४ | १६.९२ | १८.७५ | १३.८४ | ७१.५३४ | १०० | |
| १० | सहयोगी कार्यकर्ताहरुको योग्यता र क्षमता विकास | प्रतिशत | १० | २० | ३५ | २५ | १० | १०० | १०० | |
| ११ | बालबालिकाको स्वास्थ्यजाँच, खोप तथा स्वास्थ्यसम्बन्धी अभिलेख व्यवस्थापन, बृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १२ | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार स्थानीय भाषाको प्रयोग | प्रतिशत | १० | १० | १० | १० | १० | १० | १० | |
| १३ | अभिभावक शिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १५ | बालबालिकाको शरीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| क.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | मनोसमाजिक परामर्श उपलब्ध गराउने | | | | | | | | | |
| १६ | परिवार,समुदाय, निजीक्षेत्र तथा गैरसरकारी संघसंस्थाहरुको सहभागिता, संलग्नता र जिम्मेवारी बृद्धि | वार्ड | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | |
| १७ | शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा बालविकासको तथ्याङ्क व्यवस्थापन गर्ने | प्रतिशत | ८० | ९० | १०० | १०० | १०० | १०० | १०० | |
| १८ | नयाँ बालविकास केन्द्र स्थापना | वटा | १ | १ | १ | १ | १ | ५ | ६ | |
| १९ | नमुना वालबिकास केन्द्र स्थापना कार्यविधि निर्माण | पटक | १ | | | | | १ | १ | |
| २० | नमुना बालविकास केन्द्र स्थापनाको लागि विभिन्न संघसस्थासँग साझेदारी | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| क.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| २१ | नमूना वालविकास केन्द्र स्थापना | वटा | १ | २ | २ | २ | २ | ९ | १८ | |
| २२ | सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामाग्री व्यवस्थापन | प्रतिशत | २० | २० | २० | २० | २० | १०० | १०० | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

आधारभूत शिक्षाले विद्यार्थी केन्द्रीत शिक्षाको माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्नुपर्छ । यसको मूल उद्देश्य राष्ट्र प्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र सम्बर्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यता अनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो । यस तहको शिक्षा ग्रहण गरिसकेका बालबालिकाहरु आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आईपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परीश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान हुने छन् । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा आधारभूत तहको वाह्र वटा सक्षमताहरु निर्धारण गरिएको छ । शिक्षा ऐन, २०२८ अनुसार नेपालमा प्रारम्भिक बालशिक्षा देखी कक्षा आठ सम्म दिइने शिक्षालाई आधारभूत शिक्षा मानिएको छ। आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन, सामाजिक समायोजनमा सहयोग तथा माध्यमिक शिक्षामा प्रबेशका लागि आधार तय गर्दछ ।यसले व्यक्तिलाई निरन्तर सिकाईको लागि मार्ग प्रशस्त गरी मुलुकको सामाजिक तथा आर्थिक रुपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ ।

नेपालको संविधानले आधारभूत शिक्षालाई मौलिक हकको रुपमा लिई यो तहको शिक्षा निःशुल्क हुने उल्लेख गरेकाले आधारभूत शिक्षामा समतामूलक पहुँच पुर्याई गुणस्तर सुनिश्चत गर्नु राज्यको दायित्व हो । साथै नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा सबैको पहुँचको हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसको लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने  र सञ्चालन गर्न पाउने कुरा उल्लेख गरिएको छ ।माध्यमिक तहसम्मको विद्यालय शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई एकल अधिकारको रूपमा दिइएको छ । सो को कार्यान्वयनको लागी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले वुँदागतरूमा विद्यालय शिक्षाको जिम्मेवारी स्थानीय तहलाई किटान गरि कार्यान्वयनको जिम्मेवारीमा स्पष्टता ल्याएको छ । यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भन्ने उल्लेख गरिएको छ ।

### ३.२.२ वर्तमान अवस्था

यस गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयहरु ५२ वटा र संस्थागत २ वटा गरी जम्मा ५४ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् । ५४ वटा विद्यालयहरु मध्ये १ वटा विद्यालय कक्षा १-१२, ५ वटा विद्यालष कक्षा १-१०, ९ वटा विद्यालय कक्षा १-८ सञ्चालित छन् ।शैक्षिक सत्र २०७९ मा यस गाउँपालिका अन्तर्गत छात्रा २८०८ र छात्र २८१० गरी जम्मा ५६१८ जना विद्यार्थीहरु आधारभूत तह(कक्षा १-८) भर्ना भएको तथ्याङ्कले देखाएको छ ।त्येसै गरी आधारभूत शिक्षा उमेरका बालबालिकाहरु मध्ये २१.६ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेका छन् ।IEMIS Report 2079 को विवरण अनुसार आधारभूत तह (कक्षा १-८) को कुल भर्नादर १२४.७ प्रतिशत र खुद भर्नादर ७४.९३ प्रतिशत रहेको देखाईएको छ ।

तालिका नं. ९: तहगत विद्यार्थी संख्या

| विद्यालय तह | जम्मा | | सामुदायिक | | संस्थागत | |
|---|---|---|---|---|---|---|
| | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा |
| **प्रारम्भिक बालविकास** | ९९४ | ४७५ | ८८७ | ४२२ | १०७ | ५३ |
| आधारभूत (कक्षा १-५) | ४२३८ | २०५४ | ४१९९ | २०३३ | ३९ | २१ |
| आधारभूत (कक्षा ६-८) | ७५४ | १३८० | ७५४ | १३८० | ० | ० |
| **आधारभूत (कक्षा १-८)** | **५९८६** | **३९०९** | **५८४०** | **३८३५** | **१४६** | **७४** |

*स्रोत: Flash Report (IEMIS 2079)*

IEMIS 2079 को तथ्याङ्क अनुसार यस गाउँपालिकाको प्रारम्भिक बालविकास शिक्षामा कुल भर्नादर १७७.८ प्रतिशत, प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना भएका बालबालिकाको ७०.२३ प्रतिशत (राष्ट्रिय ७७ प्रतिशत), कक्षा १ मा भर्ना भएको बालबालिकाको कुल भर्नादर १२१.४ प्रतिशत (राष्ट्रिय १२६.१ प्रतिशत), कक्षा १ मा भर्ना भएको बालबालिकाको खुद भर्नादर ०.१८ प्रतिशत (राष्ट्रिय ९६.३ प्रतिशत) रहेको छ । आधारभूत तह (कक्षा १-८) मा खुद भर्नादर ७४.९३ प्रतिशत (राष्ट्रिय ९६ प्रतिशत) र कुल भर्नादर १२४.७ प्रतिशत (राष्ट्रिय ११६.७ प्रतिशत) रहेको छ । कक्षा ८ सम्मको टिकाउ दर ३९.८५ प्रतिशत (राष्ट्रिय ८४.९ प्रतिशत) रहेको तथ्याङ्कले देखाएको छ । यसैगरी उक्त तहको कुल भर्नादर मा लैङ्गिक समता सूचक ०.९९ (राष्ट्रिय ०.९९), कुल शिक्षकमा महिला शिक्षक २६.५८ प्रतिशत (राष्ट्रिय ४७.५ प्रतिशत) रहेको तथ्याङ्कले देखाएको छ ।

तालिका नं. १०:आधारभूत तहमा शिक्षक दरवन्दी विवरण:

| तह | स्वीकृत दरवन्दी | राहत अनुदान | गाउँपालिका अनुदान | संघीय अनुदान | संघ-संस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| **प्रा.वि** | १०७ | २९ | ६ | | | १३६ |
| **नि.मा.वि** | ६ | १६ | १ | ६ | | २२ |

शैक्षिक सत्र २०७९ को तथ्याङ्क अनुसार यस गाउँपालिकामा आधारभूत तह (कक्षा ६-८) को विद्यार्थी शिक्षक अनुपात ६३:१ (राष्ट्रिय ३०:१) रहेको छ साथै विषयगत दरवन्दी शिक्षक व्यवस्थापन यहाँको ठुलो चुनौतीको रुपमा रहेको छ ।

विषयगत शिक्षक दरवन्दिको यस्तो अवस्थाका वावजूद आधारभूत तहको अन्तिम परीक्षा, कक्षा ८ को सिकाई उपलव्धिको अवस्था तेति निरासाजनक भन्न मिल्दैन; यद्यपि अन्य विषयको तुलनामा गणित विषयको सिकाई उपलव्धि न्युनरहेको देखिँदा गणित विषय शिक्षणमा योग्यता पुगका र तालिम प्राप्त शिक्षकको व्यवस्था गर्नु अत्यावश्यक देखिन्छ ।

तालिका नं. ११:आधारभूत तह कक्षा ८ सिकाई उपलब्धी (शैक्षिक सत्र २०७९)

| विषय | औषत सिकाई उपलब्धी(%) | | |
|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा |
| **नेपाली** | ५७ | ५५ | ५५.९ |
| **अंग्रेजी** | ५६ | ५४ | ५४.९ |
| **गणित** | ५१ | ४९ | ४९.८ |
| **विज्ञान** | ५५ | ५५ | ५५.१ |

प्रत्येक विद्यालयमा सुविधा सम्पन्न भौतिक पूर्वाधारको व्यवस्था, सूचना प्रविधि प्रयोगशाला, विषयगत प्रयोगशाला, पुस्तकालय आदिको व्यवस्थापन पनि अर्को चुनौतीको रुपमा रहेको छ ।

भौगोलिक विकटताको कारण सबै विद्यालयमा ईन्टरनेटको पहुँच, भौतिक पूर्वाधार विकासको लागि सहज ढुवानी र पहुँजस्ता विषयहरु पनि यहाँको लागि मुख्य चुनौतीको रुपमा रहेको छ ।

सबै तह र विषयका तालिम प्राप्त शिक्षकको उपलब्धता, स्थायी तथा दक्ष र तालिम प्राप्त शिक्षकहरु सरुवा भएर जाने समस्यालाई न्युनीकरण गर्नु, तालिम प्राप्त, सक्षम, नेतृत्व गर्नसक्ने प्रधानाध्यापकको अभाव अर्को चुनौतीको रुपमा रहेको छ ।

आधारभूत तहमा सो तहको उमेर समुह भन्दा माथिल्लो तहको उमेर समुहका बालबालिकाहरुको सङ्ख्या अधिक भएकोले बालबालिकालाई समयमै विद्यालयमा भर्ना हुने व्यवस्था मिलाउन अभिभावकमा सचेतना अभिबृद्धि गर्नु र यहाँको गम्भीर समस्याको रुपमा रहेको बालबिवाहलाई न्युनीकरण गरी बीचैमा कक्षा छोड्ने बालबालिकाको सङ्ख्यालाई न्यूनीकरण गर्नु पनि चुनौतीको रुपमा रहेको छ ।

यावत चूनौतीहरुसँगसगै अवसरहरु पनि यतिकै रहेको छ । नेपालको संविधानले आधारभूत तह सम्मको शिक्षा अनिबार्य र निःशुल्क हुने व्यवस्था गरिएको साथै निःशुल्क शिक्षा सम्बन्धी एनले पनि निःशुल्क विद्यालय शिक्षाको स्पष्ट कानूनी व्यवस्था गर्नु पनि अवसरको रुपमा लिन सकिन्छ ।यसै गरी संघीय सरकार प्रदेश सरकार तथा स्थानीय तहले पनि शिक्षा क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको छ । दिगो विकासको १७ लक्ष्यहरुमध्ये लक्ष्य नं. ४ मा गुणस्तरीय शिक्षाको व्यवस्था गरी सोही किसिमले सरकारी तथा गैर-सरकारी क्षेत्रहरुबाट शिक्षा क्षेत्रलाई प्राथमिकता दिनुलाई अवसरको रुपमा लिन सकिन्छ । निर्वाचित राजनितिक दलको घोषणा पत्रहरुमा पनि शिक्षा क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको छ।अभिभावकहरुमा विस्तारै सचेतनाको अभिवृद्धि भई विद्यालयमा भर्नाहुने बालबालिकाहरुको सङ्ख्या वृद्धि हुँदै जानु, स्थानीय पाठ्यक्रम लागु गरी स्थानीय स्रोत, सीप, साधन, जनशक्तिको सदुपयोगमा पहल गर्नु, विषयगत प्रयोगशाला, सूचना प्रविधि प्रयोगशाला विस्तार गर्दैलानु, संघीय, प्रादेशिक तथा स्थानीय तहको बजेटमा शिक्षा क्षेत्रको बजेटलाई बढाउदै लानु पनि एक अवसरको रुपमा लिन सकिन्छ ।

यस गाउँपालिकाको सन्दर्भमा आधारभूत तहको शिक्षालाई समाबेशी, समतामूलक, पहुँचयोग्य बनाउनको लागि विभन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन् । बालविवाह यस स्थानीय तहको लागि चनौतीपूर्ण समस्या बनेर रहेको छ । सो समस्यालाई न्युनीकरण गरी विद्यालयमा बालबालिकाको टिकाउ दरलाई बढाउन सहयोग गर्ने उद्देश्यले कक्षा ९ देखी कक्षा १२ सम्म अध्ययनरत चेपाङ छात्राहरुलाई मासिक रु. पाँच सय दरले वार्षि क रु ६ हजारका दरले चेपाङ छात्रा विद्यालय शिक्षा प्रोत्साहन अनुदान, बुहारी छात्रवृत्ति, साथै असहाय विपन्नलाई अध्ययन सहयोग अनुदान, प्राविधिक शिक्षा छात्रवृत्ति, दलित उच्च

शिक्षा अध्ययन सहयोग अनुदान जस्ता कार्यक्रमहरु सञ्चालन गरेका छन् । शिक्षकहरुको क्षमता विकासको लागि तालिम तथा अभिमूखीकरण कार्यक्रम, विद्यालय व्यवस्थापन समितिको पदाधिकारीहरुको क्षमता विकास जस्ता कार्यक्रमहरु सञ्चालन गरेका छन् ।स्थानीय स्रोत, संस्कृति, परम्परा, पर्यटन विकास, भाषा, भेषभुषा, कृषि उत्पादन आदिको बारेमा बालबालिकालाई वोध गराउने उद्देश्यले विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ बमोजिम हाम्रो राक्सिराङ्ग नामक स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिएको छ । साथै विभिन्न गैर-सरकारी संघसंस्थाहरुको सहकार्यमा अतिरिक्त शिक्षक व्यवस्थापन, छात्रवृत्ति, विद्यालय पोशाक आदिको व्यवस्था गरिएको छ ।

### ३.२.३ उद्देश्यहरु

- आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चत गर्नु ।
- सबै बालबालिकाहरुमा न्यूनतम सिकाई उपलब्धी हासिल हुनेगरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु ।
- आधारभूत तहको शैक्षिक वातावरण बालमैत्री, सिकाईमैत्री, समाबेशी र सुरक्षित बनाउनु ।

### ३.२.४ रणनीतिहरु

१. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरुको विवरण संकलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने ।
२. बालबालिकालाई शिक्षामा पहुँच अभिबृद्धि गर्नका लागि प्रोत्साहनमुलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
३. विद्यालय नक्साङ्कन, पुनर्वितरण र समायोजन गर्ने ।
४. न्युनतम सिकाई उपलब्धी हासिल गर्न आवधिक रुपमा सिकाईको मूल्याङ्कन गर्ने ।
५. विद्यालयहरुमा खानेपानी, शौचालय तथा सरसफाईको उचित प्रवन्ध सहित न्युनतम भौतिक सुविधा सुनिश्चित गर्ने ।
६. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाई वातावरण तयार गर्ने ।
७. सबै विद्यालयमा प्राथमिकता प्राप्त न्युनतम आवश्यकता पुरा गर्ने ।
८. कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वियन गर्ने ।
९. आवश्यक शिक्षक तालिम, तयारी  तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने ।
१०. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने ।
११. विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने ।
१२. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगाएतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वियन गर्ने ।
१३. विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने ।
१४. अन्तरसम्बन्धित विषयबस्तुहरुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप संचालन गर्न सिकाइ सामाग्री, विधि तथा क्रियाकलापमा परिमार्जन तथा सुधार गर्ने ।

### ३.२.५ उपलव्धि, नतिजा, मुख्य क्रियाकलाप र लक्ष्य निर्धारण

**उपलव्धिहरु**

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिस्चित भई गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

**नतिजाहरु**

१. आधारभूत तहको खुद भर्नादर १०० प्रतिशत भएको हुनेछ ।
२. आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर १०० प्रतिशत भएको हुनेछ ।
३. आवश्यक संख्यामा योग्य शिक्षकको व्यवस्था भएको हुनेछ ।
४. विद्यालयहरुमा बालमैत्री र समाबेशी वातावरणमा सिकाइ भएको हुनेछ ।
५. विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको व्यवस्था प्रबन्ध भएको हुनेछ ।
६. सूचना तथा संचार प्रविधि लगाएतका प्रविधिको प्रयोगमा बिस्तार तथा सहज उपयोग भई सिकाइमा सहज भएको हुनेछ ।

तालिका नं. १२:प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | ० | ० | १ | ० | २ | २ | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्था | जना | २५ | १५ | १५ | २५ | २० | १०० | १०० | |
| ३ | सबै बालबालिकालाई विद्यालय भर्ना | प्रतिशत | ९० | ९५ | १०० | १०० | १०० | १०० | १०० | |
| ४ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | प्रतिशत | ५ | ८ | १० | १५ | २५ | ६३ | १०० | |
| ५ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | | १ | | १ | ३ | ३ | |
| ६ | शिक्षकहरुको क्षमता विकास | प्रतिशत | १० | २० | ३० | २० | २० | १०० | १०० | |
| ७ | विद्यालयको उत्थानशी योजना निर्माण तथा कार्यान्वयन | प्रतिशत | ५ | ९ | १३ | १७ | २२ | ६६ | १०० | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ८ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, समाग्री तथा क्षमता विकास | प्रतिशत | २० | २२ | २४ | २५ | ९ | १०० | १०० | |
| ९ | शिक्षक विकास तथा सहायता प्रणालीको पुनःसरंचना | प्रतिशत | १० | १२ | १५ | १६ | १७ | ७० | १०० | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवाखाजाको प्रबन्ध | प्रतिशत | २० | २० | २० | २० | २० | १०० | १०० | |
| ११ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | प्रतिशत | ५० | २० | ३० | १०० | १०० | १०० | १०० | |
| १२ | पाठ्यपुस्तकको व्यवस्था | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १३ | सन्दर्भ सामग्रीको व्यवस्था | प्रतिशत | २० | २० | २० | २० | २० | १०० | १०० | |
| १४ | विपन्नका लागि ड्रेस, स्टेसनरीका लागि छात्रवृत्ति | प्रतिशत | ५० | १० | १० | २० | १० | १०० | १०० | |
| १५ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | प्रतिशत | ५० | १५ | १५ | १० | १० | १०० | १०० | |
| १६ | निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यन्वयन | प्रतिशत | ३० | २० | २० | १० | २० | १०० | १०० | |
| १७ | शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना | प्रतिशत | २० | १० | १० | १० | ५० | १०० | १०० | |
| १८ | विव्यस,शिअसंका पदाधिकारीहरुको क्षमता विकास | प्रतिशत | १० | १० | २० | २० | ४० | १०० | १०० | |
| १९ | अभिभावक शिक्षा कार्याक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २० | विद्यालय बाहिर रहेको | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| २१ | विद्यालय उमेरका बालबालिकाको तथ्याङ्क संकलन<br>कक्षा ३ सम्म कक्षा शिक्षणको व्यवस्था | प्रतिशत | २० | ४० | ६० | ८० | १०० | १०० | १०० | |
| २२ | विद्यालयको भौतक पूर्वाधार मर्मत तथा व्यवस्थापन | | नि. | नि. | नि. | नि. | नि. | नि. | नि. | |
| २३ | प्रकोप तथा संकटमा वैकल्पक शिक्षा कार्यक्रम | | | | | | | | | |
| २४ | विद्यालय फर्निचर तथा अन्य आवश्यक सामाग्री व्यवस्थापन | | | | | | | | | |
| २५ | किशोर किशोरी मनोसामाजिक परामर्श कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ अनुसार ज्ञानको खोजी गरी सिकाइ र वास्तविकताबीच सम्बन्ध स्थापित गर्ने. सिद्धान्त र व्यवहारको समन्वय गर्ने, स्वपरावार्तित हुदै ग्यान सिप र क्षमतालाई अद्यावधिक गर्ने, अधिकार, स्वतन्त्रता र समानताको प्रवर्धन गर्ने, स्वस्थ जीवनको अभ्यास गर्ने, तार्किक विश्लेषण गरी निर्णय गर्ने, वैज्ञानिक विश्लेषणका आधारमा व्यक्ति, समाज र राष्ट्रको दिगो विकासमा सरिक हुने, नैतिक आचरण प्रदर्शन गर्ने, सामाजिक सद्भावप्रति संवेदनशील हुने, पर्यावरणीय सन्तुलनप्रति संवेदनशील हुने, द्वन्द्व व्यवस्थापन गर्दै दिगो शान्तिको लागि प्रतिवद्ध रहने, आधुनिक ज्ञान, सिप सूचना तथा संचार प्रविधिको प्रयोग गर्ने, समाज स्वीकार्य आचरण र कार्य संस्कृतिको अवलम्बन गर्ने, सहिष्णुभाव राख्ने, सिर्जनशील, कल्पनाशील, उद्यमशील एवम् उच्च सोच र आदर्शमा आधारित व्यवहार गर्ने, समसामयिक चुनौतिको सफल व्यवस्थापन गर्ने लगायतका विशेषता युक्त स्वावलम्बी, देशभक्त, परिवर्तनमुखी , चिन्तनशील एवम् समावेशी समाज निर्माणमा योगदान गर्न सक्ने सक्षम नागरिक तयार गर्नु माध्यमिक शिक्षाको मार्गदर्शन हो । साथै सोही प्रारुपले माध्यमिक शिक्षा (कक्षा ९-१२) को १५ वटा सक्षमताहरु निर्धारण गरिएको छ ।

माध्यमिक शिक्षा (कक्षा ९-१२) ले मानवीय मूल्यका साथै भाषा, कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सिप, दृष्टिकोण तथा व्यवहारहरु आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राख्दछ । यो तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो ।

नेपालको संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरी आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिस्चित गर्न तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरिएको छ ।माध्यमिक तहमा साधारण र प्राविधिक धारमा शिक्षा कार्यक्रम संचालन गरिएको छ । विद्यालय शिक्षा अन्तर्गत कक्षा ९-१२ मा संचालित प्राविधिक धारका कार्यक्रममा कार्यस्थल अनुभवसहित सिकाई हुने गरी वनस्पति विज्ञान, प्राणी विज्ञान, कम्प्युटर इन्जीनियरिङ्ग, सिभिल इन्जीनियरिङ्ग, इलेक्ट्रिकल इन्जीनियरिङ्ग र संगीत गरी ६ विषय क्षेत्र रहेका छन् ।

### ३.२.२ वर्तमान अवस्था

IEMIS 2079 को तथ्यांक अनुसार यस गाउँपालिका अन्तर्गत छात्रा २४८ र छात्र २५७ गरी जम्मा ७०५ जना विद्यार्थीहरु भर्ना भएका छन् । यस गाउँपालिका अन्तर्गत संचालित ५४ वटा विद्यालयहरु मध्ये १ वटा विद्यालयमा कक्षा १-१२ र ५ वटा विद्यालयमा कक्षा १-१० संचालनमा रहेको छ ।जसमध्ये एउटा विद्यालयमा प्राविधिक धार अन्तर्गत बाली विज्ञान कक्षा ९-१२ संचालित रहेको छ । IEMIS 2079 को तथ्यांक अनुसार माध्यमिक तह कक्षा ९-१२ को कुल भर्नादर २८.७६ प्रतिशत (राष्ट्रिय ७७.४ प्रतिशत) र खुद भर्नादर ३.३४ प्रतिशत (राष्ट्रिय ५५.८ प्रतिशत) रहेको तथ्यांकले देखाएको छ । कक्षा १ भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर २० प्रतिशत (राष्ट्रिय ६७.८ प्रतिशत), कक्षा १ भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर ८.७ प्रतिशत (राष्ट्रिय ३४.८ प्रतिशत), माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्नादरमा लैंगिक समता सूचक १.७४ (राष्ट्रिय १.०१) र माध्यमिक तहमा कार्यरत महिला शिक्षक ८.७ प्रतिशत (राष्ट्रिय ३४.८ प्रतिशत) र माध्यमिक

तह (कक्षा ९-१०) मा विद्यार्थी शिक्षक अनुपात ८५:१ (राष्ट्रिय ४०:१) र माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी शिक्षक अनुपात १०१:१ (राष्ट्रिय ४१:१) रहेको तथ्यांकले देखाएको छ ।

तालिका नं. १३: तहगत विद्यालय विवरण राक्सिराङ्ग गाउँपालिका,२०७९

| विद्यालय तह | जम्मा | | सामुदायिक | | संस्थागत | |
|---|---|---|---|---|---|---|
| | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा |
| **प्रारम्भिक बालविकास** | **९९४** | **४७५** | **८८७** | **४२२** | **१०७** | **५३** |
| आधारभूत (कक्षा १-५) | ४२३८ | २०५४ | ४१९९ | २०३३ | ३९ | २१ |
| आधारभूत (कक्षा ६-८) | ७५४ | १३८० | ७५४ | १३८० | ० | ० |
| **आधारभूत (कक्षा १-८)** | **५९८६** | **३९०९** | **५८४०** | **३८३५** | **१४६** | **७४** |
| माध्यमिक(९-१०) | ५९१ | ३७९ | ५९१ | ३७९ | ० | ० |
| माध्यमिक(११-१२) | ११४ | ६९ | ११४ | ६९ | ० | ० |
| माध्यमिक(९-१२) | **७०५** | **४४८** | **७०५** | **४४८** | **०** | **०** |
| **जम्मा(१-१२)** | **६६९१** | **४३५७** | **६५४५** | **४२८३** | **१४६** | **७४** |

स्रोत: *Flash Report (IEMIS 2079)*

यसै गरी यस गाउँपालिका अन्तर्गत माध्यमिक तह (कक्षा ९-१०) को लागि स्वीकृत दरवन्दी १ र राहत अनुदान ५ गरी जम्मा ६ वटा मा.वि. दरवन्दी रहेको छ भने माध्यमिक तह (कक्षा ११-१२) मा शुन्य दरबन्दी रहेको छ ।

तालिका नं. १४: माध्यमिक तह दरवन्दी विवरण

| तह | स्वीकृत दरवन्दी | राहत अनुदान | गाउँपालिका अनुदान | संघीय अनुदान | संघ-संस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| माध्यमिक तह (कक्षा ९-१०) | १ | ५ | ६ | ३ | ० | १५ |
| माध्यमिक तह (कक्षा ११-१२) | ० | ० | ० | ० | ० | ० |

*स्रोत:कार्यालयको अभिलेख,२०७९*

शैक्षिक सत्र २०७८ को माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको औषत सिकाइ उपलब्धी नेपाली भाषाको ५१.२२ (राष्ट्रिय ६३), गणितको २१.०१ (राष्ट्रीय ५७) र अंग्रेजीको ४१.०७ (राष्ट्रीय ४९) रहेको देखाएको छ ।

तालिका नं. १५: माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा २०७८ को केही विषयको औषत सिकाइ उपलब्धि

| विषय | तह | औषत अंक |
|---|---|---|
| **नेपाली भाषा** | स्थानीय-राक्सिराङ्ग गाउँपालिका | ५१.२ |
| | राष्ट्रिय | ६३ |
| **गणित** | स्थानीय-राक्सिराङ्ग गाउँपालिका | २१.०१ |
| | राष्ट्रिय | ५७ |
| **अंग्रेजी** | स्थानीय-राक्सिराङ्ग गाउँपालिका | ४१.०७ |
| | राष्ट्रिय | ४९ |

*स्रोतः विद्यालयबाट प्राप्त अभिलेख*

शैक्षिक सत्र २०७९ IEMIS तथ्यांक अनुसार माध्यमिक तह (कक्षा ९-१२) मा दलित २२(३.१ प्रतिशत), जनजाति ६३८ (९०.४९ प्रतिशत), ब्राह्मण क्षेत्री ३६ (५.१ प्रतिशत) र अन्य ९ (१.२ प्रतिशत) विद्यार्थी भर्ना भएको देखिएको छ ।

तालिका नं. १६: माध्यमिक तहमा जातिगत विद्यार्थी संख्या

| तह | समुह | | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| माध्यमिक तह कक्षा ९-१२) | दलित | छात्रा | १२ | १.७ |
| | | जम्मा | २२ | ३.१ |
| | चेपाङ्ग | छात्रा | १७६ | २४.९६ |
| | | जम्मा | २६६ | ३७.७३ |
| | जनजाति | छात्रा | ४०६ | ५७.५८ |
| | | जम्मा | ६३८ | ९०.४९ |
| | ब्राह्मण/क्षेत्री | छात्रा | २६ | ३.६ |
| | | जम्मा | ३६ | ५.१ |
| | अन्य | छात्रा | ४ | ०.५ |
| | | जम्मा | ९ | १.२ |

*स्रोतः Flash Report (IEMIS 2079)*

शैक्षिक सत्र २०७९ को तथ्याङ्क अनुसार यस गाउँपालिकामा **माध्यमिक** तह (कक्षा ९-१२) को विद्यार्थी शिक्षक अनुपात १०१:१ (राष्ट्रिय ४१:१) रहेको छ विद्यार्थी संख्याको अनुपातमा एकदमै न्युन दरवन्दी र विषयगत दरवन्दी शिक्षक व्यवस्थापन यहाँको ठुलो चुनौतीको रुपमा रहेको छ ।

प्रत्येक विद्यालयमा सुविधा सम्पन्न भौतिक पूर्वाधारको व्यवस्था, सूचना प्रविधि प्रयोगशाला, विषयगत प्रयोगशाला, पुस्तकालय आदिको व्यवस्थापन पनि अर्को चुनौतीको रुपमा रहेको छ ।

भौगोलिक विकटताको कारण सबै विद्यालयमा ईन्टरनेटको पहुँच, भौतिक पूर्वाधार विकासको लागि सहज ढुवानी र पहुँजस्ता विषयहरु पनि यहाँको लागि मुख्य चुनौतीको रुपमा रहेको छ ।

सबै तह र विषयका तालिम प्राप्त शिक्षकको उपलब्धता, स्थायी तथा दक्ष र तालिम प्राप्त शिक्षकहरु सरुवा भएर जाने समस्यालाई न्युनीकरण गर्नु, तालिम प्राप्त, सक्षम, नेतृत्व गर्नसक्ने प्रधानाध्यापकको अभाव अर्को चुनौतीको रुपमा रहेको छ ।

माध्यमिक तहमा सो तहको उमेर समुह भन्दा माथिल्लो तहको उमेर समुहका बालबालिकाहरुको सङ्ख्या अधिक भएकोले बालबालिकालाई समयमै विद्यालयमा भर्ना हुने व्यवस्था मिलाउन अभिभावकमा सचेतना अभिबृद्धि गर्नु र यहाँको गम्भीर समस्याको रुपमा रहेको बालबिवाहलाई न्युनीकरण गरी बीचैमा कक्षा छोड्ने बालबालिकाको सङ्ख्यालाई न्यूनीकरण गरी विद्यालय शिक्षा पुरा गर्ने बालबालिकाहरुको संख्यामा अभिवृद्धि गर्नु एक मुख्य चुनौतीको रुपमा रहेको छ ।

नेपालको संविधानले माध्यमिक तह सम्मको शिक्षा निःशुल्क हुने व्यवस्था गरिएको साथै निःशुल्क शिक्षा सम्बन्धी ऐनले पनि निःशुल्क विद्यालय शिक्षाको स्पष्ट कानूनी व्यवस्था गर्नु पनि अवसरको रुपमा लिन सकिन्छ ।यसै गरी संघीय सरकार प्रदेश सरकार तथा स्थानीय तहले पनि शिक्षा क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको छ । दिगो विकासको १७ लक्ष्यहरुमा शिक्षाको व्यवस्था गरी सोही किसिमले सरकारी तथा गैर-सरकारी क्षेत्रहरुबाट शिक्षा क्षेत्रलाई प्राथमिकता दिनुलाई अवसरको रुपमा लिन सकिन्छ । निर्वाचित राजनितिक दलको घोषणा पत्रहरुमा पनि शिक्षा क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको छ।अभिभावकहरुमा विस्तारै सचेतनाको अभिवृद्धि भई विद्यालयमा भर्नाहुने बालबालिकाहरुको सङ्ख्या वृद्धि हुँदै जानु, विषयगत प्रयोगशाला, सूचना प्रविधि प्रयोगशाला विस्तार गर्दैलानु, संघीय, प्रादेशिक तथा स्थानीय तहको बजेटमा शिक्षा क्षेत्रको बजेटलाई बढाउदै लानु पनि एक अवसरको रुपमा लिन सकिन्छ ।

यस गाउँपालिकाको सन्दर्भमा माध्यमिक तहको शिक्षालाई समावेशी, समतामूलक, पहुँचयोग्य बनाउनको लागि विभन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन् । बालविवाह यस स्थानीय तहको लागि चुनौतीपूर्ण समस्या बनेर रहेको छ । सो समस्यालाई न्युनीकरण गरी विद्यालयमा बालबालिकाको टिकाउ दरलाई बढाउन सहयोग गर्ने उद्देश्यले कक्षा ९ देखी कक्षा १२ सम्म अध्ययनरत चेपाङ छात्राहरुलाई मासिक रु. पाँच सयका दरले वार्षिक रु ६ हजारका दरले चेपाङ छात्रा विद्यालय शिक्षा प्रोत्साहन अनुदान, बुहारी छात्रवृत्ति, साथै असहाय विपन्नलाई अध्ययन सहयोग अनुदान, प्राविधिक शिक्षा छात्रवृत्ति, दलित उच्च शिक्षा अध्ययन सहयोग अनुदान जस्ता कार्यक्रमहरु सञ्चालन गरिएका छन् । शिक्षकहरुको क्षमता विकासको लागि तालिम तथा अभिमूखीकरण कार्यक्रम, विद्यालय व्यवस्थापन समितिको पदाधिकारीहरुको क्षमता विकास जस्ता कार्यक्रमहरु सञ्चालन गरेका छन् । साथै विभिन्न गैर-सरकारी संघसंस्थाहरुको सहकार्यमा अतिरिक्त शिक्षक व्यवस्थापन, छात्रवृत्ति, विद्यालय पोशाक आदिको व्यवस्था गरिएको छ ।

### ३.३.३ उद्देश्यहरु

१. माध्यमिक शिक्षामा समतामुलक पहुँच तथा सहभागिता सुनिस्चित गर्नु ।

२. माध्यमिक शिक्षाको आन्तरिक सक्षमता र गुणस्तर सुधार गर्नु ।

३. माध्यमिक तहको शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समाबेशी र सुरक्षित बनाउनु ।

### ३.३.४ रणनीतिहरू

१. माध्यमिक तहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार विद्यालयहरुको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने ।

२. विद्यार्थीलाई विद्यालयमा पहुँच वृद्धि गर्न विभिन्न प्रोत्साहन मुलक कार्यक्रम संचालन गर्ने ।

३. विद्यालय बाहिर रहेका बालबालिकाहरुका लागि वैकल्पिक माध्यमका शैक्षिक कार्यक्रम संचालन गर्ने ।

४. सबै विद्यालयमा न्युनतम सिकाई वातावरण सुनिस्चित गर्ने ।

५. शिक्षकको पेशागत विकास तथा सहयोगको व्यवस्था गर्ने ।

६. विद्यालयहरुलाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने

७. सक्षम र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था गर्न प्र. अ. नियुक्तिको भिन्दै प्रावधान विकास गरि लागु गर्ने ।

८. आवधिक रुपमा सिकाईको मुल्यांकन गरी विद्यालय, शिक्षकलाई विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने ।

### ३.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**उपलब्धीः**

क) माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सक्षमता, सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।

**प्रमुख नतिजाः**

१. माध्यमिक तहको कुल भर्नादर र खुद भर्नादर क्रमशः ७० प्रतिशत र ६० प्रतिशत भएको हुनेछ ।

२. माध्यमिक शिक्षा परिक्षामा नेपाली, गणित र अंग्रेजी विषयको औशत सिकाइ उपलब्धि क्रमशः ६०, ३५ र ५० भएको हुनेछ ।

३. कक्षा १० सम्मको टिकाउदर र कक्षा १२ सम्मको टिकाउदर क्रमशः ५० र ३५ प्रतिशत पुगेको हुनेछ ।

४. सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गरेका हुनेछन ।

५. सूचना तथा संचार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुनेछ ।

६. माध्यमिक तहको शिक्षामा सुशासन कायम भई गुणस्तरीय शिक्षा प्रावः भएको हुनेछ ।

तालिका नं. १७ः प्रमुख क्रियालाप र लक्ष्य निर्धारण

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निशुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानुन, कार्यविधि र निर्देशिकाको प्रवोधिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | ० | ० | ० | १ | २ | २ | |
| ३ | विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | २५ | ३० | |
| ४ | मापदण्ड अनुसार शिक्षक व्यवस्था | प्रतिशत | ५ | ५ | ५ | ५ | १० | ३० | ४० | |
| ५ | सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने | प्रतिशत | ३० | ३२ | ३४ | ३६ | ३७ | ३८ | ५० | |
| ७ | विद्यालयको न्युनतम भौतिक पूर्वाधार विकास | प्रतिशत | ६ | १२ | १८ | २४ | ३० | ३५ | ५० | |
| ८ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | ० | १ | ० | १ | ३ | ३ | |
| ९ | शिक्षकको क्षमता विकास | प्रतिशत | १० | १५ | २० | ३५ | २० | १०० | १०० | |
| १० | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | २५ | ३५ | |
| ११ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, समाग्री तथा कार्यान्वयन | प्रतिशत | १० | १५ | २० | १० | १० | ६५ | ७० | |
| १३ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | पटक | १ | १ | २ | ३ | ५ | १२ | २० | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १४ | अपाङ्गता भएका विद्यार्थीलाइ सहयोग | प्रतिशत | ५० | २० | २० | १० | १०० | १०० | १०० | |
| १५ | निःशुल्क माध्यमिक शिक्षा सुनिश्चितताका लागि पाठ्यपुस्तक, पोसाक तथा स्टेसनरी, दिवाखाजा,छात्रवृत्ति र सिकाइ सामग्रीको व्यवस्था | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | २५ | ४० | |
| १६ | कक्षाकोठामा आधारित मुल्याङ्कन | प्रतिशत | ५ | १० | १५ | २० | १० | ६० | १०० | |
| १७ | व्यवस्थित परीक्षा प्रणाली | प्रतिशत | २० | ३० | १० | २० | २० | १०० | १०० | |
| १८ | शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना | प्रतिशत | ५ | ५ | १५ | २५ | ३५ | ८५ | १०० | |
| १९ | विव्यस, शिअसंका पदाधिकारीहरुको क्षमता विकास | प्रतिशत | ३० | २० | २० | १० | २० | १०० | १०० | |
| २१ | लक्षित बालबालिकाहरुका लागि आवासीय प्रबन्ध | प्रतिशत | १० | २० | ३० | २० | २० | १०० | १०० | |

## ३.४ पाठ्यक्रम र मुल्यांकन

### ३.४.१ परिचय

**पाठ्यक्रम सिकाईको एउटा विस्तृत योजना हो** ।विद्यार्थीको सिकाइलाई सुनिश्चित गर्न विद्यालयको निर्देशनमा कक्षाकोठा भित्र र बाहिर संचालन गरिने सम्पूर्ण क्रियाकलापको विस्तृत योजना पाठ्यक्रम हो । यो विद्यालयमा हुने शिक्षण सिकाई क्रियाकलापको सम्पुर्ण जीवन हो । यसले विषयबस्तु, उद्देश्य, सिकाइ अनुभव, शिक्षण विधि, शिक्षण सामाग्री, मुल्यांकन जस्ता पक्षहरुलाई समेट्ने गर्दछ ।उद्देश्य, विषयबस्तु, शिक्षण विधि, मुल्यांकन यसका मुख्य तत्वहरु हुन् ।

शैक्षिक उद्देश्यहरु पुरा गर्न, सिकाइका विभिन्न योजनाहरु तयार गरि कार्यन्वयन गर्न, विषयबस्तु अनुरुपका विधि तथा कार्यकलापहरु चयन गर्न, शैक्षणीक सामाग्री निर्माण तथा चयन गर्न, मूल्यांकनका तरिका तथा साधन निर्धारण गर्न, शिक्षण सिकाइ सहजीकरण प्रक्रियालाई मार्गनिर्देश गर्न, व्यक्ति, समाज, राष्ट्रका लक्ष्य तथा उद्देश्यहरु पुरा गर्न, शिक्षाको गुणस्तर निर्धारण गर्न पाठ्यक्रमको आवश्यकता तथा महत्व रहेको छ ।

**स्थानीय तथा विश्वव्यापी आवश्यकताको सन्दर्भलाई दृष्टिगत गर्दै सूचना तथा संचार प्रविधिको प्रयोगलाई व्यापक गर्ने, प्राविधिक शिक्षाको विस्तार गर्ने, जीवनोपयोगी सीपलाई एकिकृत गर्ने, सिकाइलाई कामको संसारसँग आवद्ध गर्ने र ज्ञान र सीपलाई उत्पादनसँग जोड्ने कार्यलाई महत्व दिने दृष्टिकोणलाई आत्मसात गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको विद्यालय शिक्षा पद्धतिको मार्गदर्शक दस्तावेजको रुपमा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ (दोस्रो संसकरण २०७९) लाई स्वीकृत गरिएको छ** ।नेपालको विद्यालय शिक्षाको पाठ्यक्रम यहि प्रारुपको आधारमा विकास गरिएको छ । पाठ्यक्रम शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपुर्ण आधार हो । औपचारिक शिक्षा पद्धतिमा पाठ्यक्रमद्वारा निर्देशित ज्ञान, सिप तथा अभिवृत्ति प्राप्तिमा  विद्यार्थीलाई सक्षम बनाउने दिशामा शिक्षण सिकाई तथा मुल्यांकन प्रक्रिया संचालित हुनुपर्दछ । पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने शिक्षा अर्थात ज्ञान, सिप तथा अभिवृत्तिको माध्यमबाट व्यक्तिलाई समाज तथा विश्व परिवेश अनुकुल समायोजन हुन, सक्रिय र सुसूचित नागरिक जीवन व्यतित गर्न, रोजगारी प्राप्त गर्न, पेसा तथा व्यवसाय छनौट तथा संचालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुनुपर्दछ ।

नेपालले अन्तर्राष्ट्रिय मंचहरुमा व्यक्त गरेका प्रतिवद्धता एवम् सन् २०३० सम्म दिगो विकासका लक्ष्य हासिल गर्ने सन्दर्भमा शिक्षाको पहुँचलाई समाबेशी र समतामुलक बनाई गुणस्तरीय शिक्षा प्रदान गर्ने दिशातर्फ **राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ (दोस्रो संसकरण २०७९) ले मार्गनिर्देश गरेको छ** । यस प्रारुपले विद्यालय शिक्षामा नीतिगत तथा संरचनागत नवीन आयाम समावेश गरी कक्षा १ देखी ३ सम्म एकीकृत पाठ्यक्रम तथा कक्षा ९ देखि १२ सम्म एकलपथीय पाठ्यक्रम ढाँचा अवलम्बन गरेको छ ।

### ३.४.२ वर्तमान अवस्था

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यन्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु भई शैक्षिक सत्र २०८० बाट कक्षा १-१२ मा यो पाठ्यक्रम कार्यान्वयन भएको छ ।विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-३ मा एकीकृत पाठ्यक्रमको अवधारणा बमोजिम अन्तरसम्बन्धित विषयबस्तुलाई एकीकृत गरिएको छ भने कक्षा ९ देखि १२ सम्म एकलपथीय पाठ्यक्रम ढाँचा अवलम्बन गरेको छ ।

प्रत्येक विषयमा विषयबस्तुको स्वरूप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशत सम्म भारको प्रयोगात्मक कार्य वा सामुदायिक कार्य लगायतका व्यावहारिक अभ्यास गराउनुपर्ने व्यवस्था छ ।त्यसैगरी यसले सिकाइमा प्रयोग गरिने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाई सहजीकरण गर्ने, सूचना तथा संचार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहार कुशल सिपका रुपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमको रुपमा प्रयोगलाई बिस्तार गर्ने र विद्यार्थी मुल्यांकनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगको रुपमा सिकाई सुधारको लागि प्रयोग गर्ने नीति लिएको छ ।सरकारले कक्षा १-१० मा अध्ययन गर्ने सबै विद्यार्थीले निःशुल्क रुपमा पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था गरेको छ । अधिकांश संस्थागत तथा केहि सामुदायिक विद्यालयहरुले भने निजि क्षेत्रका प्रकाशकद्वारा प्रकाशित र पाठ्यक्रम विकास केन्द्रले सन्दर्भ सामाग्रीको रुपमा प्रयोग गर्ने प्रयोजनको लागि सूचीकृत पुस्तकहरुमध्येबाट छनौट गरी पाठ्यपुस्तकको रुपमा प्रयोग गरिरहेका छन् ।पाठ्यक्रम विकास केन्द्रले विभिन्न समयमा पाठ्यक्रम, पाठ्यपुस्तक लगायत केही बाल सन्दर्भ सामाग्रीहरु विकास गरि त्यसको विद्युतीय प्रति वेबसाइटमा राख्ने गरिएको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ अनुसार विद्यार्थीहरुको मुल्यांकन तथा प्रमाणीकरणको लागि विद्यालय स्तरीय परिक्षा र वाह्य सार्वजनिक परीक्षा संचालन गरिनेछ । विद्यालयमा आधारित परीक्षा अन्तर्गतको कक्षा १ देखि ७ तथा कक्षा ९ को परीक्षाको सम्पूर्ण जिम्मा स्वयम् विद्यालयको हुनेछ । कक्षा ८, १०, तथा ११ र १२ मा क्रमशः स्थानीय, प्रदेश र संघीय तहमा सार्वजनिक परीक्षा संचालन गरिनेछ । आधारभूत तहको कक्षा ४ देखि कक्षा ८ सम्म आन्तरिक ५० प्रतिशत र वाह्य ५० प्रतिशत भारको मुल्यांकन पद्धति अवलम्बन गरिएको छ । माध्यमिक तहका सार्वजनिक परिक्षामा प्रत्येक विषयमा सामान्यतया कम्तिमा २५ प्रतिशत भारको आन्तरिक ७५ प्रतिशत भारको बाह्य मुल्यांकन हुने छ भने यसमा विषयबस्तुको प्रकृतिअनुसार सैद्धान्तिक तथा प्रयोगात्मक दुवै पक्ष समाबेस हुन्छन् । विद्यालय शिक्षाका सबै कक्षामा अक्षरांकन पद्धतिको कार्यन्वयन भएको छ । लेटर ग्रेडीङ्ग पद्धतिको कार्यन्वयनको लागि सहयोगी पुस्तिका २०७९ मा विद्यालय शिक्षाको प्रत्येक कक्षाको मूल्यांकनका विधि तथा तरिकाहरु उल्लेख गरिएको पाइन्छ ।

लेटर ग्रेडीङ पद्धति, २०७८ विद्यालय तहका पाठ्यक्रममा स्तरिकृत अंक र अक्षरमा उपलब्धी स्तर निर्धारण गर्ने निम्नानुसारका तरिका उल्लेख गरिएको छ :

तालिका नं. १८ः लेटर ग्रेडिङ्ग पद्धति २०७८

| सि.नं. | उपलब्धि प्रतिशत | स्तारिकृत अंक | अक्षरमा उपलब्धि स्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सो भन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सो भन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सो भन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सो भन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सो भन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |

| सि.नं. | उपलब्धि प्रतिशत | स्तारिकृत अंक | अक्षरमा उपलब्धि स्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| ६ | ४० र सो भन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सो भन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | - | NG | अवर्गिकृत (Not Graded) |

*स्रोतः लेटर ग्रेडीङ निर्देशिका, २०७८*

कोभिड-१९ जस्ता विपद, आकस्मिक संक्रमण, प्रकोप तथा महामारी आदिको प्रभावले सिकाइमा भएको अवरोधले सिकाइ तथा मूल्यांकनमा अन्य वैकल्पिक विधि र माध्यम आवश्यक देखिएको सन्दर्भमा डिजिटल सिकाइ सामग्रीको विकास तथा पहुँच बढाउनु आवश्यक देखिएको छ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था, विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र संचालन आवश्यक छ ।

### ३.४.३ उद्देश्य

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाईद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु,

२. निरन्तर, आवधिक तथा स्तरिकृत मुल्यांकन पद्धतिको कार्यान्वयन गर्नु ।

३. निर्माण भएको स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक समयानुकुल परिमार्जन तथा सुधार गरी राम्रोसँग कार्यान्वयन गर्नु ।

### ३.४.४ रणनीतिहरु

१. पाठ्यक्रम कार्यान्वयनको लागि शिक्षकहरुको पेसागत क्षमता अभिवृद्धि गर्ने ।

२. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामाग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रबोधिकरण गर्ने ।

३. विपद, महामारी तथा संकटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्ने ।

४. शिक्षकको लागि शिक्षक निर्देशिका तथा स्रोत सामाग्री र विद्यार्थीको लागि सिकाई सामाग्री, स्वाध्ययन तथा सन्दर्भ सामाग्रीहरु उपलब्ध हुने व्यवस्थाको सुनिस्चितता गर्ने र नियमित अनुगमनको व्यवस्था गर्ने।

५. शिक्षण सिकाइमा सूचना तथा संचार प्रविधिको प्रयोगमा आवश्यक पूर्वाधार, डिजिटल सामग्री र शिक्षकको क्षमता बढाउने ।

६. निर्माण भएको स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक समयानुकुल परिमार्जन तथा संसोधन गरी उचित कार्यान्वयन गर्ने ।

७. विद्यार्थीको सिकाई उपलब्धिलाई शिक्षकको वृत्तिविकाससँग आवद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यन्वयन गर्ने वातावरण सिर्जना गर्ने ।

८. निरन्तर विद्यार्थी मुल्यांकन प्रक्रियालाई शिक्षण सिकाईको अभिन्न अंगको रुपमा प्रयोग गर्ने ।

### ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिहरुः**

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ ।

२. निरन्तर, आवधिक तथा स्तरिकृत मुल्यांकन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाई उपलब्धिमा सुधार आएको हुनेछ ।

**प्रमुख नतिजाः**

१. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीको सिकाई उपलब्धिमा सुधार आएको हुनेछ ।

तालिका नं. १९: प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण

| क.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पाठ्यक्रम प्रबोधिकरण तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २ | पाठ्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन का लागि शिक्षक तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | प्रतिशत | ५ | १० | १५ | २० | १० | ६० | १०० | |
| ५ | आवधिक विद्यार्थी मूल्याङ्कन | प्रतिशत | २० | ३० | २० | २० | १० | १०० | | |
| ६ | डिजिटल सामग्रीको विकास र प्रयोग | प्रतिशत | १० | १० | १० | १० | १० | ५० | १०० | |
| ७ | सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास र प्रयोग | प्रतिशत | १० | १० | १० | १० | १० | ५० | १०० | |
| ८ | निःशुल्क पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| ९ | वहु पाठ्यपुस्तक | प्रतिशत | १० | १० | १० | १० | १० | ५० | ५० | |
| १२ | सुपरिवेक्षण तथा अनुगमन | पटक | १ | २ | ३ | ४ | ५ | ६ | १२ | |
| १३ | परीक्षा सञ्चालन | पटक | ४ | ६ | ६ | ६ | १२ | १२ | १२ | |

## ३.५ शिक्षक व्यवस्थापन र विकास

### ३.५.१ परिचय

शिक्षक वौद्धिक, नैतिक, सामाजिक प्रतिरुपको काम गर्ने सामाजिक परिवर्तनका वाहकका रुपमा हेर्ने गरिएको छ । बालबालिकाको भावी जीवनलाई निर्देश गर्न तथा राष्ट्रको सामाजिक, आर्थिक, सांस्कृतिक तथा मानवीय पुजींको विकास गर्न शिक्षकको महत्वपुर्ण भूमिका रहन्छ । बदलिदो सामाजिक परिवेश, सूचना र प्रविधिको विकास, सामाजिक जटिलता र परिवर्तनले पनि शिक्षकको भूमिका बढी गहन र जिम्मेवार बन्न गएको छ । शिक्षकहरु परिवर्तनको वाहक भएकोले सभ्य सुसंस्कृत तथा शिक्षित समाज निर्माणमा उनीहरुको ठुलो योगदान रहन्छ । गुणस्तरीय शिक्षा र गुणस्तरीय शिक्षक एकअर्काका पर्याय हुन् । यी सबै आकांक्षा पुरा गर्न शिक्षक योग्य, व्यावसायिक रुपमा दक्ष, पेसा प्रति उत्प्रेरित, समर्पित, प्रतिवद्ध र विद्यार्थीको सिकाईप्रति जवाफदेही हुनु आवश्यक छ । शिक्षणको लागि शिक्षक आवश्यक हुन्छ ।शिक्षण सिकाइमा पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामाग्री, शिक्षण पद्धति आदिको महत्वपूर्ण स्थान रहेको हुन्छ तापनि शिक्षकले यी सबैको उचित प्रयोग गरी विद्यार्थीलाई ज्ञान र सिपले पूर्ण गराएमात्र यी बस्तुले शिक्षण सिकाईमा सार्थकता प्राप्त गर्दछ । अतः शिक्षकले शैक्षणिक उद्देश्य प्राप्तिको लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामाग्रीको प्रयोग गरी विद्यार्थीलाई विषयबस्तुको ज्ञान, सीप र धारणा प्रदान गर्दछन त्यसैले शिक्षण प्रक्रियामा शिक्षकको महत्वपुर्ण भूमिका रहन्छ ।

शिक्षक अध्यापन अनुमतिपत्रका लागि परिक्षा संचालन गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिको लागि परिक्षा संचालन गरी नियुक्तिको लागि सिफारिस गर्ने र शिक्षक वढुवा सम्बन्धि कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ ।आयोगबाट सिफारिस भई आएका शिक्षकहरुलाई शिक्षा विकास तथा समन्वय इकाइले नियुक्त गरी पदस्थापना गर्ने कार्य स्थानीय तहहरुले गर्दै आएका छन । शिक्षकको पेशागत विकासको लागि नीति निर्माण गर्ने काम शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कस्टमाइजड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मनाव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका तालिम संचालन गर्ने काम प्रदेश अन्तर्गतका शिक्षा तालिम केन्द्रहरुले गर्दै आएका छन् ।

### ३.५.२ वर्तमान अवस्था

यस गाउँपालिका अन्तर्गत प्राथमिक तहको स्वीकृत शिक्षक दरवन्दी १०६ र राहत अनुदान ३६ गरी जम्मा १३५ र आधारभूत तह (कक्षा ६-८) को स्वीकृत दरवन्दी ५ र राहत अनुदान १६ गरी जम्मा २२ र माध्यमिक तह (कक्षा ९-१०) मा स्वीकृत दरवन्दी १ र राहत अनुदान ५ गरी जम्मा ६ दरवन्दी रहेको छ ।

तालिका नं. २०: तहगत दरबन्धी विवरण

| तह | दरवन्दी | राहत | जम्मा |
|---|---|---|---|
| प्रा.वि | १०६ | २९ | १३५ |
| नि.मा.वि | ५ | १६ | २१ |
| मा.वि (९-१०) | २ | ५ | ७ |
| मा.वि (११-१२) | ० | ० | ० |
| प्राविधिक धार सहायक प्रशिक्षक | १ | | १ |
| प्राविधिक धार प्रशिक्षक | १ | | १ |

| जम्मा | ११५ | ५० | १६५ |
|---|---|---|---|

*स्रोतः कार्यालयको अभिलेख, २०७९*

शैक्षिक सत्र २०७९ को तथ्याङ्क अनुसार यस गाउँपालिकामा आधारभूत तह (कक्षा ६-८) को विद्यार्थी शिक्षक अनुपात ६३:१ (राष्ट्रिय ३०:१) रहेको छ भने माध्यमिक तहमा कार्यरत महिला शिक्षक ८.७ प्रतिशत (राष्ट्रिय ३४.८ प्रतिशत) र माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी शिक्षक अनुपात ८५:१ (राष्ट्रिय ४०:१) र माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी शिक्षक अनुपात १०१:१ (राष्ट्रिय ४१:१) रहेको तथ्यांकले देखाएको छ ।

यस गाउँपालिकाको सन्दर्भमा भन्नु पर्दा विषयगत शिक्षक दरवन्दी विद्यार्थीसंख्या अनुसार शिक्षकदरबन्दी व्यवस्थापन चुनौतिको रुपमा रहेको छ । यसका साथै तालिम प्राप्त शिक्षकको अभाव र तालिम प्राप्त दक्ष शिक्षकहरु सरुवा भएर अन्यत्र जाने यहाँ बस्न नखोज्ने जस्ता समस्याहरु यहाँका प्रमुख समस्याहरु हुन् ।

### ३.५.३ उद्देश्यहरु

१. विषयगत र कक्षागत रुपमा शिक्षक दरवन्दी व्यवस्थापन गर्नु ।
२. सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारुपको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ।
३. शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरुको सुनिश्चितता गरि शिकक्षकको स्थायित्वय कामय गर्नु ।

### ३.५.४ रणनीतिहरु

१. राष्ट्रिय, प्रदेश र जिल्लाको न्युनतम अनुपात स्तरमा यस पालिकामा थप शिक्षक दरवन्दी ल्याउन राजनीतिक, प्रशासनिक सवै समयन्त्र परिचालन गर्ने ।
२. शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/ पुनर्वितरण तथा व्यवस्थापन गर्ने ।
३. रिक्त शिक्षक दरवन्दीहरुमा स्थानीय तहद्वारा शिक्षक व्यवस्थापन गर्ने ।
४. शिक्षकको निरन्तर पेसागत विकासको लागि संघ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकास सम्बन्धि सेवाकालीन तालिम संचालन गर्ने ।
५. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक संजाल, विज्ञ समुह गठन, शिक्षक सिकाई समुह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा पथ प्रदर्शन पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने ।
६. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने ।शिक्षक तथा प्रधानाध्यापकको वृत्तिविकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।

### ३.५.५ उपलब्धि. नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

१. राष्ट्रिय, प्रदेश र जिल्लाको अनुपातमा यस पालिकामा शिक्षक दरवन्दि कायम भएको हुनेछ ।
२. दरबन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागत रुपमा शिक्षक व्यवस्थापन भएको हुनेछ ।

३. शिक्षकहरुलाई निरन्तर पेसागत विकासका अवसरहरु प्राप्त भएको हुनेछ ।

प्रमुख नतिजाहरुः

१. शिक्षक पेसागत विकासका प्रावधानहरुको विस्तार र सुदृढीकरण भएको हुनेछ ।

२. शिक्षकको वृत्तिविकासको लागि मापनयोग्य, पारदर्शी र बस्तुनिष्ठ आधार सहितको पद्धति स्थापित भएको हुनेछ ।

तालिका नं. २१: प्रमुख कृयाकलापहरु र लक्ष्य निर्धारणः

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| २ | अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरको व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका तयारी | पटक | १ | ० | ० | १ | ० | २ | २ | |
| ३ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरुलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धि | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गर्ने | पटक | १ | ० | ० | १ | ० | २ | २ | |
| ५ | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने | प्रतिशत | ३ | ५ | ६ | ७ | ४ | २५ | ३५ | |
| ७ | अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्था | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | २५ | ३५ | |
| ८ | पुस्तकालय र पुस्तककुना | प्रतिशत | १० | १५ | २५ | ३५ | १५ | १०० | १०० | |
| ९ | सूचना प्रविधि प्रयोगशाला | प्रतिशत | १० | २० | ३० | २० | २० | १०० | १०० | |
| १० | विज्ञान प्रयोगशाला | प्रतिशत | १० | १० | २० | २० | ४० | १०० | १०० | |
| ११ | प्राविधिक व्यावसायिक शिक्षाधार सञ्चालन भएका विद्यालयमा प्रयोगशालाको प्रबन्ध | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १२ | शिक्षण तथा सिकाइ सामग्री विकास | प्रतिशत | १० | १० | १० | १० | १० | ५० | १०० | |
| १३ | इन्टरनेट सेवाको व्यवस्था | प्रतिशत | १० | १० | १० | १० | १० | ५० | १०० | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १४ | शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | प्रतिशत | १० | १० | १० | १० | १० | ५० | १०० | |
| १५ | निरन्तर विद्यार्थी मुल्याङ्कन | प्रतिशत | २० | २० | २० | २० | २० | १०० | १०० | |
| १६ | परीक्षाको नतिजा विश्लेषण | पटक | ३ | ४ | ६ | ६ | १२ | १२ | १२ | |
| १७ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा बिताउने समय बृद्धि | प्रतिशत | १० | १० | १० | १० | १० | ५० | १०० | |
| २० | असल अभ्यासको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २१ | सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्चालन निर्माण | पटक | १ | २ | ३ | ३ | ३ | १२ | १२ | |
| २२ | विज्ञ समूहको गठन | पटक | १ | ० | ० | १ | ० | २ | ३ | |
| २३ | सहपाठी कक्षा अवलोकन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २४ | छोटो अवधिको शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २६ | कार्यसम्पादन मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २७ | प्रधानध्यापकको व्यवस्था | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| २८ | दरवन्दी मिलान तथा पूनर्वितरण | पटक | | १ | | | १ | २ | ४ | |
| २९ | गाउँपालिका शिक्षण अनुदान | जना | ७ | ७ | ८ | ७ | ९ | ९ | १५ | |

## ३.६ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाई

### ३.६.१ परिचय

सिकाइ औपचारिक तथा अनौपचारिक माध्यमबाट हुने गर्दछ । यो प्रक्रिया निरन्तर चलिरहन्छ । अनौपचारिक शिक्षा पूर्वनिर्धारित उद्देश्य भएतापनि निश्चित सिमा नतोकिएको शिक्षा हो । यो शिक्षा हरेक तह, उमेर र अवस्थामा लिन सक्ने शिक्षा हो । यसको लागि प्रमाणपत्र प्राप्त शिक्षकको आवश्यक्ता पर्दैन । सिपमुलक तथा व्यावहारिक शिक्षा, अनौपचारिक रुपमा दिईने शिक्षा, समयमा लचिलोपना छोटो समयमा प्राप्त हुने, कक्षा, समय, घन्टी आदिको सिमा नहुने यो शिक्षा को विशेषताहरु हुन् । सिप केन्द्रित शिक्षा, प्रौढ शिक्षा, साक्षरता शिक्षा यसका उदाहरण हुन् । निरन्तर सिकाइबाट व्यक्तिले आवश्यकता अनुसार व्यक्तिगत, सामाजिक र रोजगारीसँग सम्बन्धित ज्ञान, सिप तथा क्षमताको विकास गर्दछ । सिकाई समय, विधि तथा माध्यमको सिमा नरही व्यक्तिको जीवनभर निरन्तर चलिरहने प्रक्रिया भएकोले यसका लागि औपचारिक सिकाइ पद्धति मात्र पर्याप्त हुदैन ।औपचारिक शिक्षा प्रणालीको संरचना बाहिर

संगठित विभिन्न किसिमका सिकाइ अवसरले जीवनपर्यन्त सिकाईलाइ सहयोग गर्दछन भने व्यक्तिले आफ्नो परिबेशबाट प्राप्त हुने अनुभव तथा सूचनाहरुबाट पनि सिकाइ गरिरहेको हुन्छ ।

### ३.६.२ वर्तमान अवस्था

राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार यस गाउँपालिकाको साक्षरता दर ७०.२ (राष्ट्रिय ७६.२ प्रतिशत) प्रतिशत रहेको छ । जसमा पुरुष साक्षरता दर ७५.९ प्रतिशत (राष्ट्रिय ८३.६ प्रतिशत) र महिला साक्षरता दर ६४.३ प्रतिशत (राष्ट्रिय ६९.४ प्रतिशत) रहेको छ । यसै गरी यस गाउँपालिकाको २९.३ प्रतिशत जनसंख्याले लेख्न र पढ्न दुवै नजान्ने पाइएको छ भने ०.५ प्रतिशत जनसंख्याले पढ्न मात्र सक्ने राष्ट्रिय जनगणना २०७८ को तथ्यांकले देखाएको छ ।

यस गाउँपालिकाको सन्दर्भलाई विश्लेषण गर्दा गाउँपालिकाले र विभिन्न संघसंस्थाको सहकार्यमा विविध सिपमुलक तालिम कार्यक्रमहरु संचालन गर्दै आएका छन तर प्रौढ शिक्षा तथा साक्षरता कक्षाहरु भने संचालन गरेको छैन । साथै हाल यस गाउँपालिकामा कुनै पनि सामुदायिक सिकाइ केन्द्रहरु संचालनमा छैनन् । निरक्षर जनसंख्याको पहिचान गरी उनीहरुलाई साक्षरता कार्यक्रम संचालन गरेर जीवन पर्यन्त शिक्षा र सबैको लागि शिक्षा सुनिश्चित गर्नु चुनौतिको रुपमा रहेको छ ।

आवश्यकताको आधारमा सामुदायिक सिकाइ केन्द्रहरु संचालन गर्नु र प्रौढ शिक्षा तथा साक्षरता कार्यक्रमहरु संचालन गर्नु अति आवश्यक देखिन्छ ।

### ३.६.३ उद्देश्यहरु

१. सबै नागरिकका लागि समाबेशी तथा समतामुलक साक्षरता र आजीवन सिकाईका अवसर सुनिश्चित गर्ने ।

२. आवश्यकताको आधारमा सामुदायिक सिकाई केन्द्र संचालन गरि उक्त केन्द्र मार्फत समुदायमा सिपमुलक र आयमुलक कार्यक्रम संचालन गर्ने ।

### ३.६.४ रणनीतिहरु

- आवश्यकताको आधारमा समुदायमा सामुदायिक सिकाइ केन्द्रहरु संचालन गर्ने ।
- सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैरसरकारी संघसंस्थाहरु, नागरिक समाज, संचार माध्यम, अभिभावक परिचालन गरी साक्षरता कक्षाहरु संचालन गर्ने ।
- सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधासम्पन्न समाबेशी एवम् समतामा आधारित जीवनपर्यन्त सिकाइको थलोका रुपमा विकास गर्ने ।
- सामुदायिक सिकाई केन्द्र मार्फत विभिन्न आयआर्जन तथा सिपमुलक कार्यक्रम संचालन गर्ने ।

### ३.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धिः**

- सबैको लागि साक्षरता, निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसर प्राप्त भएको हुनेछन ।

**प्रमुख नतिजाहरुः**

- सबैको लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर प्राप्त भएको हुनेछ ।
- सामुदायिक सिकाइ केन्द्र जीवनपर्यन्त सिकाइको केन्द्रको रुपमा बिकास भएको हुनेछ ।
- पूर्ण साक्षर स्थानीय तह घोषणा भएको हुनेछ ।

तालिका नं. २२: प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण :

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निरक्षरहरुको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटावेस तयारी | पटक | १ | ० | ० | १ | ० | २ | २ | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन | संख्या | १ | १ | १ | १ | ५ | ९ | ९ | |
| ४ | सामुदायिक सिकाइ केन्द्रलाई सामुदायिक पुस्तकालयका रुपमा सञ्चालन | संख्या | १ | १ | १ | १ | ५ | ९ | ९ | |
| ५ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण | प्रतिशत | १० | १० | १० | १० | ६० | १०० | १०० | |
| ६ | सरकारी तथा गैरसरकारी निकायसँग साझेदारी र सहकार्य | प्रतिशत | १० | १० | १० | १० | १० | ५० | १०० | |
| ७ | मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामग्री विकास | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | २५ | ३५ | |
| ८ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग | प्रतिशत | १० | १० | १० | १० | १० | ५० | १०० | |
| ९ | सिकाइ सामग्री र सिकाइको प्रमाणीकरण | प्रतिशत | ४० | १० | १० | १० | ३० | १०० | १०० | |
| ११ | अनौपचारिक प्रौढ विद्यायलय, खुला विद्यालय र धार्मिक प्रकृतिका विद्यालयहरुलाई अनुदान | प्रतिशत | १० | १० | १० | १० | १० | ५० | १०० | |
| १२ | साक्षर स्थानीय तह घोषणा | प्रतिशत | ७५ | ८० | ८५ | ९० | १०० | १०० | १०० | |

## ३.७ प्राविधिक तथा व्यावसायिक शिक्षा

### ३.७.१ परिचय

नेपालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम औपचारिक पद्धति एवं संगठनात्मक ढंगले विसं १९९९ मा प्राविधिक तालिम शिक्षालय (हालको पुल्चोक इन्जिनियरिङ कलेज) बाट सुरुवात भएको हो । क्रमशः मेकानिकल प्रशिक्षण केन्द्र र बुटवल टेक्निकल इन्स्टिच्युट २०१९ सालमा स्थापना भई प्राविधिक तथा व्यावसायिक तालिम प्रदान गर्दै आइरहेको सत्यतथ्य हाम्रा अगाडि सर्वविदितै छ । सन् १९६० को दशकमा बहुउद्देश्यीय विद्यालयहरू स्थापना भई विद्यालयमा नै व्यावसायिक शिक्षाको थालनी भयो, सो लामो समयसम्म प्रभावकारी तवरले सञ्चालन हुन सकेन र २०२८ सालमा नयाँ शिक्षा प्रणाली सुरु भई माध्यमिक विद्यालयमा अनिवार्य कम्तीमा एउटा विषय व्यावसायिक शिक्षा अध्ययन अध्यापन गर्ने गराउने व्यवस्थाको सिर्जना भयो ।

प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रवन्धबाट कार्यमूलक, व्यावहारिक, प्राविधिक तथा व्यावसायिक सीपयुक्त जनशक्ति उत्पादन गरी श्रम बजारमा सहज प्रवेशको सम्भावना बढाउन विद्यालय शिक्षामा पनि यसको संचालन हुन थालेको छ । विद्यालय शिक्षा अन्तर्गत कक्षा ९-१२ मा संचालित प्राविधिक धारका कार्यक्रममा कार्यस्थल अनुभवसहित सिकाई हुने गरी वनस्पति विज्ञान, प्राणी विज्ञान, कम्प्युटर इन्जीनियरिङ्ग, सिभिल इन्जीनियरिङ्ग, इलेक्ट्रिकल इन्जीनियरिङ्ग र संगीत गरी ६ विषय क्षेत्र रहेका छन् ।

### ३.७.२ वर्तमान अवस्था

यस गाउँपालिका अन्तर्गत हाल एउटा मात्र विद्यालयमा प्राविधिक धार (कक्षा ९-१२) संचालनमा रहेको छ ।उक्त विद्यालयमा प्राविधिक धार अन्तर्गत शैक्षिक सत्र २०७९ बाट बाली विज्ञान संचालनमा आएको र कक्षा ९ मा ३२ जना विद्यार्थीहरु भर्ना भएको तथ्यांकले देखाएको छ । प्रत्येक वर्ष वार्षिक बजेट तथा कार्यक्रममा विभिन्न सीपमुलक कार्यक्रम तथा तालिमहरु स्वीकृत गरि संचालन गर्ने बाहेक हाल यस स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपप्रदायक संस्थाहरु संचालनमा छैनन् । आवश्यकता र औचित्यतालाई मध्यनजर गरी व्यावसायिक शिक्षा र सिपप्रदायक संस्थाहरु संचालनमा पहल कदमी लिनु यस गाउँपालिकाको निम्ति आवश्यक रहेको देखिन्छ ।

हालको बढ्दो शैक्षिक बेरोजगारीको सन्दर्भमा प्राविधिक तथा व्यावसायिक शिक्षाको ठुलो महत्व रहेको छ । कार्यमूलक, व्यवहारिक, प्राविधिक तथा व्यावसायिक सीपयुक्त जनशक्ति उत्पादन गरी श्रम बजारमा सहज प्रवेशको सम्भावना बढाउन यसको अत्यावश्यक रहेको छ । साथै संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले समेत प्राविधिक शिक्षालाई प्राथमिकतामा राख्नुलाई अवसरको रुपमा लिन सकिन्छ । यो शिक्षा प्रति मानिसहरुको रुची र चासो तथा विद्यार्थीहरुपनि यस शिक्षामा सहभागी हुन खोज्नुलाई पनि सकारात्मक पक्षको रुपमा लिन सकिन्छ ।

स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपमुलक व्यावसायिक तालिमहरु संचालन गर्न दक्ष जनशक्तिको प्रवन्ध मिलाउनु, आवश्यक पूर्वाधारको प्रवन्ध मिलाउनु आदि चुनौतिको रुपमा रहेको छ । साथै उत्पादित जनशक्तिलाई कार्यमूलक तथा रोजगारका उचित प्रवन्ध मिलाउनु पनि चुनौतिको रुपमा रहेको छ ।

### ३.७.१ उद्देश्यहरु

१. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप बिकासमा पहुँच अभिवृद्धि गर्नु ।

२. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप बिकासका अवसर सिर्जना गर्न संयन्त्र विकास गर्नु ।

### ३.७.२ रणनीतिहरु

स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको अवसर सृजना गर्न निम्न रणनीतिहरू अवलम्वन गरिने छः-

१. बहुप्राविधिक शिक्षालय/ तालिम केन्द्रहरुको स्थापना संचालन र नियमन गर्ने ।
२. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउन सरोकारवालासँग समन्वय गर्ने ।
३. आयआर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट आत्मनिर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने ।
४. पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी/जनजाति, दलित, अपाङ्ग भएका नागरिक एवम् आर्थिक रुपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमको व्यवस्था मिलाउने ।
५. विद्यार्थीहरुलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने ।

### ३.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- उत्पादनशील जनशक्तिले आवश्यकता अनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रहरुमा पर्याप्त दक्षता हासिल गरि उत्पादनशील, रोजगारी, स्वरोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार भएको हुनेछ ।

**प्रमुख नतिजाहरु :**

- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकतानुसारका प्राविधिक तथा व्यावसायिक सीपका क्षेत्रहरुमा पर्याप्त अवसर प्राप्त भएको हुनेछ ।
- प्राविधिक तथा व्यावसायिक सिप विकास तथा तालिम प्राप्त, आर्थिक रुपले सक्रिय जनशक्ति २२ प्रतिशत पुगेको हुनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उत्तीर्ण जनशक्ति (वार्षिक संख्या) ३०० पुगेको हुनेछ ।
- स्थानीय तहमा बहुप्राविधिक शिक्षालय स्थापना भई संचालन भएको हुनेछ भने प्राविधिक धारका माध्यमिक विद्यालयको संख्या थप भएको हुनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रहरुलाई उत्पादन र आर्थिक उपार्जनसँग जोडिएको हुनेछ ।
- वैदेशिक रोजगारीबाट हासिल गरेका अनुभव र सिपको खोजि, प्रमाणीकरण तथा उपयोग हुने वातावरण सिर्जना भएको हुनेछ ।
- खोज, नवप्रवर्तन तथा उद्यमशीलता अभिवृद्धि भएको हुनेछ ।

तालिका नं. २३: प्रमुख क्रियाकलाप र लक्ष्यः

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्राविधिक धारका माध्यमिक विद्यालयहरु स्थापना र सञ्चालन | वटा | १ | | १ | | १ | ३ | ३ | |
| २ | प्राविधिक धार सञ्चालन भएका विद्यालहरुको भौतिक पूर्वाधार विकास | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| ३ | बहुप्राविधिक शिक्षालय स्थापना, सञ्चालन तथा नियमन | पटक | ० | ० | ० | १ | ० | १ | १ | |
| ४ | छोटो अवधिका सिपमूलक तालिम सञ्चालन | पटक | ३ | ४ | ६ | ८ | १२ | १२ | १२ | |
| ५ | शिक्षक व्यवस्था | प्रतिशत | २० | ३० | ३० | १० | १० | १०० | १०० | |
| ६ | छात्रवृत्ति कार्यक्रम | प्रतिशत | ३० | २० | २० | २० | १० | १०० | १०० | |
| ७ | स्थानीय स्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तर्जुमा | पटक | १ | ० | ० | ० | १ | २ | २ | |
| ८ | खोज तथा नवप्रवर्तनात्मक कार्यलाई प्रोत्साहन | पटक | ० | ० | ० | १ | ० | १ | २ | |
| ९ | स्थानीय स्तरमा रहेका पराम्परागत सिपहरुको पहिचान, प्रमाणिकरण तथा प्रबर्द्धन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १० | वैदेशिक रोजगरीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणीकरण तथा उपयोग सम्बन्धी कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ११ | उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि सहयोग | प्रतिशत | ३० | २० | १० | २० | २० | १०० | १०० | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १२ | आर्थिक रुपमा पिछडीएका प्रतिभा तथा सिमान्तकृत, दलित, अपाङ्गता भएका, लोपोन्मुख जाति/जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्न आवश्यक स्रोतको व्यवस्था | प्रतिशत | ३० | २० | २० | २० | १० | १०० | १०० | |

# परिच्छेद-४

## अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु

### ४.१ शैक्षिक समता र समावेशीकरण

#### ४.१.१ परिचय

शिक्षा पाउनु सबै बालबालिकाको नैसर्गिक अधिकार हो । कुनैपनि बालबालिकालाई निज, निजको परिवार वा संरक्षकको जात, धर्म, लिङ्ग, उत्पत्ति, भाषा, संस्कृति, बैचारिक आस्था, शारिरिक तथा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारिवारिक हैसियत, पेशा, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा अन्य कुनै कारणले निजले शिक्षा पाउने अधिकारबाट बञ्चित गरिनु हुदैंन ।
दलित, अल्पसंख्यक समुदाय, अपाङ्गता, पिछडिएको क्षेत्र लगायत विभिन्न कारणले समाजमा असमान अवस्थामा रहेका बालबालिकाहरुलाई विशेष संरक्षणमुलक कार्यक्रमहरुमार्फत समान शिक्षाको अवसर श्रृजना गर्नु नै शैक्षिक समता हो । यो राज्यको दायित्व हो ।
विभिन्न भाषा भाषि, जात जाति, धर्म, संस्कृति, आर्थिक सामाजिक पृष्ठभुमी भएका बालबालिकाहरुलाई शिक्षाको समान अवसर सुनिश्चित गरि एउटै स्थानमा शिक्षा प्रदान गरियो भने सामाजिक अन्तरघुलन एवं एक अर्का प्रतिको सम्मानभाव जागृत भई विगतमा भएजस्तो सामाजिक बहिस्करणको विकृति न्यूनीकरण गर्दै जानु नै शैक्षिक समावेशिकरण हो।

#### ४.१.२ वर्तमान अवस्था

राक्सिराङ्ग गाउँपालिका मुख्यतया तामाङ, चेपाङ, मगर लगायत आदिवासी जनजातिहरुको बाहुल्य क्षेत्र हो ।यहाँका अधिकांस बालबालिकाहरुको मातृभाषा नेपाली होईन । विद्यालय शिक्षा उमेर समुहका केटी ४९.४८% र केटा ५०.५२ % बालबालिकाहरु रहेका छन । गरिवी, बहुविवाह, बैदेशिक रोजगारी आदी कारणले अनाथ/संरक्षक विहिन बालबालिकाको संख्या बढिरहेको छ । २०८० जेठ सम्मको तथ्याङ्क अनुसार गाउँपालिकाभर आमा बाबुविहिन बालवालिकाको संख्या २७ छ ।गाउँपालिकामा आर्थिक रुपले विपन्न र शैक्षिक समता आवश्यक रहेको बालबालिकाहरुलाई लक्षित गरेर विभिन्न कार्यक्रमहरु सञ्चालित छन् ।

**कार्यक्रमहरु :**

शिक्षक नियुक्ति तथा व्यवस्थापनमा समावेशिता :

#### ४.१.३ उद्देश्यहरु

क. लक्षित समूहका व्यक्तिहरुको शिक्षामा समतामुलक पहुँच सुनिश्चित गर्नु
ख. बालबालिकाहरुले गुणस्तरीय शिक्षा पाउने नैसर्गीक अधिकारको संरक्षण गर्दै समावेशी शैक्षणिक वातावरण सुनिश्चित गर्नु
ग. विद्यालयमा हुने सबै प्रकारको विभेद तथा दूर्व्यवहारको अन्त्य गर्नु

### ४.१.४ रणनीतिहरु

क. लक्षित समूह र अपाङगता भएका विद्यार्थीमैत्री संस्थागत संरचना र सहज बातावरण मैत्री सिकाइ प्रणालीको प्रवन्ध गरी समता मुलक पहुच सुनिश्चित गर्ने ।

ख. सुविधा पाउनबाट बञ्चित, विपन्न, पिछडिएको वर्ग तथा आर्थिकरुपले विपन्नलाइ शैक्षिक प्रणालीको मुलधारमा ल्याउन छात्रवृत्तिको सुनिश्चिता गर्ने ।

ग. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्थाहरु पूरा गरी मापदण्ड अनुरुपको लैङ्गिक,अपाङ्गमैत्री र बालमैत्री संरचना निर्माण गर्ने आवश्यक पूर्वाधारको निर्माण गर्ने ।

घ. सिकाइ प्रणालीलाइ सहभागितामुलक,बालमैत्री,समतामुलक बनाउने ।

ङ. विद्यालयमा हुने सबै प्रकारको विभेद तथा दुरव्यवहार अन्त्य गर्ने ।

### ४.१.५ उपलब्धिहरु, मुख्य मुख्य नतिजाहरु, प्रमुख कृयाकलापहरु र लक्ष्य निर्धारण

**उपलब्धिहरु**

क. शिकाइ प्रणालीमा सुधार आइ समतामुलक र सहभागितामुलक पहुँच सुनिश्चितता गई गुणस्तरमा बृद्धि भएको हुने,

ख. संरचनाहरु बालमैत्री,अपाङ्गमैत्री,लैङ्गिक मैत्री भइ सबैको पहुचमा सरलता भई कोही पनि वालवालिका गुणस्तरीय शिक्षाको अवसरबाट बञ्चित नभएको अवस्था हुने ।

**मुख्य मुख्य नतिजाहरु**

क. समता मुलक, बालमैत्री, समतामुलक पहुचको सुनिश्चिता भएको हुने,

ख. शरिरिक रुपमा असक्त, आर्थिक रुपमा विपन्नत भएकै कारण तथा लैङ्गिक रुपमा विनाभेदभाव शिक्षा लिनबाट बञ्चित नहुने वातावरणको सुनिश्चित भएको हुने ।

तालिका नं. २४ः प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण

| क.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षाको अवसरबाट वञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रमहरु तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २ | विद्यालय भर्नाको समयमानै बालबालिकाको स्वास्थ्य र सिकाई सक्षमता अवस्था परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी | निरन्तर | निरन्तर | निरन्तर | नियरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | आवश्यकताका आधारमा उपयुक्त शिक्षाको प्रबन्ध गर्ने | | | | | | | | | |
| ३ | आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाई अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षिक वातावरण, शिक्षक विद्यार्थीबीच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरुको अवलम्बन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | बालबालिकाहरुको सिकाइ आवश्यकता अनुरुपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेशागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरुलाई समावेश | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न यससम्बन्धि शिक्षा तथा संयन्त्र स्थापना | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ७ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघसंस्थाहरुबीच जवाफदेहितासहितको कार्यगत समन्वय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | निर्देशिकाअनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण (अपाङ्गता भएका तथा विभिन्न किसिमका आवासीय छात्रवृत्तिसमेत) | विद्यार्थी संख्या | ४३०० | ४४६३ | ४५०० | ४५५० | ४६०० | ४६०० | ५००० | |

## ४.२ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम

### ४.२.१ परिचय

बालबालिकाको बृद्धि र विकासको लागि खाना अनिवार्य तत्व हो। बालबालिकाको शारीरिक तथा मानसिक विकासको लागि पोषणयुक्त खानाको आवश्यकता पर्दछ । बालबालिकाहरु शारीरिक तथा मानसिक रुपमा जति स्वस्थ भयो उसको सिकाईको स्तर पनि सोही अनुसार हुने गर्दछ । तसर्थ बालबालिकालाई आवश्यक मात्रामा उपयुक्त समयमा स्वस्थ र पौष्टिक खानेकुराको प्रबन्ध हुनु आवश्यक छ ।बालबलिकाले पोषणयुक्त खाना प्राप्त गर्नको लागि विद्यालयमा बिताउने तथा आउने जाने समय समेतलाई गणना गर्दा हुन आउने ७-८ घण्टाको समयको करिब मध्यतिर खाजाको प्रबन्ध हुनु आवश्यक छ । सोही कुरालाई मध्यनजर गरी नेपाल सरकारले आ.व. २०७८/०७९ को बजेट मार्फत प्रारम्भिक बालविकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बालबलिकाको लागि दिवा खाजाको व्यवस्था भई हाल कक्षा ६ सम्मका विद्यार्थीहरुलाई यो कार्यक्रम बिस्तार गरिएको छ । टाढा टाढाबाट विद्यालयमा आउने बालबालिकाहरु तथा ग्रामिण समुदायका बालबालिकाहरु विद्यालयमा आउदा समयमा खाजा खान नपाउने खाली पेट कक्षामा बस्दा सिकाई कृयाकलापमा सक्रिय सहभागी हुन नसक्ने भएको कारणले दिवाखाजा कार्यक्रम महत्वपूर्ण कार्यक्रम हो र यसलाई विस्तारै माथिल्लो कक्षामा समेत विस्तार गरी दैनिक खाजा खर्च बापत दिदैं आएको अनुदान रकम समेत बढाउनुपर्ने देखिन्छ ।खास गरी ९-१० बर्षको उमेर देखी बालबालिकाहरुको लागि सरसफाई तथा स्वच्छता सम्बन्धी अभ्यासका अतिरिक्त महिनावारी सम्बन्धी सरसफाई तथा स्वच्छता सम्बन्धी कृयाकलाप र शिक्षा पनि उत्तिकै आवश्यक रहेको छ ।व्यक्तिगत

सरसफाई सो सम्बन्धी शिक्षा पनि बालबालिकालाई उत्तिकै महत्वपूर्ण रहेको छ ।व्यक्तिगत स्वास्थ्य, सामुदायिक स्वास्थ्यका विषयबस्तु पनि बालबालिकाहरुलाई उतिकै महत्वपूर्ण रहेको छ ।

### ४.२.२ वर्तमान अवस्था र चुनौति

बालबालिकाको बृद्धि, विकास र सिकाईका लागि पौष्टिक खाना तथा खाजा निर्णायक हुने कुरा विभिन्न अध्ययन अनुसन्धानले पुष्टि गरिएको छ । विद्यालय दिवा खाजामा भएको लगानीलाई मानवपुँजी विकासको दृष्टिकोणले महत्वपूर्ण मानिन्छ ।एउटा बालकले खानाबाट प्राप्त गर्नुपर्ने कुल पौष्टिक तत्व भध्ये कम्तीमा ३० प्रतिशत दिवा खाजाबाट प्राप्त गर्नुपर्छ भन्ने अन्तर्राष्ट्रिय मान्यता रहेको छ । नेपालको संविधानले प्रत्याभूत गरेको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनको लागि बनेको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा ऐन, २०७५ एवम् नियमावली २०७७ ले दिवाखाजाको प्रावधानलाई कानूनी रुपमा स्थापित गरिएको छ । स्वस्थ शरीरमा स्वस्थ मस्तिष्क निर्माण हुन्छ भन्ने मान्यतालाई आत्मसात गर्दै नेपाल सरकारले आ.व. २०७७/२०७८ देखि देशभरका सबै सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास देखी कक्षा पाँच सम्मका सबै विद्यार्थीका लागि दिवाखाजा व्यबस्थापन गरिएकोमा हाल कक्षा छ सम्म विस्तार गरिएको छ ।दिवा खाजाको सफल व्यवस्थापन सबै सरोकारवालाहरुको समन्वय, सहकार्य र साझेदारीबाट मात्र सम्भब छ । हाल यस गाउँपालिका अन्तर्गत सञ्चालित ५२ वटा सामुदायिक विद्यालयका प्रारम्भिक बाल कक्षा देखी कक्षा ६ सम्मका विद्यार्थीहरुलाई दिवाखाजाको व्यवस्थापन गरिएको छ भने ।केही वडाका विद्यालयहरुमा गैर सरकारी संस्थाहरुको सहकार्यमा विद्यालय तहका सबै कक्षामा दिवा खाजाको व्यवस्था गरिएको छ ।भौगोलिक विकटताको कारणले खाजाको ढुवानीमा समस्या भएको र तोकिएको अनुदानबाट खाजा व्यवस्थापन गर्न कठिनाई भएको र स्थानीय स्तरमा उपलब्ध खानेकुरालाई दिवाखाजामा समाबेश गर्नुपर्ने देखिन्छ । सोको लागि विद्यालयमा दिवा खाजा तयार गर्ने कर्मचारीलाई आवश्यक तालिमको व्यबस्था गर्नुपर्ने देखिन्छ ।

### ४.२.३ उद्देश्य

- बालबलिकाहरुलाई स्वस्थ र पौष्टिक तत्व युक्त खानाको प्राप्तिको सुनिश्चता गर्नु ।

### ४.२.४ रणनीतिहरु

- दिवा खाजा कार्यक्रमलाई अभिभावकको समेत सहभागितामा क्रमशः माथिल्लो कक्षामा विस्तार गर्दै जाने र खाजाको अनुदान रकमलाई बढाउने जसको लागि स्थानीय तहले आवश्यक बजेट व्यबस्था गर्ने ।
- दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित बस्तुहरुलाई प्राथमिकता दिने र दिवा खाजा तयार गर्ने कर्मचारीलाई आवश्यकता अनुसार तालिमको व्यबस्था गर्ने ।
- विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वस्थ्य जाँच तथा छात्राहरुको लागि महिनावारी स्वच्छताको लागि स्यनिटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्राभावकारी बनाउने ।
- विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सरसफाइका लागि आवश्यक सामाग्री व्यवस्था, आवश्यक संख्यामा छात्रा र छात्र को लागि अलग अलग शौचालय युरिनलको

व्यवस्था, किशोरीहरुको लागि चेन्जीङ्ग रुम, प्रयोग भईसकेको सामग्री व्यवस्थापन, हात धुने ठाउँ स्वच्छ खानेपानी, कक्षा कोठा तथा विद्यालय परिसर सरसफाइको प्रवन्ध र घेरावारको व्यवस्था गर्ने ।

- दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाई र स्वच्छता सम्बन्धि कार्यक्रमको अनुगमन तथा मुल्यांकन साधन संयन्त्र विकास गरी केही समयान्तरालमा सोको पुनरावलोकन गरी थप प्रभावकारी बनाउने ।

### ४.२.५ उपलब्धिहरु, नतिजाहरु, मुख्य क्रियाकलापहरु र लक्ष्य निर्धारण :

**उपलब्धिहरु :**

- विद्यालय शिक्षामा आवद्ध सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भई सुरक्षित तथा रमाइलो सिकाई वातावरणमा पूर्ण पहुँच तथा सहभागिता भएको हुनेछ ।

**मुख्य नतिजाहरुः**

- आधारभूत तहको प्रारम्भिक बालकक्षा देखी कक्षा ८ सम्म सामुदायिक विद्यालयमा अध्ययनरत सबै बालबालिकाको लागि स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजाको प्रबन्ध भएको हुनेछ ।
- विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइका सामाग्री सहित आवश्यक संख्यामा छात्रा छात्र दुबैको लागि अलग अलग शौचालय, युरिनल, प्रयोग भएको सामग्री व्यवस्थापन गर्ने ठाउँ, किशोरीहरुको लागि चेन्ज रुम, विद्यालय परिसर सरसफाइको वातावरण र घेराबारको प्रबन्ध भएको हुनेछ ।
- स्वास्थ्य क्षेत्रको सहकार्यमा विद्यालयहरुमा प्राथमिक स्वास्थ्य उपचार किट, बालबालिकाको आवधिक रुपमा नियमित स्वास्थ्य परीक्षण, भिटामिन ए, जुकाको औषधि तथा किशोरीहरुको लागि महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याडको व्यवस्था भएको हुनेछ ।

तालिका नं. २५: मुख्य क्रियाकलापहरु र लक्ष्य निर्धारण

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | भौतिक | कैफियत |
|---|---|---|---|---|---|---|

| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | लक्ष्य (१० वर्ष ) | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी मापदण्ड एवम् कार्यान्वयन ढाँचा विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २ | विद्यालय तथा स्थानीय तहका लागि दिवा खाजा, स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | स्वस्थ्यकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | पटक | १९० | १९० | १९० | १९० | १९० | ९५० | २२० | |
| ५ | तालिम/प्रचार-प्रसार/मेनु तयारी र आवधिक अन्य क्षमता अभिबृद्धि क्रियाकलाप | पटक | २ | ३ | ३ | ३ | ३ | १४ | ४ | |
| ६ | दिवा खाजाका लागि चाहिने खाद्य सामग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | पटक | १ | २ | ३ | ४ | ५ | ६ | १२ | |
| ७ | कार्यक्रमको प्रभावकारिता, कार्यकुशलता तथा प्रति एकाइ लागतको अध्ययन तथा विभिन्न मोडालिटीहरुको अध्ययन | पटक | १ | ० | ० | १ | ० | २ | २ | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ८ | विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरुका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी,कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र धेराबारको व्यवस्था | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| ९ | कक्षा ६ देखी १२ सम्मका किशोरीहरुलाई महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याडको व्यवस्था | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १० | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्व प्रदायक ट्याब्लेटहरु (भिटामिन ए र आइरन फोलिक एसिड आदि प्रदान) | पटक | १ | २ | २ | ३ | ३ | ११ | ६ | |
| ११ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | पटक | २ | २ | २ | २ | २ | १० | ४ | |
| १२ | विद्यालयमा स्वास्थ्य, सरसफाइ तथा स्वच्छता, पोषण र किशोरीहरुका लागि महिनावारी स्वच्छतासम्बन्धी शिक्षा | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ६ | |
| १३ | अनुगमन मूल्याङ्कन संयन्त्र निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| क.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १४ | नियमित अनुगमन मूल्याङ्कन | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | ४० | |

## ४.३ आपतकालिन तथा संकटपूर्ण अवस्थामा शिक्षा

### ४.३.१ परिचय

मानवीय तथा प्राकृतिक कारणले मानीसको दैनिक गतिविधिमा आउने अवरोध वा रोकावट भएको अवस्थालाई नै आपतकालिन वा संकटपूर्ण अवस्थाको रुपमा बुझ्ने गरिन्छ । सरकारले जस्तोसुकै आपत वा संकटकालिन अवस्थामा पनि बालबालिकाको शिक्षा पाउने अधिकारको संरक्षण गर्दै निजहरुले गुणस्तरीय शिक्षा पाउने वातावरण सुनिश्चित गर्नुपर्ने हुन्छ ।युद्ध, द्वन्द, महामारी वा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाले सिक्न पाउने अधिकारलाई सुनिश्चित गर्दै सिकाईलाई निरन्तरता दिने वैकल्पिक उपायसहितको शैक्षिक कार्यक्रमलाई आपतकालिन तथा संकटपूर्ण अवस्थामा शिक्षाको रुपमा बुझ्न सकिन्छ ।विपद वा संकट व्यवस्थापन अन्तर्गत जोखिमको पूर्वानुमान, जोखिम व्यवस्थापनको पूर्वतयारी, तत्कालको प्रतिकार्य तथा घटनापश्चातको पुनर्लाभिका चरणहरुमा बालबालिकाको शैक्षिक कृयाकलापहरुलाई समेत ध्यानमा राखेर कार्य गरिनुपर्दछ ।

### ४.३.२ वर्तमान अवस्था

शिकाइलाइ भयरहित, शान्ति पुर्वक, बालमैत्री रुपमा तथा विद्यालय तथा विद्यार्थीको सिकाइ सुरक्षीत र सुरक्षापूर्ण बनाउन तथा विपद जोखिमको न्युनिकरण, सुदृढिकरण तथा उत्थानशिलताका लागि विभिन्न मापदण्डको पालना नीति नियम तथा कार्यविधिको पालन र विभिन्न समया बनाएको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको पुर्वसावधानी, सुरक्षा मापदण्डको कार्यान्वयन पुर्ण रुपमा नभइ अंशिक रुपमा पालना गरिएको अवस्था छ ।यस क्षेत्रमा भने अनुरुपको कार्य गर्न सकिएको अवस्था छैन ।

### ४.३.३ उद्देश्यहरु

- विपद जोखिम न्यूनीकरण गर्दै आकस्मिक रूपमा आईपर्ने विपद्को समयमा पनि वालवालिकाको सिकाई अवसर सुनिश्चित गर्नु ।
- विपद व्यवस्थापनका विभिन्न चरणहरु, पूर्वानुमान, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभमा बालबालिकाको शैक्षिक क्रियाकलापहरुलाई समावेश गराउनु ।

- विपद व्यवस्थापन तथा उत्थानशील विकासको लागि आवश्यक मानवीय आर्थिक तथा भौतिक स्रोत साधनको व्यवस्थापन तथा परिचालन गर्नु र

### ४.३.४ रणनीतिहरु

- विपदको समयमा पनि सिकाइ प्रणालीलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने कानुन, मापदण्ड, कार्यविधि तथा मार्गदर्शनहरु तयार गर्ने ।
- प्रकोप तथा विपद सम्बन्धी अवस्थाको लागि आवश्यक पर्ने पुर्वतयारी, पुर्वसावधानी र विपदको अवस्थामा कम क्षतिपुर्ण अवस्थामा समस्याको समाधान र त्यसबाट बच्ने उपायको जानकारी गराउने ।
- शिक्षा क्षेत्रमा पर्ने प्रभाव र विपदको बारेमा पहिचान गर्ने, पुर्वानुमान गर्ने, पर्न सक्ने प्रभावको बारेमा मुल्याङ्कन तथा विश्लेषण गर्ने ।
- शिकाइ प्रक्रियामा जलवायु परिवर्तन त्यस बाट हुने क्षति न्युनिकरण जस्ता विषय लगायत दिगो विकास, Eco friendly development, Green movement जस्ता कुराहरुलाइ समेटी त्यस अनुरुपका कार्यक्रमहरु सञ्चालन गर्ने ।

### ४.३.५ उपलब्धिहरु, मुख्य मुख्य नतिजाहरु,

**उपलब्धिहरु**

- विपद व्यवस्थापनका लागि अधिकारयुक्त संयन्त्र, संरचना र कार्यढाँचा विकास भएको हुनेछ ।
- विपद ब्यवस्थापनका लागि आवश्यक पर्ने भौतिक, मानविय र आर्थिक साधन स्रोतको व्यवस्थापन भइ तयारी अवस्थमा रहेको हुनेछ ।

**नतिजा**

- कुनै पनि अवस्थामा (विपद,संकटपूर्ण र समान्य) सिकाइ प्रणाली ह्रास नआइ निरन्तर प्रभावकारी रुपमा सञ्चालन भएको हुनेछ ।

तालिका नं. २६: प्रमुख कृयाकलापहरु र लक्ष्य निर्धारण

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | १ | ० | ० | १ | ० | २ | २ | |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | विपद् पुर्वतयारी,प्रतिकार्य, पुनर्लाभ तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | शिक्षक तथा विव्यस तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | सङ्कटासन्नता मुल्याङ्कनको आधारमा योजना निर्माण | पटक | १ | ० | ० | १ | ० | २ | २ | |

## ४.४ विद्यालयको भौतिक पूर्वाधार विकास

### ४.४.१ परिचय

विद्यालयमा शिक्षण सिकाई क्रियाकलाप संचालनको लागि आर्थिक, मानवीय स्रोत, शिक्षण सामग्री, उचित वातावरणको जति आवश्यक छ भौतिक पूर्वाधारको पनि तेती नै आवश्यकता हुन्छ ।विद्यालय भवन, कक्षा कोठा, डेस्क बेन्च तथा अन्य फर्निचर, बसाइको लागि कार्पेट, कुर्सि, दराज, सूचना प्रविधिको सामाग्रीहरु, विद्यालय प्रांगण, खेल मैदान, प्रयोगशाला, शौचालय, खानेपानी, घेराबार आदि विद्यालयमा आवश्यक पर्ने भौतिक पुर्वाधारहरु हुन् । उचित, पर्याप्त र सुरक्षित भौतिक पूर्वाधार बिना प्रभावकारी शिक्षण हुन सकदैन र बालबालिकाले पाठ्यक्रमले तोकिए अनुसारको सिकाइ सक्षमता हासिल गर्न सकदैनन् ।त्यसैले भौतिक पूर्वाधार बिना प्रभावकारी शिक्षण सिकाइको कल्पना गर्न सकिदैन ।शिक्षा नियमावली २०५९ ले एक विद्यार्थीको लागि सुविधाजनक रुपमा पठनपाठनमा सहभागी हुनको लागि प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाको लागि प्रतिविद्यार्थी ०.७५ वर्गमिटर र उच्च आधारभूत तह र माध्यमिक तहको लागि प्रतिविद्यार्थी १ वर्गमिटर बराबरको क्षेत्रफल आवश्यक पर्ने उल्लेख गरिएको छ । सामुदायिक तथा सार्वजनिक विद्यालयमा निर्माण गर्नुपर्ने भौतिक संरचनाको पहिचान गरी तिनको पूर्वाधार विकास, संरक्षण, मर्मत सम्भार तथा उपयोगको लागि आवश्यक व्यवस्था गर्न, विद्यालयको पूर्वाधार विकास एवंम् व्यवस्थापनमा एकरुपता कायम गरी मुलुकका विद्यालयको भौतिक संरचनालाई शिक्षण सिकाई मैत्री बनाई शैक्षिक उपलब्धि हासिलगर्ने उद्देश्यले अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरी शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले "विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धि मापदण्ड,२०८० स्वीकृत गरी लागु गरिएको छ ।

### ४.४.२ वर्तमान अवस्था

यस गाउँपालिका अन्तर्गत ५२ वटा सामुदायिक विद्यालय र २ वटा संस्थागत विद्यालय रहेका छन ।कतिपय विद्यालयहरुमा मापदण्ड बमोजिमका भौतिक पूर्वाधारहरु छैनन ।यस गाउँपालिका अन्तर्गत रहेको भौतिक पूर्वाधारको अबस्था तपसिल अनुसार रहको छ ।

तालिका नं. २७: विद्यालयको भौतिक विवरण

| क्र.सं. | विद्यालयको नाम | भवन (प्रयोग भैरहेको) संख्या | कक्षाकोठा | शौचालय | प्रयोगशाला | पुस्तकालय | विद्यालय बस | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री प्रा.वि. सिमलटार खैराङ्ग | २ | ३ | १ | | | | |
| २ | श्री प्रजा कल्याण प्रा.वि वाङ्गराङ्ग राक्सिराङ्ग-६ | ३ | ८ | १ | | | | |
| ३ | श्री आधारभूत विद्यालय जुरेथुम, राक्सिराङ्ग-७ | ४ | १० | १ | | | | |
| ४ | श्री देविथान प्रा.वि. सलेनी, राक्सिराङ्ग-९ | १ | २ | १ | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | श्री तेंसुराङ्ग प्रा.वि. राक्सिराङ्ग-९ | १ | ३ | १ | | | | |
| ६ | श्री टिकेढुंगा प्रा.वि. राक्सिराङ्ग-७ | १ | ५ | १ | | | | |
| ७ | श्री प्रा.वि. चरिमारा , राक्सिराङ्ग-७ | ३ | २ | १ | | | | |
| ८ | श्री जनसेवा प्रा.वि. राक्सिराङ्ग-७ | ३ | ५ | १ | | | | |
| ९ | श्री मा.वि. देविटार राक्सिराङ्ग-८ | ५ | ११ | १ | | | | |
| १० | श्री कालीदेवी आ.वि. राक्सिराङ्ग-९ | २ | ३ | १ | | | | |
| ११ | श्री वागेश्वरी अ.वि. राक्सिराङ्ग-९ | ५ | ९ | २ | | | | |
| १२ | श्री सत्कंया प्रा.वि. राक्सिराङ्ग-७ | १ | २ | १ | | | | |
| १३ | श्री आधाभूत विद्यालय, दामराङ्ग राक्सिराङ्ग-७ | २ | ९ | २ | | | | |
| १४ | श्री महाकाली प्रा.वि. राक्सिराङ्ग-९ | १ | २ | १ | | | | |
| १५ | श्री आधारभूत विद्यालय,ठुलोटोड्के,राक्सिराङ्ग-८ | ४ | ८ | १ | | | | |
| १६ | श्री चेपाङ्ग प्रगति प्राथमिक विद्यालय ,राक्सिराङ्ग-८ | १ | ५ | २ | | | | |
| १७ | श्री नवजीवन प्रा.वि. ,राक्सिराङ्ग-८ | ३ | ४ | १ | | | | |
| १८ | श्री जनकल्याण प्रा.वि., काँकडा राक्सिराङ्ग-८ | ३ | ६ | १ | | | | |
| १९ | श्री प्राथमिक विद्यालय धुसाबगर,राक्सिराङ्ग-८ | ३ | ६ | १ | | | | |
| २० | श्री धिराङ्ग आधारभूत विद्यालय राक्सिराङ्ग-७ | ४ | ४ | १ | | | | |
| २१ | श्री बाराही प्राथमिक विद्यालय राक्सिराङ्ग-९ | २ | ३ | १ | | | | |
| २२ | श्री जनज्योति प्रा.वि. काँकडा राक्सिराङ्ग-८ | २ | ७ | २ | | | | |
| २३ | श्री कालिका मा.वि., खैराङ्ग,राक्सिराङ्ग-९ | ६ | ६ | ३ | १ | | | |
| २४ | श्री राष्ट्रिय मा.वि., सिलिंगे राक्सिराङ्ग-६ | ४ | १४ | २ | १ | | | |
| २५ | श्री प्रावि लावती सरिखेत | २ | ५ | १ | | | | |
| २६ | श्री प्रावि केराबारी सरिखेत | १ | ४ | १ | | | | |
| २७ | राष्ट्रिय प्रावि झिल्केनी सरिखेत | ३ | ५ | १ | | | | |
| २८ | कालिका प्रवि दुंगू सरिखेत | ३ | ७ | १ | | | | |
| २९ | सूर्योदय मावि पलासे सरिखेत | ४ | १३ | ३ | १ | | | |
| ३० | प्रजाप्रगति निमावि कुडुले सरिखेत | २ | ६ | १ | | | | |
| ३१ | ठूलोभावर प्रावि ठूलोभावर सरिखेत | ४ | ५ | २ | | | | |
| ३२ | थुम्की प्रावि सरिखेत | ३ | ६ | २ | | | | |
| ३३ | गोगनादेवी प्रावि तर्सिकोट राक्सिराङ | २ | ७ | १ | | | | |
| ३४ | प्रजाजागृति निमावि चैनपुर राक्सिराङ | ५ | ८ | २ | | | | |
| ३५ | श्री निमावि देवीटार राक्सिराङ | २ | ५ | २ | | | | |
| ३६ | श्री राष्ट्रिय प्रावि लापुर राक्सिराङ | २ | २ | १ | | | | |
| ३७ | भीमसेन प्रावि भिमल्टार राक्सिराङ | ३ | ४ | १ | | | | |
| ३८ | कालिका मावि राक्सिराङ | ० | ७ | २ | | | | tlc |
| ३९ | सुनाचुरी प्रा.वि., चुरेडांडा | २ | ३ | १ | | | | |
| ४० | श्री राष्ट्रिय प्रावि पञ्जनी राक्सिराङ | १ | २ | १ | | | | |
| ४१ | रानीबाङ प्रावि बम्किम राक्सिराङ | १ | ४ | १ | | | | |
| ४२ | प्रजाप्रगति प्रावि जिर्खेडाँडा राक्सिराङ | २ | २ | ० | | | | |
| ४३ | विन्देश्वरी प्रावि भिन्देश राक्सिराङ | १ | ३ | १ | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४४ | लोकप्रिय प्रावि कुत्तसिङ्ग राक्सिराङ | २ | ५ | २ | | | | |
| ४६ | जैसिङताल प्रावि राक्सिराङ | २ | ४ | ० | | | | |
| ४७ | बालजागृति प्रावि सरिखेत | २ | ४ | १ | | | | |
| ४८ | नवजीवन प्रावि ताङराङ राक्सिराङ | १ | २ | १ | | | | |
| ४९ | भूमेश्वरी प्रावि भूमिथुम सरिखेत | १ | २ | १ | | | | |
| ५० | विन्देश्वरी प्रावि राम्चे सरिखेत | १ | ४ | ० | | | | |
| ५१ | जनप्रिय प्रावि मैनाटार सरिखेत | ३ | ५ | १ | | | | |
| ५२ | जनजागृति प्रावि विकुटार राक्सिराङ | ३ | ५ | १ | | | | |
| ५३ | श्री जनजागृति प्रा.वि. बरेटार | १ | २ | १ | ० | | | |
| | जम्मा | १२५ | २६८ | ६४ | ३ | | | |

Source: Rapid Survey, 2079

### ४.४.३ उद्देश्यहरुः

- विद्यालय शिक्षाको लागि आवश्यक मापदण्ड बमोजिमको सुरक्षित विद्यालय पूर्वाधारको विकास ममर्त सम्भार तथा प्रबलीकरण गर्नु,

### ४.४.४ रणनीतिहरु

|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 2079/080 | 2080/081 | 2081/082 | 2082/083 | 2083/084 | 2084/085 | | | सङ्घीय सरकार | प्रदेश सरकार | स्थानीय तह | गै.स.स/अन्य |
| १ | कानुन निर्देशिका मापदण्डको प्रबोधीकरण | १०० | २०० | ३०० | ४०० | ५०० | ५५० | २०५० | ४३०५ | | | १०० | |
| २ | विद्यालय सुधार योजना निर्माण एवम अद्यावधिक | ६०० | ६५० | ७०० | ७५० | ८०० | ८५० | ४३५० | ९१३५ | १०० | | | |
| ३ | शैक्षिक गुणस्तर सुधारसम्बन्धी अन्तक्रिया | | १५० | २०० | २०० | २५० | ३०० | ११०० | २३१० | | | १०० | |
| ४ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन | | २५० | ३०० | ३५० | ३५० | ४०० | १६५० | ३४६५ | | | ९० | १० |
| ५ | सामाजिक परीक्षणको प्रतिवेदनका आधारमा विद्यालयहरुलाई थप सहजीकरण | | २५० | ३०० | ३५० | ३५० | ४०० | १६५० | ३४६५ | | | १०० | |
| | | ७०० | १५०० | १८०० | २०५० | २२५० | २५०० | १०८०० | २२६८० | २० | ० | ७८ | २ |

## अनुगमन तथा मुल्याङ्कन

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | आर्थिक वर्ष (बजेट रु. हजारमा) | | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा | खर्चमा साझेदारी प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 2079/080 | 2080/081 | 2081/082 | 2082/083 | 2083/084 | 2084/085 | | | सङ्घीय सरकार | प्रदेश सरकार | स्थानीय तह | गै.स.स/अन्य |
| ४ | नतिजामा आधारित अनुगमन तथा मुल्यङ्कन प्रणाली कार्यान्वयन | १०० | १०० | १५० | २०० | २५० | ३०० | ११०० | २३१० | | | १०० | |
| ६ | स्थानीय तहले आफुले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन गर्ने | १०० | २०० | २५० | ३०० | ३५० | ४०० | १६०० | ३३६० | | | १०० | |
| ७ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | १०० | १५० | २०० | २५० | ३०० | ३५० | १३५० | २८३५ | | | १०० | |
| ९ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | १०० | १०० | १३० | १३० | १५० | १५० | ७६० | १५९६ | | | १०० | |
| | | ४०० | ५५० | ७३० | ८८० | १०५० | १२०० | ४८१० | १०१०१ | | | १०० | |

यस तालिका रहेको आधारबर्षको बजेट र आगामि बर्ष हुने बजेट अनुमानका सन्दर्भमा विगत केही बर्षदेखि प्राप्त बजेटको लागानिको स्रोतमा भएको बृद्धि प्रबृत्ति र आन्तरिक आम्दानीको स्रोत पहिचान अनुसार शिक्षा क्षेत्रमा भएको लागानिका प्रवृत्तिका आधारमा बजेट अनुमान आगामि १० बर्षको प्रक्षेपण गरिएको छ । साथै औसत बार्षिक १०% जति लगानी बृद्धि हुने बजेट दिग्दर्शन अनुरुप नै प्रबृत्तिको विश्लेषण गरी अनुमान सहित बजेटको अनुमान गरि राखिएको छ ।

## तालिका नं. ३४: बजेटको सारांश

| सि.नं. | क्षेत्र | अनुमानित बजेट रु. हजारमा | | बजेटको अनुमानित स्रोत(प्रतिशतमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | परियोजनाको लागि आवश्यक बजेट(५ वर्ष) | परियोजनाको लागि आवश्यक बजेट(१० वर्ष) | संघीय सरकार | प्रदेश सरकार | स्थानीय तह | गैर-सरकारी संघसंस्था/अन्य |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | १६६०२० | ३४८६४२ | १६ | १२ | ६९ | ३ |
| २ | आधारभूत शिक्षा | ६६०९५२ | १३८७९९।२ | ७० | १५ | १० | ५ |
| ३ | माध्यमकि शिक्षा | ११२९७६ | २३७२४९।६ | ७० | १५ | १३ | २ |
| ४ | पाठ्यक्रम र मुल्यांकन | २११५० | ४४४१५ | ३३ | ७ | ६० | |
| ५ | शिक्षक व्यबस्थापन र विकास | ३२९३४ | ६९१६१।४ | ६५ | ३० | १५ | ० |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाई | १३१६० | २७६३६ | ५० | २० | ३० | ५ |
| ७ | प्राविधिक तथा व्यबसायिक शिक्षा | ५३५७५ | ११२५०७।५ | ५० | ३० | १५ | ५ |
| ८ | शैक्षिक समता र समावेशीकरण | ११३५० | २३८३५ | ४१ | ८ | ४९ | २ |
| ९ | दिवा खाजा सहित पोषण तथा स्वास्थ्य कार्यक्रम | ३५६०० | ७४७६० | ८८ | ५ | ५ | २ |
| १० | आपतकालिन तथा संकटपूर्ण अवस्थामा शिक्षा | ६६०० | १३८६० | ४० | १० | ४५ | ५ |
| ११ | विद्यालयको भौतिक पूर्वाधार विकास | १७५५०० | ३६८५५० | ५४ | ३३ | ९ | ४ |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | २७५९६ | ५७९५१।६ | ५२ | १४ | ३४ | |
| १३ | संस्थागत क्षमता विकास | ६३०० | १३२३० | ८ | ४ | ८८ | |
| १४ | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | १०८०० | २२६८० | २० | | ७८ | २ |
| १५ | अनुगमन तथा मल्याङ्कन | ४८१० | १०१०१ | | | १०० | |
| | **जम्मा** | १३३९३२३ | २८१२५७८।३ | ४६ | २१ | ३० | ३ |

# परिच्छेदः ७

तालिका नं. ३५ः मुख्य उपलब्धि सूचकहरु

| क्र.सं. | शिक्षा योजनाको प्रारम्भिक विन्दुमा | राष्ट्रिय | प्रदेश | स्थानीय |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा | | | |
| १.१ | प्रारम्भिक बालविकास शिक्षामा कुल भर्नादर (%) | ९४.९ | | १७८ |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाकेन्द्र (संख्या) | ३००३९ | | ५९ |
| १.३ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकाहरुमध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका दर (%) | | | |
| १.४ | तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका प्रारम्भिक बालविकास र शिक्षाकेन्द्र | | | ० |
| १.५ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकाहरुमध्ये मनोसामाजिक विकासका लागि उचित वातावरण पाएका बालबालिका (%) | | | |
| १.६ | प्रारम्भिक बालविकास र शिक्षामा बालबालिका र तालिम प्राप्त शिक्षक तथा सहजकर्ताको अनुपात | २३:०१ | | ६३:१ |
| १.७ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ता | ९५.७ | | ७२.९ |
| १.८ | प्रारम्भिक बालविकास र शिक्षामा दिवा खाजा, खेल तथा सिकाइ सामग्रीसहितको अनुदान प्राप्त गर्ने बालबालिकाको संख्या (हजारमा) | ५८० | | ०.८८ |
| २ | आधारभुत शिक्षा कक्षा (कक्षा १-८) | | | |
| २.१ | आधारभूत तह (कक्षा १-८) मा अध्यनरत बालबालिकाहरुमध्ये आफ्नो मातृभाषा र विद्यालयमा शिक्षण-सिकाइका माध्यम भाषा फरक भएका बालबालिकाको संख्या (%) | | | ९५.४ |
| २.२ | मातृभाषामा पठनपाठन हुने विद्यालय (संख्या) | २८० | | ० |
| २.३ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता भएका शिक्षक (%) | ९६.५ | | १०० |
| २.४ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको अनुपात | | | ९९:१ |

| क्र.सं. | शिक्षा योजनाको प्रारम्भिक विन्दुमा | | राष्ट्रिय | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|
| २.५ | आधारभूत तह (प्राथमिक कक्षा १-५) को समायोजित खुद भर्ना दर (%) | | ९८.१ | | ८३.९ |
| २.६ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको अनुपात | | | | १२५:१ |
| २.७ | आधारभूत तहको कक्षा १-५ बाट सोही तहको कक्षा ६ मा ट्रान्जिसन दर (%) | | ९३ | | ८४.७ |
| २.८ | आधारभूत तहको कक्षा ८ को कुल प्रवेश दर (%) | | ९३.५ | | ५८.७ |
| २.९ | आधारभूत तह (कक्षा १-८) को समायोजित खुद भर्ना दर (%) | | ९५.७ | | ७४.९ |
| २.१ | आधारभूत तह (कक्षा १-८)मा भर्ना भएका ५-१२ वर्ष उमेर समूहका भन्दा माथिका बालबालिका (%) | | १७ | | ३९.७ |
| २.११ | आधारभुत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पुग्ने छात्रा र छात्रको समता अनुपात | | १:०१ | | १४४:१ |
| ३ | माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षकहरु (%) | | ९६ | | ८३.३ |
| ३.२ | कक्षा १२ को अन्तिम परीक्षामा उत्तीर्ण छात्रा र छात्र दर (%) | छात्रा | | | ८.३ |
| | | छात्र | | | १.७ |
| ३.३ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको अनुपात | | | | ११८:१ |
| ३.४ | माध्यमिक तह (कक्षा ११-१२) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको अनुपात | | | | ११४:० |
| ३.५ | हरेक प्रदेशमा संघिय सरकारको लगानीमा सञ्चालित राष्ट्रिय विज्ञान माध्यमिक विद्यालय (संख्या) | | | | ० |
| ४ | जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | |
| ४.१ | भाषिक तथा गणितीय साक्षरता सिप (१५ बर्षभन्दा माथि) (%) | | ७१.७ | | N/A |

| क्र.सं. | शिक्षा योजनाको प्रारम्भिक विन्दुमा | | राष्ट्रिय | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|
| ४.२ | भाषिक तथा गणितीय साक्षरता सिप (१५ बर्षभन्दा माथिका महिला) (%) | | ६३.४ | | N/A |
| ४.३ | युवा तथा प्रौढहरुले प्राप्त गरेको अनौपचारिक शिक्षाको समकक्षता निर्धारण दर (%) | | | | N/A |
| ४.४ | अनौपचारिक शिक्षामा वार्षिक रुपमा युवा तथा प्रौढहरुको सहभागिता दर | | | | N/A |
| ४.५ | जीवनपर्यन्त शिक्षा तथा सिकाइमा विश्वस्तरको नागरिकसम्बन्धी विषयको समायोजन | | | | N/A |
| ५ | प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम | | | | |
| ५.१ | हरेक स्थानीय तहमा कम्तीमा एउटा प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदायक सामुदायिक विद्यालय (संख्या) | | ४८४ | | १ |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा (लामो अवधि) तथा सिप विकास (छोटो अवधि) प्रदायक संस्था तथा केन्द्र (संख्या) | छोटो अवधि | ११३१ | | ० |
| | | लामो अवधि | ६१८ | | ० |
| ५.३ | प्राविधिक तथा व्यवसायिक सिप विकास तालिम (छोटो अवधि) प्राप्त गरी सिप परीक्षण उत्तीर्ण जनशक्ति (वार्षिक संख्या) | महिला | | | N/A |
| | | पुरुष | | | N/A |
| ५.४ | इन्टरनेट उपयोग गर्न सक्ने आर्थिक रुपले सक्रिय जनशक्ति (%) | | ५८ | | ३५ |
| ५.५ | पूर्व सिकाइ तथा कार्यअनुभव, स्वअध्ययन वा अनौपचारिक कार्यक्रमहरुबाट सिकेका ज्ञान, सिप र क्षमताको सिप परीक्षणका आधारमा प्राप्त सिपको तह वा क्रेडिट जम्मा गरी प्राविधिक तथा व्यावसायिक शिक्षा वा साधारण शिक्षामा प्रवेशका लागि आवेदन दिने प्राविधिक जनशक्ति (संख्या) | | | | N/A |
| ५.६ | कक्षा १२ उत्तीर्ण सरहको डिप्लोमा तथा प्राविधिक तथा व्यावसायिक विषयको शिक्षा पूरा गरी श्रमबजारमा प्रवेश गरेका जनशक्ति (संख्या) | | | | १० |
| ५.७ | कक्षा १० पूरा गरी प्राविधिक तथा व्यावसायकि शिक्षा (उदाहरणका लागि डिप्लोमा) मा प्रवेश गर्ने विद्यार्थी दर (%) | | | | १० |
| ५.८ | गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाण चिह्न प्राप्त गरी सञ्चालनमा रहेका प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकास तालिम कार्यक्रमहरु (%) | | | | ० |

| क्र.सं. | शिक्षा योजनाको प्रारम्भिक विन्दुमा | | राष्ट्रिय | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|
| ५.९ | पूर्वसिकाइ अनुभवका आधारमा सिप परिक्षण भई औपचारिक प्रमाण पत्र प्राप्त (Recognition of Prior Learning) प्राविधिक जनशक्ति (संख्या) | महिला | | | N/A |
| | | पुरुष | | | N/A |
| ६ | सुशासन तथा व्यवस्थापन | | | | |
| ६.१ | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय (%) | | २४.१ | | ० |
| ६.२ | न्यूनतम आवश्यक कुरा (Minimum Enableing Conditions) पुरा गरेका आधारभूत तहका विद्यालय (%) | | | | ० |
| ६.३ | न्यूनतम आवश्यक कुरा (Minimum Enableing Conditions) पुरा गरेका माध्यमिक तहका विद्यालय (%) | | | | ० |
| ६.४ | न्यूनतम आवश्यक कुरा (Minimum Enableing Conditions) पुरा गरेका प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक शिक्षालय (%) | | | | ० |
| ६.५ | नर्सिङ सेवा तथा सुविधा पुगेका विद्यालय (%) | | | | ५.५६ |
| ६.६ | नर्सिङ सेवा तथा सुविधा पुगेका प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकास तालिम प्रदायक शिक्षालय (%) | | | | १.८५ |
| ६.७ | आधारभुत तह (कक्षा १-८)मा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी (%) | | | | ७५.७ |
| ६.८ | माध्यमिक तह (कक्षा ९-१२)मा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी (%) | | २२ | | २५ |
| ६.९ | प्राविधिक तथा व्यावसायिक शिक्षा (लामो अवधि) तथा सिप विकास (छोटो अवधि)मा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी (%) | | ३६ | | ८० |
| ६.१ | आधारभुत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धि तालिम प्राप्त प्रधानाध्यापक (%) | | | | ० |
| ६.११ | प्रचलित कानूनमा व्यावस्था भए बमोजिम प्रधानध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यामिक विद्यालय (%) | | | | ० |
| ६.१२ | प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक शिक्षालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धि तालिम प्राप्त प्राचार्य (%) | | | | ० |
| ६.१३ | बालबालिकालाई आधारभूत जीवनउपयोगि सिप सहित कोभिड जस्ता माहामारी तथा विपद् जोखिम न्युनिकरण सम्बन्धि अभिमूखिकरण सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने आधारभूत तहको विद्यालय (%) | | | | ० |

| क्र.सं. | शिक्षा योजनाको प्रारम्भिक विन्दुमा | राष्ट्रिय | प्रदेश | स्थानीय |
|---|---|---|---|---|
| ६.१४ | बालबालिकालाई आधारभूत जीवनउपयोगि सिप सहित कोभिड जस्ता माहामारी तथा विपद् जोखिम न्युनिकरण सम्बन्धि अभिमूखिकरण सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने माध्यामिक तहको विद्यालय (%) | | | ० |
| ६.१५ | बालबालिकालाई आधारभूत जीवनउपयोगि सिप सहित कोभिड जस्ता माहामारी तथा विपद् जोखिम न्युनिकरण सम्बन्धि अभिमूखिकरण सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक शिक्षालय (%) | | | ० |
| ६.१७ | विद्युतको पहुँच पुगेको विद्यालय (%) | ३४.७ | | १३ |
| ६.१८ | इन्टरनेट सुविधा पुगेको विद्यालय (%) | १२.७ | | ७.४ |
| ६.१९ | खानेपानी शौचालय र प्राथमिक स्वास्थ्य सेवा पहुँच पुगेको विद्यालय (%) | ८५.९ | | |
| ६.२ | अपाङ्गगता मैत्री विद्यालय (%) | १८ | | ० |
| ६.२१ | राष्ट्रिय तथा स्थानीय पाठ्यक्रममा मानवअधिकार, दिगो विकास, लैङ्गिक समानता जस्ता विषयबस्तुहरुको समावेशीकरण भएको सुनिश्चितता | | | १०० |
| ६.२२ | एक वर्षमा सेवाबाट अवकास लिने शिक्षक (निवृत्त भएका समेत) दर (%) | ३ | | १.८ |
| ६.२३ | गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रणालीमा आबद्ध विद्यालय संख्या (%) | | | ० |
| ६.२४ | मुख्य विषयहरुमा विद्युतिय पाठ्यसामाग्री प्रयोग गर्ने विद्यालय संख्या (%) | | | ० |
| ६.२५ | स्थानीय र प्रदेश तहमा औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तथा कार्यस्थलको सिकाइसम्बन्धि सञ्चालन भएका कार्यक्रम (संख्या) | | | ० |
| ६.२६ | राष्ट्रिय पेशागत सक्षमता मानक(National occupational competency standard) का आधारमा सिपको क्रेडिट जम्मा गर्ने प्राविधक जनशक्ति (संख्या) | | | ० |
| ६.२७ | राष्ट्रिय योग्यताको प्रारुपअनुसार तयार गरिएको राष्ट्रिय पेशागत सक्षमता मानक (National occupational competency standard) का आधारमा सिकाइ उपलब्धीको परीक्षण भएका कार्यक्रम (संख्या) | | | ० |

| क्र.सं. | शिक्षा योजनाको प्रारम्भिक विन्दुमा | राष्ट्रिय | प्रदेश | स्थानीय |
|---|---|---|---|---|
| ७ | उच्च शिक्षा | | | |
| ७.१ | प्राविधिक उच्च शिक्षा प्रदायक सङ्काय (संख्या) | | | ० |
| ७.२ | उच्च शिक्षामा उपलब्ध छात्रवृत्ति (%) | ३६.६ | | १.७ |
| ७.४ | विद्यार्थीलाई आधारभूत जीवनउपयोगि सिप सहित कोभिड जस्ता माहामारी तथा विपद् जोखिम न्युनिकरण सम्बन्धि अभिमूखिकरण सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने उच्च शिक्षा प्रदायक संस्था (%) | | | ० |
| ७.५ | क्षेत्रीय तथा अन्तराष्ट्रिय स्तरबाट नेपाली विद्यार्थीका लागि प्राप्त छात्रवृत्ति (संख्या) | २८०० | | ० |
| ८ | शिक्षामा लागानी | | | |
| ८.१ | शिक्षामा कुल गार्हस्थ उत्पादनको अंश (%) | | | N/A |
| ८.२ | सुत्रमा आधारित शिक्षामा लगानी (%) | | | २४.२ |
| ८.३ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी लागत (रु हजारमा ) | | | १९.३ |
| ८.४ | प्रावधिक तथा व्यावसायिक सिप विकास तालिम (छोटो अवधी) मा प्रति विद्यार्थि लागत (रु ) | | | ० |
| ८.५ | प्रावधिक तथा व्यावसायिक शिक्षा (लामो अवधी) मा प्रति विद्यार्थि लागत (रु ) | | | ० |
| ८.६ | उच्च शिक्षा (साधारण) मा प्रति विद्यार्थि लागत (रु ) | | | ० |
| ८.७ | उच्च शिक्षा (प्राविधिक) मा प्रति विद्यार्थि लागत (रु ) | | | ० |
| ८.८ | गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्राप्त क्याम्पस (संख्या) | | | ० |

यस गाउँपालिका अन्तर्गत जम्मा ५२ वटा सामुदायिक विद्यालय र २ वटा संस्थागत विद्यालयहरु रहेका छन् । जस मध्ये ५ वटा विद्यालयहरु माध्यमिक (१-१०) र एउटा विद्यालय (१-१२) सञ्चालित

छन् । शैक्षिक सत्र २०८० को IEMIS तथ्याङ्क अनुसार यस गाउँपालिका अन्तर्गत प्रारम्भिक बालविकास केन्द्रमा अध्ययनरत विद्यार्थी ९९४ जना, कक्षा १-५ मा अध्ययनरत विद्यार्थी संख्या ४२३८, कक्षा ६-८ मा अध्ययनरत विद्यार्थी सङ्ख्या ७५४, कक्षा ९-१० मा अध्ययनरत विद्यार्थी सङ्ख्या ५९१ र कक्षा ११-१२ मा अध्ययनरत विद्यार्थी सङ्ख्या ११४ गरी जम्मा ६६९१ जना विद्यार्थी अध्ययनरत रहेका छन् । राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार ७०.२ % साक्षर, २९.३ निरक्षर र ०.५ % पढ्न मात्र सक्षम जनसंख्या रहेको तथ्यांकले देखाएको छ ।त्यसै गरी आधारभूत तह कक्षा १-५ मा अध्ययन गर्ने उमेरसमुहका बालबालिकाहरु मध्ये १६.१५ प्रतिशत र आधारभूत तह कक्षा १-८ मा अध्ययन गर्ने उमेरसमुहका बालबालिकाहरु मध्ये २१.६ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेको तथ्यांकले देखाएको छ ।

**प्रारम्भिक बालविकास र शिक्षा**

प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्नादर १७८ प्रतिशत(राष्ट्रिय ९४.९ प्रतिशत) र तोकिएको मापदण्ड पुरा गरेका प्रारम्भिक बालविकास र शिक्षा केन्द्र शुन्य रहेको छ । यसै गरी प्रारम्भिक बालविकास र शिक्षामा बालबालिका र तालिम प्राप्त शिक्षक तथा सहजकर्ताको अनुपात ६३:१ (राष्ट्रिय २३:१) रहेको छ । यसरि हेर्दा मापदण्ड पुरा भएका बालविकास र शिक्षा केन्द्रहरु स्थापना गर्नुपर्ने र बालविकास शिक्षक तथा सहजकर्ताहरुलाई तालिम प्रदान गरी पेशागत दक्षता अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

**आधारभूत शिक्षा (कक्षा १-८)**

शैक्षिक सत्र २०७९ को IEMIS को तथ्यांक अनुसार कक्षा १-८ मा जम्मा ५९८६ जना विद्यार्थीहरु अध्ययनरत छन । आधारभूत तह कक्षा १-८ खुद भर्नादर ७४.९ प्रतिशत रहेको तथ्यांकले देखाएको छ ।आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको अनुपात १२५:१ रहेको छ ।त्यसै गरि आधारभूत तह कक्षा १-८ भर्ना भएका ५-१२ उमेर समुह भन्दा माथिका बालबालिका ३९.७ प्रतिशत (राष्ट्रिय १७ प्रतिशत) रहेको तथ्यांकले देखाएको छ ।

**माध्यमिक शिक्षा (९-१२)**

**IEMIS** २०७९ को तथ्यांक अनुसार यस गाउँपालिका अन्तर्गत जम्मा ५९१ जना विद्यार्थीहरु अध्ययनरत छन् भने माध्यमिक तहको शिक्षक दरवन्दी १ र राहत अनुदान ५, वाली विज्ञान प्रशिक्षक १, अंग्रेजी गणित विज्ञान विषयको लागि संघीय अनुदान अन्तर्गत ३ जना शिक्षक कार्यरत छन् भने कक्षा ११-१२ अन्तर्गत कुनैपनि दरवन्दी नरहेको अवस्था रहेको छ । माध्यमिक माध्यमिक तह कक्षा ९-१० मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको अनुपात ११८:१ रहेको छ ।

**प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकास तालिम**

यस गाउँपालिका अन्तर्गत प्राविधिक धार संचालित विद्यालय एउटा रहेको छ । जसमा शैक्षिक सत्र २०७९ देखी कक्षा ९ बाट वालीबिज्ञान कक्षा संचालनमा रहेको छ । गाउँपालिका अन्तर्गतका अन्य विद्यालयहरुमा पनि अन्य विधाहरुमा प्राविधिक धारका विद्यालयहरु संचालन गर्नुपर्ने देखिन्छ ।

त्यसै गरी लगभग १० प्रतिशत विद्यालयमा मात्र विद्युत र इन्टरनेटको पहुँच पुगेको तथ्यांकले देखीको छ ।

यस गाउँपालिका अन्तर्गत हालसम्म कुनैपनि उच्च शिक्षा प्रदायक शिक्षण संस्था संन्चालन छैन र आवश्यकता अनुसार उच्च शिक्षा प्रदायक शिक्षण संस्थाहरु संचालन गर्नुपर्ने देखिन्छ ।

# परिच्छेदः ८

## ८.१ सारांश, निष्कर्ष र सुझाव

नेपाल संविधान २०७२ जारी भइसकेको अवस्था, संघिय शासन प्रणाली अनुरुपको तिन तह संघ, प्रदेश र स्थानीय तहको संरचना संस्थागत हुन क्रममा रहेको छ ।यसै सन्दर्भमा स्थानीय तह अझ बढी जनताको सन्निकटता र नजिकमा रहेर कार्य गने सरकार रुपमा रहेको सबै पक्ष आसा र भरोसामा दृढ भएर उभिनु पर्ने अवस्था रहेको छ ।एकातिर जनताको भरोषा,आशा र अपेक्षामा दिनानुदिन स्थानीय सरकार प्रति बढीरहेको अर्कोतिर सिमित स्रोत साधानको प्रयोग गरी सम्रग कार्यामा प्रभावकारी ल्याइ अन्तराष्ट्रिय, राष्ट्रिय लक्ष्य,उदेश्य तथा सुचाङ्कलाइ स्थानीकरण गरी जनताको अवस्थामा समृद्धता ल्याइ जीवनयापनको अवस्थालाइ सुखी तथा  समय सापेक्ष बानउनु पर्ने चुनौति रहेको छ । संघियताको मर्म अनुसार र संविधानको अनुसूचि ८ मा उल्लेख भएबमोजिम आधारभुत शिक्षासम्बन्धि सम्पुर्ण जिम्मेवारी स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने र त्यस भान्दा माथिको शैक्षिक गुणस्तर अवस्था सुधार गर्ने आवश्य पर्ने गतिविधि गर्न पनि बाधा नपुग्ने भए अनुरुप स्थानीय सरकार प्रति शिक्षा क्षेत्रको परिवर्तनका निमित्त महत्वपूर्ण जिम्मेवारी,कर्तव्य र दायित्व रहेको छ ।

समिति स्रोत साधान तथा माथिल्लो सरकार सहयोग र समन्वयको अभाव,शैक्षिक क्षेत्रको गुणस्तर सुधारका लागि आवश्य पर्ने जनशक्ति समितितता, अपर्याप्त भौतिक संरचना, समयसापेक्ष पाठ्यक्रमको अभाव जस्ता सिमितताले समयानुकुल सिपयुक्त शिक्षित जनशक्ति उत्पादनमा यस गाउपालिकाको अवस्था पनि सन्तोष जनक नरहेको कुरा तथ्याङ्क बाट पनि अनुमान गर्न सकिन्छ । भौगलिक कठिनाइ तथा सहजै माथिल्लो तहसम्मका विद्यालयमा पहुचको अभाव, पारिवारीक गरिबि दुष्चक्रको अवस्था र परिवारमा शिक्षित मानिसको संख्या नरहेका कारणले पनि यस क्षेत्रमा शिक्षाप्रति धारण सकारात्मक नरहेको कुरा प्राथमिक तहमा भर्ना भएका विद्यार्थिले कक्षा १० सम्मको अध्ययन पुरा गर्ने दर करिब २०% ले पनि यसै कुरालाइ जनाइ रहेको छ । गरिबि, आर्थिक आर्जनको स्रोत खासै नभएको, अशिक्षित परिवारको अवस्थाले पनि प्राथमिक तहमा देखिएको over age विद्यार्थी संख्या र ड्रपआउट विद्यार्थिको संख्याको तथ्याङ्कले पनि शैक्षिक अवस्थाको आकलन गर्न सकिन्छ । विद्यालय रहेका क्षेत्रमा सबैतिर विद्युत संचारको उपलब्धता नभएको कारण समायनुकुल प्राविध शिक्षा सुचना प्रविधिको प्रयोग शिक्षामा गर्न र त्यसै अनुरुप जनशक्ति यस क्षेत्रमा बस्न नचाहने कारणले पनि शिक्षा क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग र पहुचको अवस्था एकदमै नाजुक रहेको कुरा माथिका तथ्याङ्कबाट पनि पुष्टि हुन्छ । उच्च तहका विद्यार्थीको अनुपात सक्षम शिक्षकको अनुपात पनि सबैभन्दा कमजोर रहेको( करिब १००:१) बाट पनि माध्यामिक तहका शैक्षिक अनुमान लगाउन सकिन्छ । यि विभिन्न समस्याको बाबजुत पनि सम्पुर्ण बालबालिका शिक्षा लिनबाट बन्चित नहुन भन्नाकालागि संघिय सरकारको यथेष्ठ सहयोग विना आफ्नै स्रोतको प्रयोग गरी ५९ वटा ECED सञ्चालन गर्न आवश्य स्रोत र साधनको व्यवस्था गरिएको, विद्यार्थी र आर्थिक अवस्थ हेरी विपन्न, असाय, दलित लगायत विभिन्न समुदायको विद्यार्थिलाइ आफ्नै ठाउमा उपलब्ध हुने शिक्षाको लागि छात्रवृत्ति प्रदान गरिनुका साथै यस उलपब्ध नभएका प्रविधिक शिक्षाका लागि पनि छात्रवृत्ति प्रदान गरिएको छ । संघिय र स्थानीय सरकारको सहयोग विद्यार्थिहरुलाइ विद्यालय शिक्षामा आर्कषण गर्न दिवा खाजको व्यवस्थालाइ सञ्चालन गरिएको छ ।विभिन्न समय विभिन्न स्कुलमा संघ, प्रदेश र स्थानीय सरकारको समन्वयमा ICT Lab को स्थापना गरि शिक्षामा प्रविधिमय बनाउन पहलकदमि

लिएको । योग्य दक्ष जनशक्तिको प्रर्याप्त व्यवस्थापन गर्ने स्थानीय स्रोतको प्रयोग गरिएको छ । शिक्षा सँगै खेलकुदलाई पनि प्राथमिकता राखि विभिन्न समयमा विद्यालय स्तरका खेलकुद प्रतियोगिताको आयोजना तथा सामग्री वितरण पनि गर्ने गरिएको छ ।

सम्पुर्ण सकारात्मक प्रयासको बाबजुत पनि भौगोलिक विकटता, विकास पूर्वाधारको यथेष्ट उपलब्धता नहुन, स्रोत साधानको अभाव, दक्ष जनशक्ति लामो समय कार्यगरि बस्न नरुचाउने र शैक्षिक क्षेत्र सुधारमा जनप्रतिनिधि, अभिभावक र सरोकारवाला पक्षहरुको प्राथमिकता र चासोमा कमिले गर्दो यसक्षेत्रको शैक्षिक गुणस्तरमा सुधार, समयानुकुल शैक्षिक प्रणालि, सिप र दक्षता युक्त शैक्षिक जनशक्ति तयार गर्नमा यस गाउँपालिका ठुलो चुनौति रहेको छ ।

योजनाको अन्त्यमा गाउँपालिकाको कक्षा १-५ मा कुल भर्नादर १०० प्रतिशत र खुद भर्नादर पनि १०० प्रतिशत पुगेको हुनेछ । आधारभूत तह कक्षा १-८ को कुल र खुद भर्नादर १०० प्रतिशत पुगेको हुनेछ ।त्यसै गरी कक्षा ८ सम्मको टिकाउ दर १०० प्रतिशत पुगेको हुनेछ भने कक्षा १-८ मा अध्यापन गर्ने महिला शिक्षकको प्रतिशत ४० हुने लक्ष्य योजनाले गरेको छ ।

माध्यमिक तह कक्षा ९-१२ को कुल भर्नादर ७० प्रतिशत र खुद भर्नादर ६० प्रतिशत पुगेको हुनेछ ।कक्षा १ मा भर्ना भएका बालवालिका कक्षा १० मा पुग्ने दर ८० प्रतिशत र कक्षा १ मा भर्ना भई कक्षा १२ मा पुग्ने दर ५० प्रतिशत पुगेको हुनेछ । यसका साथै कक्षा १० को नेपाली विषयको औसत सिकाई उपलब्धी ७१ प्रतिशत, गणितको ५० प्रतिशत र अंग्रजीको ६० प्रतिशत पुगेको हुनेछ ।

यसै गरी योजनाको अन्त्य सम्म ६ वटा विद्यालय भवनहरु(२४ वटा कक्षाकोठा) थप निर्माण गर्ने लक्ष्य राखिएको छ । यसै गरी विज्ञान प्रयोगशाला, सूचना प्रविधि प्रयोगशाला पुस्तकालय आवश्यकता अनुसार बाँकी सबै विद्यनलयहरुमा थप गर्ने लक्ष्य राखिएको छ ।

गाउँपालिको घरधुरी सर्वेक्षण,२०७५ अनुसार यस गाउँपालिका अन्तर्गत जम्मा ७५ वटा टोलहरु रहेकोमा बालविकास केन्द्रहरु जम्मा ५९ वटा मात्र रहेका छन् ।र तीन वटा विद्यालयहरुमा बाल विकास केन्द्रहरु समेत नरहेको सन्दर्भमा यस योजनाले योजना अवधिभरमा आवश्यकताका आधारमा ८ वटा बालविकास केन्द्र र ८ जना बालविकास शिक्षक थप्ने लक्ष्य राखेको छ ।

साथै गाउँपालिकाको निम्न माध्यमिक तथा माध्यमिक तहमा दरवन्दी अवस्था यस प्रकार रहेको र मापदण्ड अनुसार देहाय अनुसारको शिक्षक सङ्ख्या थप्नुपर्ने देखिन्छः

निम्न माध्यमिक तह(६-८)

| सि.नं. | विषय | हाल मौजुदा शिक्षक दरबन्दी | आवश्यक जम्मा | मापदण्ड अनुसार पुर्याउन थप गर्नुपर्ने सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | नेपाली | ३ | १५ | १२ | राहत अनुदान सहित |
| २ | गणित | ४ | १५ | ११ | राहत अनुदान सहित |
| ३ | विज्ञान | २ | १५ | १३ | राहत अनुदान सहित |
| ४ | अंग्रेजी | ६ | १५ | ९ | राहत अनुदान सहित |
| ५ | सामाजिक | ६ | १५ | ९ | राहत अनुदान सहित |
| | जम्मा | २१ | ७५ | ५४ | |

माध्यमिक तह(९-१०)

| सि.नं. | विषय | हाल मौजुदा शिक्षक दरबन्दी | आवश्यक जम्मा | मापदण्ड अनुसार पुर्याउन थप गर्नुपर्ने सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | नेपाली | ० | ७ | ७ | राहत अनुदान सहित |
| २ | गणित | २ | ७ | ५ | राहत अनुदान सहित |
| ३ | विज्ञान | १ | ७ | ६ | राहत अनुदान सहित |
| ४ | अंग्रेजी | २ | ७ | ५ | राहत अनुदान सहित |
| ५ | सामाजिक | १ | ७ | ६ | राहत अनुदान सहित |
| | जम्मा | ६ | ३५ | २९ | |

माध्यमिक तह(११-१२)

| सि.नं. | विषय | हाल मौजुदा शिक्षक दरबन्दी | आवश्यक जम्मा | मापदण्ड अनुसार पुर्याउन थप गर्नुपर्ने सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | नेपाली | ० | ३ | ३ | राहत अनुदान सहित |
| २ | अंग्रेजी | ० | ३ | ३ | राहत अनुदान सहित |
| ३ | सामाजिक | ० | ३ | ३ | राहत अनुदान सहित |
| ४ | अन्य ऐच्छिक | ० | ९ | ९ | राहत अनुदान सहित |
| | जम्मा | ० | १८ | १८ | |

साथै योजनामा प्रस्ताव गरेका नयाँ कार्यक्रमहरु यस प्रकारका छन्

- प्रारम्भिक बालविकास तथा शिक्षाकेन्द्रहरुको नक्साङ्कन तथा पुनर्वितरण
- विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन
- कक्षाकोठामा आधारित मुल्याङ्कन्
- लक्षित बालबालिकाहरुका लागि आवासीय प्रबन्ध
- सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्चालन निर्माण
- सामुदायिक सिकाइ केन्द्र सञ्चालन्
- सामुदायिक सिकाइ केन्द्रलाई सामुदायिक पुस्तकालयका रुपमा सञ्चालन
- साक्षर स्थानीय तह घोषणा
- बहुप्राविधिक शिक्षालय स्थापना, सञ्चालन तथा नियमन
- वैदेशिक रोजगरीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणीकरण तथा उपयोग सम्बन्धी कार्यक्रम
- विद्यालय भर्नाको समयमानै बालबालिकाको स्वास्थ्य र सिकाई सक्षमता अवस्था परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी आवश्यकताका आधारमा उपयुक्त शिक्षाको प्रबन्ध गर्ने

दिगो विकास लक्ष्य अनुरुप शैक्षिक क्षेत्रमा राष्ट्रले लिएको उदेश्य, लक्ष्य रणितिहरु प्राप्त गर्नका लागि संघ र प्रदेश सरकारको स्थानीय तहको शिक्षा क्षेत्रमा व्यापक समन्वय,सहयोग र सहकार्यको टडकारो आवश्यकता रहेको छ ।एक्लै संघ,प्रदेश र स्थानीय तहले यस क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउन सम्भव नरहेको कुरा विभिन्न तथ्याङ्कहरुले पुष्टी गरेको छ । शैक्षिक अस्थामा समायनुकुल, अन्तराष्ट्रिय स्तरको र गुणस्तरीय बनाउन तीनै सरकारको सहकार्य,समन्वय सहयोगमा व्यापक बृद्धि गर्नुपर्ने अवस्था छ ।यी सरकारहरुलाइ यस गाउँपलिकाको शैक्षिक अवस्था सुधारको परिप्रेक्ष्य रहेर निम्न अनुसारको सुझाव र सल्लाह रहेको छ ।

**स्थानीय सरकालाई सुझाव**

- आन्तरिक स्रोत राम्रो रहेको अवस्थामा स्थानीय स्रोतको प्रयोग गरि प्रतिस्पर्धाको आधारमा माथिल्लो स्रोतबाट प्राप्त नहुने समय सम्म आवश्यक जनशक्ति परिपुर्ति गर्ने ।
- दरवन्दी मिलान कार्यलाई विशेष प्राथमिकताका साथ हेरी सोकी बमोजिम शिक्षक व्यबस्थापन गर्ने ।
- विद्यालयको नक्साङ्कन तथा पूनर्वितरण कार्यगरी बस्तु स्थितलाई बुझेर विद्यालय समायोजनको कार्य गर्नुपर्ने ।
- उमेर समुह अनुसार भर्नादर बढाउन वार्षिक रुपमा भर्ना अभियान सञ्चालन गर्ने साथै टोल विकास, आमा समुह, सहकारी लगायत अन्य संघ संस्थाको सहयोग शिक्षाको महत्व बारे प्रकाश पार्दै परिवारका सदस्यलाइ बालबालिक शिक्षाको महत्व बारे अभिमुखिकरण समय समयमा गर्ने ।
- विद्यार्थिलाइ आकर्षित गर्न दिवा खाजालाइ माथिल्लो तहसम्म लागु गर्ने ।
- शिक्षामा प्रविधिको प्रयोग र प्राविधिक शिक्षालाइ प्रत्येक विद्यालयमा अनिवार्य गर्ने
- शिक्षक र विद्यार्थिले पालना गर्नु आचारसंहित सहभागितमुलक रुपमा निर्माण गरि प्रभावकारी रुपमा लागु गर्ने ।
- आवश्यक पर्ने साना तिना शैक्षिक सामाग्री उपलब्धतता सहज बनाइदिने ।
- विद्यालयमा केटा र केटीको लागि छुट्टै शौचालय, आपाङमैत्री संरचना, स्वच्छ खानेपानी तथा सरसफाइको व्यवस्था,प्राथमिक उपचारको व्यवस्था र छात्राकालागी महिनावारी सम्बन्धी सरसफाइको राम्रो व्यवस्था गर्ने ।
- शैक्षिक वातावरणलाइ रामाइलो बनाउन आवश्यक पर्ने स्रोतसाधनको व्यवस्था गर्ने ।
- अन्य स्थानीय तहसग सहकार्य गरी शैक्षिक गुणस्तरलाइ सुधार गर्न पहल गर्ने ।
- विद्यालयहरुमा शैक्षिक योजना, Lesson Plan, शैक्षिक क्यालेण्डर,अनुगमन तथा मुल्याङ्कनलाइ प्रभावकारी बनाउने र शिक्षा क्षेत्रमा काम गर्ने जनशक्ति थप गर्नुपर्ने।
- सिकाइ प्राणाली बढि ब्यबहारिक बनाउने ।

**प्रदेश सरकालाई सुझाव**

- आवश्यक पर्ने स्रोत साधानको ब्यवस्थापन सहयोग गर्ने ।

- समय समय यस क्षेत्रका शैक्षिक अवस्था जानकारी लिने, अनुगमन तथा मुल्याङ्कन गर्ने ।
- शिक्षकहरु क्षमता विकास लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।
- आवश्यक पर्ने जनशक्ति उपलब्ध गराउन सहयोग गर्ने ।
- शैक्षिक गुणस्तर सुधार गर्न प्रदेशमा रहेका राम्रा विद्यालयालाइ अन्य कमजोर विद्यालयसग सहकार्या गर्न सहयोग गर्ने ।
- आवश्यक पर्ने ऐन, कानुन तथा नीति नियम निर्माण समयमै निर्माण गर्ने ।
- प्रर्याप्त बजेटको ब्यवस्थापनमा सहयोग गर्ने ।
- विद्यालयका लागि आवश्यक पर्ने यातायातका साधन, ICT LaB, सुचना प्रविधिका सामग्री, Sceience Lab का लागि आवश्यक सामाग्री, खेलकुदका लागि आवश्य पर्ने सामग्री लगायत अन्य पूर्वाधारमा सहयोग गर्ने ।

**संघीय सरकालाई सुझाव**

- संघिय शिक्षा ऐन लगायतका अन्य ऐन,नियम र कानुन चाडै निर्माण गरी प्रदेश तथा स्थानीय कानुन निर्माणमा सहयोग गर्ने ।
- शैक्षिक क्षेत्रको सुधारका लागि विशेषज्ञ सहित सल्लाह सुझाव र सहयोग गर्ने ।
- ठुला भौतिक पूर्वाधार निर्माण र प्रविधि शिक्षा सञ्चालनका लागि आवश्यक सहयोग गर्ने ।
- पाठ्यक्रमलाइ समायानुकुल, सिप मुलक र जीवनयोपगोयी बनाउने ।
- दिगो विकासका लक्ष्य र राष्ट्रिय लक्ष्य उदेश्य र रणनितिलाइ स्थानीकरण गरी प्रभावकारी प्राप्तिका लागि सहयोग गर्ने ।
- आवश्यक पर्ने जनशक्ति यकिन गरी समयमै पुर्ति गर्ने ।

संघियताको मर्म र सहकार्य, समन्वय र सहअस्तित्व सिद्धान्त अनुरुप तिनै सरकारको सकारात्मक तथा प्रभावकारी भुमिका र समायनुकुल बस्तुपरक गतिविधि र क्रियाकलाप भएमा मात्र दिगो लक्ष्य अनुसारको शैक्षिक लक्ष्य, गुणस्तरियता, विश्व बजार सुहाउदो र प्रतिस्पर्धि जनशक्ति निर्माण गरी सभ्य, सुसंस्कृत र सचेत समाज निर्माण हासिल गरी समृद्ध नेपाल सुखी नेपालको दिर्घकालिन लक्ष्य हासिल गर्न सकिन्छ ।

<u>सन्दर्भग्रन्थ सूची</u>

गाउँपालिका बस्तुगत विवरण(Municipality profile), २०७५ राक्सिराङ्ग गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, चैनपुर मकवानपुर ।

राक्सिराङ्ग गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, नीति बजेट तथा कार्यक्रम, आर्थिक वर्ष २०७६/०७७ , चैनपुर मकवानपुर ।

राक्सिराङ्ग गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, नीति बजेट तथा कार्यक्रम, आर्थिक वर्ष २०७७/०७८ , चैनपुर मकवानपुर ।

राक्सिराङ्ग गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, नीति बजेट तथा कार्यक्रम, आर्थिक वर्ष २०७८/०७९, चैनपुर मकवानपुर ।

राक्सिराङ्ग गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, नीति बजेट तथा कार्यक्रम, आर्थिक वर्ष २०७९/०८० , चैनपुर मकवानपुर ।

राक्सिराङ्ग गाउँपालिकाको कार्यालय, खाद्य तथा पोषण सुरक्षा नीति २०७८, चैनपुर, मकवानपुर ।

राक्सिराङ्ग गाउँपालिका, स्थानीय विषयमा आधारित पाठ्यक्रम(कक्षा १-८), चैनपुर मकवानपुर ।

आ.व. २०७८/०७९ को वार्षिक शैक्षिक स्थिति प्रतिवेदन, राक्सिराङ्ग गाउँपालिका, चैनपुर, मकवानपुर ।

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय(२०७८), शैक्षिक सूचना २०७८, सिंहदरबार काठमाडौं, नेपाल ।

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय(२०७८), शैक्षिक सूचना २०७८, सिंहदरबार काठमाडौं, नेपाल ।

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय(२०७९), शैक्षिक सूचना २०७९, सिंहदरबार काठमाडौं, नेपाल ।

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय(२०७६), राष्ट्रिय शिक्षा नीति २०७६, सिंहदरबार काठमाडौं, नेपाल ।

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय(२०७९), शिक्षाको सोचपत्र २०७९, सिंहदरबार काठमाडौं, नेपाल ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०७९), स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन,२०७९ सानोठिमी भक्तपुर ।

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र (२०७६), राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, सानोठिमी भक्तपुर ।

नेपाल सरकार राष्ट्रिय योजना आयोग केन्द्रीय तथ्याङ्क विभाग(२०८०), राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन

**http://cbs.gov.np/**

राष्ट्रिय योजना आयोग (फागुन २०७६), पन्ध्रौं योजना(२०७६/०७७-२०८०/०८१), सिंहदरवार काठमाडौं,

नेपाल ।

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, लेटर ग्रेडिङ्ग निर्देशिका, २०७८, सानोठिमी भक्तपुर ।

Central for Educational and Human Resource Development (2077), Final Flash Report 2021-22(2078) Sanothimi, Bhaktapur, Nepal, Writer.

पोखरेल, हरिहर(फागुन २०७२) नेपालको संविधान २०७२ संघीय सात प्रदेश काठमाण्डौं, ब्रदर्श बुक्स प्रकाशन प्रा.लि. ।

Government of Nepal, Ministry of Education, Science and Technology, (2022), School Education Sector Plan(SESP), 2022/23-2031/32 (BS 2079-2089) Singhadarwar, Kathmandu

## अनुसूची १

## बालबिकास शिक्षकहरुको विवरण

| सि.नं. | विद्यालयको नाम ठेगाना | बालविकास शिक्षक संख्या | वाल विकास शिक्षकको नाम | नियुक्ति मिति | योग्यता |
|---|---|---|---|---|---|
| १ | श्री प्राथमिक विद्यालय सिमलटार,खैराङ, राक्सिराङ्ग-९ | १ | उर्मिला रुम्बा | २०७५/०३/०१ | ९ कक्षा |
| २ | श्री प्रजा कल्याण प्रा.वि, बाङ्ग्राङ,राक्सिराङ्ग-८ | २ | विष्णु माया वाल्पा मुक्तान | २०६७/०८/२७ | ए.एल.सी. |
| | | | बुद्धि माया मोक्तान | २०६५/११/०१ | ए.एल.सी. |
| ३ | श्री आधारभूत विद्यालय,जुरेथुम,राक्सिराङ्ग-६ | १ | विकास गलान | २०६४/०३/३० | एस.ई.ई. |
| ४ | श्री देवीथान प्राथमिक विद्यालय,खैराङ्ग,राक्सिराङ्ग-९ | १ | सिता माया घलान | २०६४/०३/३० | ए.एल.सी. |
| | श्री तेन्सुराङ्ग प्रा.वि., खैराङ्ग,राक्सिराङ्ग-९ | १ | संगीता न्यौपाने | | |
| ५ | श्री टिकेढुंगा प्रा.वि. राक्सिराङ्ग-६ | १ | विनिता लो | | |
| ६ | श्री प्रा.वि. चरिमारा,राक्सिराङ्ग-६ | २ | राम बहादुर प्रजा | २०६२/११/०१ | टेस्ट पास |
| | | | कृतिमा गोले | २०६७/११/०१ | टेस्ट पास |
| ७ | श्री जनसेवा प्रा.वि. राक्सिराङ्ग-८ | १ | विवि माया मुक्तान | २०७५/०८/१० | एस.एल.सी. |
| ८ | श्री माध्यमिक विद्यालय, देविटार राक्सिराङ्ग-८ | २ | हरि प्रसाद प्रजा | २०६०/०१/१६ | एस.एल.सी. |
| | | | रवि प्रजा | २०७७/११/१६ | एस.एल.सी. |
| ९ | श्री कालीदेवी प्रा.वि. खैराङ्ग,राक्सिराङ्ग-९ | १ | कल्पना सिंह ठकुरी नगरकोटी | २०७२/०९/१६ | ८ पास |
| १० | श्री बागेश्वरी आधारभूत विद्यालय खैराङ्ग,राक्सिराङ्ग-९ | २ | शाईशा मल्ल | २०७५/०६/०१ | +२ |
| | | | अप्सरा मल्ल | २०७७/१०/०८ | +२ |
| ११ | श्री सातकन्या प्रा.वि., राक्सिराङ्ग-७ | २ | विनिता थिङ्ग | २०७६/१०/२२ | +२ |
| | | | कृतिना घलान | २०७७/१०/०८ | एस.एल.सी. |
| १२ | श्री आधाभूत विद्यालय, दामराङ्ग राक्सिराङ्ग-७ | १ | प्रतिना प्रजा | २०६९/०७/२१ | ८ पास |
| १३ | श्री महाकाली प्रा.वि. राक्सिराङ्ग-९ | २ | सिर्जना घलान | २०७८/०५/०१ | एस.एल.सी. |
| | | | विमला मुक्तान | २०७१/०९/०१ | +२ |
| १४ | श्री आधारभूत विद्यालय,ठुलोटोड्के,राक्सिराङ्ग-८ | १ | बिन्दु लामा | २०६७/०१/०२ | एस.एल.सी. |
| १५ | श्री चेपाङ्ग प्रगति प्राथमिक विद्यालय ,राक्सिराङ्ग-८ | १ | खुशी माया प्रजा | २०७०/०१/१० | एस.ई.ई. |
| १६ | श्री नवजीवन प्रा.वि. ,राक्सिराङ्ग-८ | १ | बसन्ती माया प्रजा | २०७२/०५/१८ | एस.एल.सी. |
| १७ | श्री प्राथमिक विद्यालय धुसाबगर,राक्सिराङ्ग-८ | १ | विष्णु माया तितुङ | २०७३/०१/०२ | कक्षा ९ |
| १८ | श्री धिराङ्ग आधारभूत विद्यालय राक्सिराङ्ग-७ | १ | कृपा प्रजा | २०७७/११/१६ | +२ |
| १९ | श्री बाराही प्राथमिक विद्यालय राक्सिराङ्ग-९ | १ | एलिजा थिङ्ग | २०७५/०३/०५ | एस.ई.ई. |
| २० | श्री जनज्योति प्रा.वि. काँकडा राक्सिराङ्ग-८ | १ | लक्ष्मी कुमारी तितुङ | २०७४/१२/०१ | +२ |
| २१ | श्री कालिका मा.वि., खैराङ्ग,राक्सिराङ्ग-९ | १ | रुद्र कुमारी अर्याल | २०६४/१०/०६ | +२ |
| २२ | श्री राष्ट्रिय मा.वि., सिलिंगे राक्सिराङ्ग-६ | १ | कृतिका दोङ | २०७१/११/११ | +२ |

| सि.नं. | विद्यालयको नाम ठेगाना | बालविकास शिक्षक संख्या | वाल विकास शिक्षकको नाम | नियुक्ति मिति | योग्यता |
|---|---|---|---|---|---|
| २३ | श्री प्रा.वि. लावती राक्सिराङ्ग-३ | २ | पार्वती स्याङ्तान | २०६५/१२/१३ | +२ |
| | | | प्राविका स्याङ्तान | २०७५/०२/२७ | एस.एल.सी. |
| २४ | श्री प्रा,वि. केराबारी राक्सिराङ्ग-३ | १ | सिता कुमारी दोङ | २०६८/०८/०१ | एस.एल.सी. |
| २५ | राष्ट्रीय प्रा.वि झिल्कीनी | २ | सावित्री साह | २०६५/११/१९ | +२ |
| | | | सिता सुनार | २०६३/०६/२२ | ७ पास |
| २६ | श्री कालिका प्रा.वि. दुंगु,राक्सिराङ्ग-१ | १ | माया देवी दोङ | २०७२/०१/१० | टेस्ट पास |
| २७ | श्री सूर्योदय मा.वि. सरिखेत,राक्सिराङ्ग-३ | १ | राधिका बानिया | २०६२/०३/०१ | +२ |
| २८ | श्री प्रजा प्रगती आ.वि. कुडुले राक्सिराङ्ग-२ | १ | बेली राना मगर | २०६८/०१/१९ | एस.एल.सी. |
| २९ | श्री ठुलोभावर आ.वि.सरिखेत,राक्सिराङ्ग-१ | १ | अनिता लामा | २०६७/११/२८ | एस.एल.सी. |
| ३० | श्री थुम्की प्रा.वि. भाटी,राक्सिराङ्ग-२ | २ | हरिमाया थापा | २०७१/११/१५ | +२ |
| | | | तुलसी नेपाली | २०७२/०९/०१ | एस.एल.सी. |
| ३१ | श्री गोगना देवी प्रा.वि. तर्सिकोट राक्सिराङ्ग-४ | १ | पुतली माया घलान | २०७२/०५/०१ | +२ |
| ३२ | श्री प्रजा जागृति आ.वि. चैनपुर राक्सिराङ्ग-५ | २ | लाल कुमारी योन्जन | २०६१/०७/०५ | एस.एल.सी. |
| | | | चाँदनी प्रजा | २०७१/०९/०२ | टेस्ट पास |
| ३३ | श्री आ.वि. देविटार राक्सिराङ्ग-४ | १ | शान्ति माया घलान | २०६९/०९/०८ | +२ |
| ३४ | श्री रास्ट्रिय प्रा.वि. लापुर राक्सिराङ्ग-४ | १ | सुमन सिंह गोङ्बा | २०६९/०५/१७ | +२ |
| ३५ | श्री भीमसेन प्रा.वि., भिमलटार राक्सिराङ्ग-४ | १ | नानी माया मुक्तान | २०६४/११/०५ | ए.एल.सी. |
| ३६ | श्री कालिका मा.वि. राक्सिराङ्ग-४ | १ | डिल्ली बहादुर स्याङ्तान | २०६३/१०/०१ | ए.एल.सी. |
| ३७ | श्री सुनाचुरी प्रा.वि.,चुरेडांडा राक्सिराङ्ग-५ | १ | चन्द्र माया गोम्बा | २०७१/०७/२० | ए.एल.सी. |
| ३८ | श्री रास्ट्रिय प्रा.वि.पन्जानी राक्सिराङ्ग-४ | १ | करुणा थिङ्ग | २०७७/१०/११ | +२ |
| ३९ | श्री प्राथमिक विद्यालय रानीवाङ्ग राक्सिराङ्ग-५ | १ | इन्दु कुमारी | २०६६/०१/२० | +२ |
| ४० | श्री विन्देश्वरी प्रा.वि.,भिन्देश राक्सिराङ्ग-४ | १ | रिचन कुमारी थिङ्ग स्याङ्तान | २०७८/०५/०१ | +२ |
| ४१ | श्री जयसिन्ताल प्रा.वि. राक्सिराङ्ग-४ | १ | शर्मिला ब्लोन | २०६५/११/१३ | ए.एल.सी. |
| ४२ | श्री बालजागृति प्रा.वि. राक्सिराङ्ग-१ | १ | शुशिला थापा मगर | २०७३/०२/०९ | ए.एल.सी. |
| ४३ | श्री नवजीवन प्रा.वि. ,राक्सिराङ्ग-५ | १ | प्रमिशा प्रजा | २०६५/०४/२५ | ८ पास |
| ४४ | श्री भुमेश्वरी प्रा.वि., भुमिथुम राक्सिराङ्ग-१ | १ | कृष्ण शरण थिङ | २०६७/०७/३० | +२ |
| ४५ | श्री विन्देश्वरी प्रा.वि.,राम्चे राक्सिराङ्ग-१ | १ | कान्छाराम चेपाङ् | २०७६/०२/०१ | +२ |
| ४६ | श्री जनप्रिय प्रा.वि. मैनटार राक्सिराङ्ग-३ | २ | सुनिता कुमारी शाही | २०७४/१०/०४ | ए.एल.सी. |
| | | | तिर्थ कुमारी ठकुरी | २०६४/०१/२१ | ८ पास |
| ४७ | श्री जनजागृति प्रा.वि. बिकुटार राक्सिराङ्ग-४ | १ | संच माया थिङ | २०७३/०१/०३ | ए.एल.सी. |
| ४८ | जम्मा | ५९ | | | |

अनुसूची २

## तहगत उद्देश्य, रणनीति या कार्यनीति र क्रियाकलाप तालिका

## प्रारम्भिक वालविकास र शिक्षा

| उद्देश्य | रणनीति | क्रियाकलाप |
| --- | --- | --- |
| १. प्रारम्भिक बालविकास शिक्षामा तोकिएको उमेर समुहका सबै बालवालिकाको सहज पहुँच सुनिस्चित गर्ने | १.१ सबै बालवालिकाको बालविकासमा पहुँच सुनिश्चित गर्नका लागि निर्धारित मापदण्ड, नर्म्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम संचालन गर्ने | १.१.१ प्ररम्भिक बालविकास तथा शिक्षाको न्युनतम मापदण्डको प्रबोधीकरण<br>१.१.२ पोषणयुक्त दिवा खाजाको व्यवस्था<br>१.१.३ स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार स्थानीय भाषाको प्रयोग |
| | १.२ विभिन्न लोपोन्मुख तथा सिमान्तकृत तथा विपन्न समुदायका बालवालिकाका लागि अभिभावक सचेतना जस्ता विभिन्न नमुना कार्यक्रम सञ्चालन गरी पहुँच सुनिश्चित गर्ने | १.२.१ वैकल्पिक प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन<br>१.२.२ बालबालिकाको स्वास्थ्यजाँच, खोप तथा स्वास्थ्यसम्बन्धी अभिलेख व्यवस्थापन, बृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने<br>१.२.४ अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने |
| | | |
| २. प्रत्येक टोलमा कम्तिमा एकवटा प्रारम्भिक वालविकास केन्द्रको व्यवस्था गर्ने | ३.१ कार्यक्रमको नक्शांकन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ बालविकास केन्द्र स्थापना गर्ने | ३.१.१ प्रारम्भिक बालविकास तथा शिक्षाकेन्द्रहरुको नक्साङ्कन तथा पुनर्वितरण<br>३.१.२ बालबालिका अभिलेखिकरण<br>३.१.३ नयाँ बालविकास केन्द्र स्थापना |
| | ३.२ प्रत्येक वडामा एक-एक वटा नमुना वालविकास केन्द्रहरु स्थापना गर्ने | ३.२.१ नमुना वालबिकास केन्द्र स्थापना कार्यविधि निर्माण<br>३.२.२ नमुना बालविकास केन्द्र स्थापनाको लागि विभिन्न संघसस्थासँग साझेदारी<br>३.२.३ नमूना वालविकास केन्द्र स्थापना |

अनुसूची २

| उद्देश्य | रणनीति | क्रियाकलाप |
|---|---|---|
| | ३.३ कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी संघसंस्था, निजी क्षेत्र र विद्यालयलाई जिम्मेवार बनाउने र उपलव्ध स्रोत परिचालन गर्ने | ३.३.१ परिवार, समुदाय, गैरसरकारी संघसंस्था, निजीक्षेत्रसँगको सहकार्य<br>३.३.२ अभिभावक शिक्षा |
| ४. सञ्चालनमा रहेका वालविकास केन्द्रहरूमा तोकिएको मापदण्ड अनुसारका अत्यावश्यक वालमैत्री भौतिक पूर्वाधार तथा खेल-शैक्षिक सामग्रीको व्यवस्था गर्ने | ४.१ बालविकास शिक्षकहरुलाई क्षमता विकासको लागि विभिन्न कार्यक्रम संचालन गर्ने र तालिम प्राप्त शिक्षकलाई कम्तिमा केहि समय टिकाउने र राख्ने व्यवस्था मिलाउने | ४.१.१ बालविकास पाठ्यक्रम प्रबोधीकरण<br>४.१.२ सहयोगी कार्यकर्ताहरुको योग्यता र क्षमता विकास |
| | ४.२ बालकक्षा व्यवस्थापन, कक्षा सजावट, शैक्षिक सामाग्रीहरुको व्यवस्थापन गर्न आवश्यक वित्तीय स्रोतको लागी पालिकाको वार्षिक वजेटमा व्यवस्था गर्ने | ४.२.१ पूर्वाधार निर्माण, मर्मत तथा व्यवस्थापन<br>४.२.२ सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामाग्री व्यवस्थापन |

अनुसूची २

## आधारभूत शिक्षा

| उद्देश्य | रणनीति | क्रियाकलाप |
|---|---|---|
| १. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चत गर्नु | १.१ विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरुको विवरण संकलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने | १.१.१ अपाङ्गता भएका विद्यार्थीलाई सहयोग<br>१.१.२ विपन्नका लागि ड्रेस, स्टेसनरीका लागि छात्रवृत्ति<br>१.१.३ विद्यालय बाहिर रहेको विद्यालय उमेरका बालबालिकाको तथ्याङ्ग संकलन |
| | १.२ बालबालिकालाई शिक्षामा पहुँच अभिबृद्धि गर्नका लागि प्रोत्साहनमुलक कार्यक्रमहरु सञ्चालन गर्ने | १.२.१ सबै बालबालिकालाई विद्यालय भर्ना |
| | १.३ विद्यालय नक्साङ्कन, पुनर्वितरण र समायोजन गर्ने | १.३.१ विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन |
| | १.४ विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने | १.४.१ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवाखाजाको प्रबन्ध |
| २. सबै बालबालिकाहरुमा न्यूनतम सिकाई उपलब्धी हासिल हुनेगरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु | २.१ न्युनतम सिकाई उपलब्धी हासिल गर्न आवधिक रुपमा सिकाईको मूल्याङ्कन गर्ने | २.१.१ विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण |
| | २.२ कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने | २.२.१ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यन्वयन<br>२.२.२ कक्षा ३ सम्म कक्षा शिक्षणको व्यवस्था |
| | २.३ विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने | २.३.१ सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, समाग्री तथा क्षमता विकास<br>२.३.२ शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना |

अनुसूची २

| उद्देश्य | रणनीति | क्रियाकलाप |
|---|---|---|
| | २.४ अन्तरसम्बन्धित विषयवस्तुहरुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप संचालन गर्न सिकाइ सामाग्री, विधि तथा क्रियाकलापमा परिमार्जन तथा सुधार गर्ने | २.४.१ सन्दर्भ सामग्रीको व्यवस्था<br>२.४.२ सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन |
| | २.५ आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने | २.५.१ मापदण्ड अनुसार शिक्षक व्यवस्था<br>२.५.२ शिक्षकककाे क्षमता विकास<br>२.५.३ शिक्षक विकास तथा सहायता प्रणालीको पुनःसरंचना<br>२.५.४ विव्यस,शिअसंका पदाधिकारीहरुको क्षमता विकास |
| ३. आधारभूत तहको शैक्षिक वातावरण बालमैत्री, सिकाईमैत्री, समाबेशी र सुरक्षित बनाउनु | ३.१ विद्यालयहरुमा खानेपानी, शौचालय तथा सरसफाईको उचित प्रवन्ध सहित न्युनतम भौतिक सुविधा सुनिश्चित गर्ने | ३.१.१ विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास<br>३.१.२ विद्यालयको भौतक पूर्वाधार मर्मत तथा व्यवस्थापन |
| | ३.२ सबै विद्यालयमा प्राथमिकता प्राप्त न्युनतम आवश्यकता पुरा गर्ने | ३.२.२ पाठ्यपुस्तकको व्यवस्था<br>३.२.३ विद्यालय फर्निचर तथा अन्य आवश्यक सामाग्री व्यवस्थापन |
| | ३.३ विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगाएतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने | ३.३.१ विद्यालयको उत्थानशील योजना निर्माण तथा कार्यान्वयन<br>३.३.२ प्रकोप तथा संकटमा वैकल्पक शिक्षा कार्यक्रम |
| | ३.४ विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने | ३.४.२ अभिभावक शिक्षा कार्यक्रम<br>३.४.३ किशोर किशोरी मनोसामाजिक परामर्श कार्यक्रम |

अनुसूची २

| उद्देश्य | रणनीति | क्रियाकलाप |
| --- | --- | --- |
| | ३.५ विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाई वातावरण तयार गर्ने | |

अनुसूची २

## माध्यमिक शिक्षा

| उद्देश्य | रणनीति | क्रियाकलाप |
|---|---|---|
| १. माध्यमिक शिक्षामा समतामुलक पहुँच तथा सहभागिता सुनिस्चित गर्नु | १.१ माध्यमिक तहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार विद्यालयहरुको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने | १.१.१ निशुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानुन, कार्यविधि र निर्देशिकाको प्रवोधिकरण<br>१.१.३ विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर |
| | १.२ विद्यार्थीलाई विद्यालयमा पहुँच वृद्धि गर्न विभिन्न प्रोत्साहन मुलक कार्यक्रम संचालन गर्ने | १.२.१ सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने<br>१.२.२ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम<br>१.२.३ निःशुल्क माध्यमिक शिक्षा सुनिश्चितताका लागि पाठ्यपुस्तक, पोसाक तथा स्टेसनरी, दिवाखाजा,छात्रवृत्ति र सिकाइ सामग्रीको व्यवस्था<br>१.२.४ लक्षित बालबालिकाहरुका लागि आवासीय प्रबन्ध |
| | १.३ विद्यालय बाहिर रहेका बालबालिकाहरुका लागि वैकल्पिक माध्यमका शैक्षिक कार्यक्रम संचालन गर्ने | १.३.१ विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन<br>१.३.२ अपाङ्गता भएका विद्यार्थीलाइ सहयोग |
| २. माध्यमिक शिक्षाको आन्तरिक सक्षमता र गुणस्तर सुधार गर्नु | २.२ शिक्षकको पेशागत विकास तथा सहयोगको व्यवस्था गर्ने | २.१.१ शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना |
